# भूमे गाउँपालिका रुकुम (पूर्व)को एकीकृत

# गुरुयोजना

२०७५

www.bhumemun.gov.np

गाउंपालिकामा पेश गरेको मितिः २०७५/०१/१५

गुरुयोजना टोली सदस्यहरु

टोली नेता, सोमत घिमिरे

सदस्य, इन्जिनियर दीपक बुढा

सदस्य, नारायण गिरी

www.bhumemun.gov.np

# गुरुयोजना टोलीको तर्फबाट

भुमे गाउँपालिकाको गुरुयोजना निर्माणको क्रममा शुरुमा स्थलगत अध्ययन कार्यक्रमको आयोजना गरिएको थियो । जहाँ व्यक्तिगत अन्तर्वार्ता, सामूहिक छलफल राखिएका थिए । जसले गर्दा गुरुयोजना निर्माण टोलीलाई धरातलीय यथार्थसँग साक्षात्कार गर्न मद्दत मिलेको थियो । त्यही कारणले यो गुरुयोजना विज्ञको मात्रै सल्लाह, सुझाव र सिफारिसमा बनेन । आफ्ना लागि आफैले बनाएको गुरुयोजना हो यो गुरुयोजना । यस गुरुयोजनाले गुरुयोजना निर्माणका परम्परागत मान्यताहरु भत्काएको छ । ज्ञान र विचारहरु बाहिरबाट अर्थात् विशेषज्ञबाट मात्रै आयात गर्ने परम्परालाई ठाडै चुनौती दिएको छ । गुरुयोजना निर्माणको क्रममा ५० जनाभन्दा बढी सहभागीले ५ दिन १२ घण्टाभन्दा बढी सोंच, विचार र चिन्तन गरे । यो गुरुयोजना तिनै सहभागीहरुको मान्यतामा, चिन्तनमा, ज्ञानमा, पुराना अनुभवमा आधारित भएकोले यसको जग सोझै समाजमा छ अर्थात् यस गुरुयोजनाले समाजका थुप्रै अप्ठ्याराहरुलाई छिचोल्दै, संघर्ष गर्दै जन्म लिएको छ । सम्भवत आफ्ना लागि आफैले गुरुयोजना बनाएको नौलो घटना हो यो ।

लामो समयको विकासको प्रक्रियाले विकासलाई आयात गर्ने विषय मान्यो । कतिबेला विकास कोसेलीको पनि विषय बन्यो । यस्ता विकासका प्रक्रियाहरु र मान्यताहरु सामाजिक यथार्थताको लयमा ढल्न सकेनन् त्यसैले नेपालमा वर्गीय विभेद, जातीय विभेद, महिला पुरुषबीचको विभेद, क्षेत्रीय विभेदहरु प्रभावकारी रुपमा कम हुन सकेनन् । स्थानीय अर्थतन्त्र मजबुत हुन सकेन । गाउँमा बस्ने मानिसहरुले आफूलाई गर्व गर्न सकेनन् । विकासको प्रक्रियाले सीमान्तकृत समुदायमा झन् हिनताबोध थप्दै गयो ।

यही प्रक्रियालाई ख्याल गरी यो गुरुयोजना निर्माण स्थानीय अर्थतन्त्रलाई बृद्धि गर्न, सामाजिक न्यायमा आधारित समाज निर्माण गर्न अगाडि बढेको छ । कृषियोग्य जमिन वर्षैपिच्छे गैरकृषिमा रुपान्तरित भइरहेको छ । यस गुरुयोजनाले यस प्रक्रियालाई रोकेको छ । जमिनको वर्गीकरण र उचित प्रयोग, व्यवस्थित बसोबास, प्राकृतिक स्रोतको संरक्षण, व्यवस्थापन र उपयोगलाई यसले प्रमुख रुपमा अगाडि सारेको छ । स्थानीय विशेषतामा आधारित कृषिलाई प्रवर्द्धन गर्दै कृषिमा पारिवारिक कृषिलाई जोड दिँदै जहाँ जे फल्छ त्यही लगाउने मान्यतामा आधारित भएर पकेट क्षेत्रको मान्यतालाई अगाडिसारेको छ । किसानको पहिचान र वर्गीकरण जस्ता सर्वाधिक महतवका सवालहरुलाई पहिलो पटक गाउँपालिकाले व्यवस्थित गरेको छ । हालसम्म राज्यको सुविधाबाट बञ्चित रहेका किसानहरुलाई सोझै अनुदान र प्राविधिक सेवाको प्रस्ताव गरेको छ । यो नयाँ मात्रै होइन, रोमाञ्चकारी पनि छ ।

नेपालको संविधानले समाजवादउन्मुख राज्यव्यवस्थाको कल्पना गरेको छ । समाजवादउन्मुख राज्यव्यवस्थामा शिक्षा र स्वास्थ्य राज्यको दायित्वभित्र पर्दछ । यस गाउँपालिकाले सार्वजनिक शिक्षालाई व्यवस्थित पार्नको लागि शिक्षा स्वयम्सेवक, विद्यालय व्यवस्थापन समितिको सक्रियता, अभिभावकको सक्रियता, स्थानीयतामा आधारित पाठ्यक्रम र विद्यालय अभिभावकको स्वामित्वमा ल्याउनुपर्ने प्रस्ताव प्रस्तुत गरेको छ । यसैगरी स्वास्थ्यमा परम्परागत स्वास्थ्य पद्दतिसहित आधारभूत स्वास्थ्य सेवालाई स्थानीय सरकारले ग्यारेन्टी गरेको छ । स्वास्थ्य स्वयम्सेवक मार्फत् स्थानीय समुदायमा जागरण गर्ने, परम्परागत जडिबुटीहरुको संरक्षण, व्यवस्थापन र उपयोग गर्ने मौलिक बाटो लिएको छ । स्वास्थ्यका

www.bhumemun.gov.np

लागि नागरिक स्वास्थ्य चौकीमा होइन, स्वास्थ्य स्वयम्सेवक नागरिकका घर पुग्ने प्रावधानलाई मान्यताका रुपमा अगाडि बढाएको छ ।

भौतिक पूर्वाधारको हकमा सबैको पहुँचमा भौतिक पूर्वाधार पुर्‍याउने तर भौतिक पूर्वाधारको निर्माण गर्दा प्राकृतिक स्रोत र कृषियोग्य जमिन नष्ट नगर्ने अत्यन्तै मौलिक मान्यता अगाडि सारेको छ। एक घर एक खानेपानीको धारा, सम्भव भएजति जग्गामा सिंचाई गर्ने, विपद् व्यवस्थापनमा समुदायलाई जिम्मेवार बनाउँदै सरकार र समुदायको सहकार्यमा हुने मान्यतालाई प्रस्तुत गरेको छ । समुदायलाई हस्तान्तरण गर्न मिल्ने वनहरु समुदायलाई हस्तान्तरण गर्ने र बाँकी रहेका वन पालिकाले आफै उत्पादनमूलक रुपमा व्यवस्थापन गर्ने मूल मन्त्र रहेको छ । नेपालको इतिहासमा नै पहिलो पटक एउटा गाउँपालिकाले समुदायद्वारा संरक्षित क्षेत्रको प्रस्ताव गरी आदिवासी जनजाति समुदायको हकमा दृढतापूर्वक उभिएको छ ।

युवा मानवशक्तिको विकासको प्रक्रियामा साझेदारी हुन नसकेको मान्यतालाई आत्मसात् गर्दै यस गुरुयोजनाले स्थानीय स्रोतमा आधारित भएर युवाहरुलाई रोजगारी होइन स्वरोजगारको बाटोमा सहजीकरण गर्ने मान्यता प्रस्ताव गरेको छ । युवाहरुसँग रहेको अथाह उर्जालाई विज्ञतामा परिणत गर्दै दक्ष मानवशक्ति उत्पादन यसको एउटा प्रमुख विशेषता रहेको छ। युवाहरुलाई दक्षताको बाटोमा उद्यमीको बाटोमा र खेलकुदको क्षेत्रमा सहजीकरण गर्न यस गुरुयोजना दृढतापूर्वक उभिएको छ। यसैगरी पर्यटनलाई प्रकृति, संस्कृति र युद्धस्थलहरुमा आधारित युद्ध पर्यटनको बढावा दिँदै स्थानीय विशेषताअनुसारको मौलिक पर्यटनको बाटो लिएको छ । जसले स्थानीय अर्थतन्त्रलाई बलियो बनाउँदै गरिबी निवारणमा ठूलो टेवा पुग्न सक्छ। अझ रोचक त के छ भने पर्यटनमा स्थानीय युवा व्यवसायीहरुलाई प्राथमिकता मात्रै होइन, स्थानीय निजी क्षेत्रलाई पनि सहजीकरण गर्ने बाटो लिएको छ। तर पर्यटनमा बाहिरिया हस्तक्षेप भने धेरै रुचाएको छैन। बाहिरिया हस्तक्षेपले प्राकृतिक स्रोतको दोहोन हुन सक्ने सम्भावनालाई ख्याल गरी, स्थानीय भाषा, संस्कृति र अर्थतन्त्रलाई लथालिंग बनाएको पाठ सिक्दै यसले स्थानीय भाषा, संस्कृति, अर्थतन्त्रलाई प्रवर्द्धन गर्ने गरी प्रस्ताव अगाडि सारेको छ। कम खर्चमा स्थानीय स्रोतमा आधारित, स्थानीय मानवशक्तिले भ्याउने, स्थानीय ज्ञानमा आधारित औद्योगिकरणको मान्यता अगाडि सारेको छ । जसलाई गुरुयोजनाले ग्रामीण औद्योगिकरणको परिभाषित गरेको छ । ग्रामीण औद्योगिकरणको माध्यमबाट थोरै व्यक्तिले मात्रै भाग लिएको औद्योगिकरणको प्रक्रिया होइन, धेरै भन्दा धेरै व्यक्तिहरु औद्योगिकरण प्रक्रियामा सहभागी हुन सकुन र स्थानीय अर्थतन्त्रको माध्यमबाट समाजवादउन्मुख राज्यव्यवस्थालाई स्थानीय तहबाटै योगदान पुगोस् भन्ने यस गुरुयोजनाको भित्री मर्म रहेको छ । यस गुरुयोजनाले समाजवाद कहिंबाट आउने कोसेली होइन, समाजवाद स्थानीय तहबाटै बुन्दै, निर्माण गर्दै समाजवादमा पुग्ने लक्ष्य लिएको छ ।

यस गुरुयोजना निर्माणको क्रममा सबैभन्दा पहिलो धन्यवाद ती स्थानीय समुदायलाई दिन चाहन्छु छोटो समयमा जसले मलाई जीवनका सबै भोगाइहरु बताएर दिक्षित गरे । यस भुमे गाउँपालिकाका जनप्रतिनिधिहरु स्वतः धन्यवादका पात्र हुनुहुन्छ। जसले आफ्नो धरातल, आफ्नो भूगोल, आफ्नो प्रकृति, संस्कृति, आफ्ना सामाजिक अन्तरविरोध, आफ्ना आर्थिक अन्तर्विरोधहरुलाई ख्याल गरी गुरुयोजना निर्माणको प्रक्रियामा सक्रिय नेतृत्व लिनु भयो । उहाँहरु धन्यवादका पात्र हुनुहुन्छ। जसले मलाई अथाह

ज्ञान प्रदान गरी गुरुयोजना निर्माणको क्रमलाई सहज बनाउनु भयो । लामो समय राजनीतिक प्रक्रियामा सहभागी यस भुमे गाउँपालिकाका अध्यक्ष रामसुर बुढाको लगनशीलता, सैद्धान्तिक अवधारणा र उहाँको विशेष दक्षताले गुरुयोजनामा महतवपूर्ण भूमिका खेल्यो उहाँ धन्यवादको पात्र हुनुहुन्छ । त्यसैगरी गाउँपालिका उपाध्यक्ष मन कुमारी बुढा विष्ट धन्यवादको पात्र हुनुहुन्छ । जिल्ला समन्वय समितिका उपप्रमुख भीम कुमारी पुनको स्थानीय धरातलीय ज्ञानले यस गुरुयोजनालाई समृद्ध बनाउन धेरै मद्दत पुगेको छ ।

यस गुरुयोजना निर्माणको क्रममा मेरो टोलीमा बसेर काम गर्ने नारायण गिरी, इन्जिनियर दिपक बुढा धन्यवादका पात्र हुनुहुन्छ । यसैगरी मेरा मित्र नीमबहादुर बुढाथोकीको प्राविधिक सहयोगलाई मैले धन्यवाद दिएर मात्रै पुग्दैन तर दिने अरु केही छैन । निम धन्यवादका पात्र छन् ।

पूर्वी रुकुम जिल्लाबाट प्रतिनिधिसभा सदस्य मा.कमला रोका जसले यो गुरुयोजना निर्माणको क्रममा यथार्थ धरातल मलाई प्रस्तुत गर्न मद्दत गर्नु मात्रै भएन गुरुयोजनाप्रति अत्यन्तै चासोपूर्वक छलफलमा सहभागी हुनुभयो । आफ्ना विचारहरु राखेर मलाई यस प्रक्रियामा धेरै ठूलो गुण गर्नु भएको छ । यसैगरी पूर्व सभासद् तथा पूर्व आपूर्ति मन्त्री गणेशमान पुनले वैचारिक, सैद्धान्तिक, धरातलीय यथार्थको जानकारी मात्रै नभएर यस गुरुयोजनालाई समृद्ध बनाउन अत्यन्तै ठूलो भूमिका खेल्नुभयो । उहाँको वैचारिक, सैद्धान्तिक र व्यवस्थापकीय सहयोगका कारणले यो गुरुयोजना यति गहिरो र गम्भीर रुपमा आउन सफल भएको छ । उहाँलाई म हृदयदेखि धन्यवाद दिन चाहन्छु ।

अहिलेसम्मको विकासको मूल्य र मान्यतालाई यस गुरुयोजनाले स्थानीय परिवेश र संस्कृतिमा आधारित भएर चुनौती दिएको छ अर्थात् विकासलाई स्थानीयस्तरमा नै परिभाषित गर्नुपर्ने जबर्जस्त मान्यतालाई अगाडि सारेको छ । विकासको परिभाषा, विज्ञहरुबाट आयात गरिने वा पश्चिमा देशहरुबाट आयात गरिने विषय होइन, यो त बृहद् सामुदायिक अन्तक्रिया, सामाजिक विश्लेषण, प्रकृति र संस्कृतिको उचित समन्वयबाट स्थानीयस्तरमा स्थानीय अनुभव र ज्ञानले परिभाषित गर्ने कुरालाई अगाडि सारेको छ । यस गुरुयोजनामा केही गल्ती भए टोली नेताको हैसियतले त्यो मेरै गल्ती हो । म गल्तीलाई अन्यत्र कतै सार्ने कोशिस गर्दिन । मेरा ज्ञानका सिमा र अनुभवका सीमाले कहीं कमजोरी भए म क्षमा माग्न चाहन्छु । र अन्त्यमा यसप्रक्रियामा जोडिने सबैलाई धन्यवाद ।

सोमत घिमिरे<br>टोली नेता<br>गुरुयोजना निर्माण टोली

www.bhumemun.gov.np

# भूमे गाउँपालिका एकीकृत गुरुयोजना

## जिल्लाको भौगोलिक स्थिति

नेपालको मध्यपश्चिम क्षेत्रअन्तर्गत प्रदेश नं. ५ मा रहेको रुकुम (पूर्व) जिल्ला नेपालको मानचित्रमा हेर्दा ८२ डि. ३५ मि. देखि ८३ डि. १० मि. पुर्वी देशान्तरसम्म र २८ डि. २८ मि. देखि २९ डि. ०० मि. उत्तरी अक्षांशसम्म फैलिएको छ। समुद्री सतहबाट उचाई ७२४६ मी.सम्म रहेको छ भने, सदरमुकाम (रुकुमकोट) को समुद्र सतहबाट उचाई १६५० मी. रहेको छ। जिल्लाको कुल क्षेत्रफल २९३१८२ हेक्टर रहेको छ। यो जिल्लामा समशितोष्ण र शितोष्ण हावापानी रहेको छ। यस जिल्लामा औषत वार्षिक वर्षा १८०० मि. मि. देखि २६०० मि. मि. सम्म रहेको छ। त्यसैगरी जिल्लाको तापक्रम ०.२ देखि ३४ डिग्री सेल्सियससम्म रहेको छ। प्राकृतिक हिसाबले यो जिल्ला हिमाल, लेक, पहाड र वेशी गरी चार भौगोलिक स्वरुपमा विभाजित छ। *(स्रोत : जिल्ला समन्वय समिति पूर्वी रुकुमको प्रतिवेदन)*

नयाँ संविधान निर्माणसँगै कार्यान्वयनको क्रममा २०७४ साल असोज १९ गते समग्र रुकुमको पूर्वी क्षेत्रलाई समेटी ५ नं. प्रदेशअन्तर्गत यसलाई ७७औं नयाँ जिल्लाको रूपमा घोषणा गरिएको हो। यो जिल्लाको सीमाना पूर्वमा बाग्लुङ र म्याग्दी, पश्चिममा रुकुम (पश्चिम), उत्तरमा डोल्पा र दक्षिणमा रोल्पासँग जोडिएको छ।

राजनैतिक रूपमा संघको १ र प्रदेशको २ निर्वाचन क्षेत्रमा विभाजन गरिएको यो जिल्लाको सदरमुकाम सिस्ने गाउँपालिकाअन्तर्गत रहेको रुकुमकोटमा रहेको छ। यस जिल्लामा जम्मा ३ वटा गाउँपालिकाहरु रहेका छन् भने, अहिलेसम्म नगरपालिका रहेको छैन। यसलाई हिमाली जिल्लाको रूपमा वर्गीकरण गरिएको छ। ३ वटा गाउँपालिकाहरुमा पुथाउत्तरगंगा, भूमे र सिस्ने रहेका छन्। नयाँ जिल्ला र नयाँ गाउँपालिका भएकोले तथ्यांकमा यसले आफूलाई धेरै संगठित गर्न सकेको छैन। यस गाउँपालिकाको भूउपयोगको स्थिति, उद्योग, सहकारी, गरिबीको विश्लेषण विषयहरु सन्दर्भ सूचीमा राखिएका छन्।

## प्रक्रिया

### १. तथ्यांक विश्लेषण

रुकुमपूर्व नयाँ जिल्ला हो। यस जिल्लाले आफूलाई तथ्यांकगत रूपमा संगठित गर्न सकेको छैन। यद्यपी यस गुरुयोजना निर्माणको क्रममा सिंगो रुकुमको तथ्याङ्कबाट पूर्वी रुकुमको तथ्याङ्क निकाल्ने काम भयो। पूर्वी रुकुमको तथ्याङ्क संगठित गरिसकेपछि त्यस तथ्याङ्कलाई प्रत्येक गाउँपालिकाको ढाँचामा

www.bhumemun.gov.np

यस टोलीले लग्यो । जसको तथ्याङ्क विवरण सन्दर्भ सामग्रीमा राखिएको छ । सबभन्दा पहिलो काम तथ्याङ्क विश्लेषण गर्ने काम भयो ।

## २. विषयवस्तुको छनौटको प्रक्रिया

तथ्याङ्कहरुको विश्लेषणपछि विषयवस्तुको छनौट गरियो । गुरुयोजना निर्माणले समेट्नुपर्ने विषयहरुको छनौट गर्दा प्रतिनिधिसभा सदस्य, पूर्व संविधानसभा सदस्य, गाउँपालिकाका अध्यक्ष र राजनीतिक दलका व्यक्तिहरुसँग परामर्श गरियो । परामर्शका आधारमा निम्न विषयवस्तुहरु छनौट गरियो ।

## ३. केन्द्रीयस्तरका विज्ञहरुसँग छलफल

यस गुरुयोजना निर्माण टोलीले गुरुयोजनामा समावेश विषय विज्ञहरुसँग काठमाडौंमा बेग्लाबेग्लै छलफल भयो । जसमा पर्यटन, शिक्षा, स्वास्थ्य, वन, कृषि, युवा, औद्योगिकरण जस्ता विषयहरुमा विज्ञहरुसँग छलफल भयो । यस छलफलको मुख्य उद्देश्य सबै विषयविज्ञहरुलाई सम्बन्धित गाउँपालिकामा उपस्थित गराउन नसकिने हुँदा गुरुयोजना निर्माण टोलीले विषयविज्ञहरुसँग छलफल गरी विचार परिपक्व बनाउनका लागि थियो ।

## ४. समूहको बुझाइको एकरुपता गर्न छलफल

गुरुयोजना निर्माण टोलीका सदस्यहरुको बुझाइमा एकरुपता ल्याउनको लागि काठमाडौंमा विभिन्न चरणमा छलफल भयो । यस छलफलको मुख्य मर्म स्थानीय अर्थतन्त्रको बढावा, भूउपयोग योजना, सामुदायिक शिक्षा र स्वास्थ्यको स्तरउन्नति, पर्यटनका मान्यता, स्वास्थ्य, युवा सहभागिताका सवालमा लिनुपर्ने बाटोहरुमा एकरुपता कायम गर्नु थियो । टोलीमा एकरुपता कायम हुन सकेन भने गुरुयोजनाले सही दिशा नलिने ठम्याइका आधारमा यस्तो छलफल कार्यक्रम राखिएको थियो ।

## ५. स्थलगत अध्ययन

गुरुयोजना निर्माणको क्रममा हुने औपचारिक गोष्ठीभन्दा अगाडि स्थलगत अध्ययन कार्यक्रम राखिएको थियो । जसमा स्थानीय किसान समूह, महिला समूह, दलित समुदाय, प्राकृतिक स्रोतको नजिक रहेको स्थानीय समुदायसँग छलफल गरिएको थियो । स्थानीय समुदायको मनोविज्ञान, उत्पादनको विगतको अवस्था र हालको अवस्थाको तुलनात्मक अध्ययन, युवा संलग्नताका क्षेत्रहरु, प्राकृतिक स्रोतको व्यवस्थापनमा समुदायको भूमिका, शिक्षा स्वास्थ्यको अहिलेको वास्तविक धरातल गुरुयोजना निर्माण टोलीले बुझ्न जरुरी थियो । अन्यथा वास्तविक धरातलविना गुरुयोजना बन्ने खतरालाई न्यूनीकरण गर्न यसको स्थलगत अध्ययन आयोजना गरिएको थियो ।

## ६. लक्षित समूह छलफल

www.bhumemun.gov.np

कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, युवा, प्राकृतिक स्रोत व्यवस्थापन, औद्योगिकरण, भूउपयोग योजना, भौतिक पूर्वाधारका विषयहरुमा लक्षित समूहसँग समूहगत छलफल गरिएको थियो । यस्तो छलफल कार्यक्रमले गुरुयोजना बनाउन दिशानिर्देश गरोस् भन्ने अभिप्रायले गरिएको थियो ।

## ७. व्यक्तिगत अन्तर्वार्ता

यस गुरुयोजना निर्माणको क्रममा थुप्रै व्यक्तिगत अन्तर्वार्ताहरु गरिए । कृषि विषयमा बुढापाका किसानसँग पहिलाको उत्पादनको अवस्था र हालको अवस्था जस्ता विषयहरु समेटिएका थिए भने वन र पानीको मुहान नजिक बस्ने व्यक्तिहरुसँग प्राकृतिक स्रोत व्यवस्थापनबारे अन्तर्वार्ता गरिएको थियो । शिक्षक, युवा, दलित, महिला, जनजातिहरुसँग विषयअनुसार व्यक्तिगत अन्तर्वार्ताहरु गरिएका थिए ।

## ८. औपचारिक गोष्ठी

भुपे गाउँपालिकामा औपचारिक गोष्ठी ५ दिनको राखिएको थियो । जुन गोष्ठीमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष लगायत वडाअध्यक्ष, दलित, महिला, जनजाति, युवाका प्रतिनिधि र राजनीतिक दलका प्रतिनिधिहरु पनि समावेश थिए । यस गोष्ठीलाई सहभागीमूलक हिसाबले सञ्चालन गरिएको थियो । विज्ञले सेवा प्रदान गर्नुभन्दा पनि यथार्थ धरातलमा सहभागीहरुकै विचार, मान्यता, प्रक्रियामा आधारित रहेर गोष्ठी सञ्चालन भएको थियो ।

## ९. स्थानीयस्तरमा कार्यरत सरकारी कर्मचारीहरुको उपस्थिति

विषयगत हिसाबले स्थानीयस्तरका कर्मचारीहरुलाई निम्ता गरिएको थियो । शिक्षाको सत्रमा शिक्षक, स्रोत व्यक्तिलाई निम्ता गरिएको थियो भने स्वास्थ्य क्षेत्रमा स्वास्थ्यमा कार्यरत कर्मचारीलाई निम्ता गरिएको थियो । यसैगरी सबै विषयलाई यही ढाँचामा लगिएको थियो ।

## १०. प्रतिवेदन निर्माण प्रक्रिया

औपचारिक गोष्ठी समापनपछि जिरो ड्राफ्टका रुपमा गाउँपालिकालाई प्रतिवेदन बुझाइएको थियो ताकि त्यो ड्राफ्ट अध्ययन गरेर अन्तिम प्रतिवेदनलाई गाउँपालिकाले राम्रोसँग योगदान गर्न सक्ने छ भन्ने मान्यताले जिरो ड्राफ्ट बुझाइएको थियो । जिरो ड्राफटलाई प्रारम्भिक मस्यौदामा परिणत गरी प्रारम्भिक मस्यौदा उपर गाउँपालिकाको टिप्पणीलाई समेटेर अन्तिम मस्यौदा तयार गरिएको छ ।



www.bhumemun.gov.np

**गुरुयोजनाले समेटेका विषयहरु**

गुरुयोजना निर्माणले समेट्नुपर्ने विषयहरुको छनौट गर्दा प्रतिनिधिसभा सदस्य, पूर्व संविधानसभा सदस्य, गाउँपालिकाका अध्यक्ष र राजनीतिक दलका व्यक्तिहरुसँग परामर्श गरियो । परामर्शका आधारमा निम्न विषयवस्तुहरु छनौट गरियो ।

१. गुरुयोजनाका मूल्य-मान्यता

२. भूउपयोग योजना

३. भौतिक पूर्वाधारको अवस्था विश्लेषण गरी आगामी बाटो पहिचान गर्ने ।

४. कृषिका समस्या, समाधान र प्रक्रिया

५. पर्यटन क्षेत्रको विकासको लागि लिनुपर्ने मान्यता र पर्यटन पर्वद्धन गर्न अगाडि बढाइने योजना

६. सामुदायिक शिक्षाका समस्या, चुनौती र स्थानीय सरकारले सम्बोधनका लागि लिने आगामी बाटो

७. सामुदायिक स्वास्थ्यका समस्या, चुनौती र स्थानीय सरकारले अवलम्बन गर्नुपर्ने बाटो ।

८. ग्रामीण औद्योगिकरणको प्रक्रिया, सिद्धान्त र आगामी बाटो ।

९. युवा संलग्नताका क्षेत्रहरु (खेलकुद, उद्यम, कृषि, पर्यटन र सहकारी, संस्कृति) विषयगत दक्षता ।

१०. सूचना संचार प्रविधि ।

११. प्राकृतिक श्रोत व्यवस्थापन ।

**यस गुरुयोजनाका सोंच, लक्ष्य र उद्देश्य निम्नअनुसार छन् ।**

**सोंच**

ग्रामीण अर्थतन्त्रलाई बढावा दिंदै आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक रूपान्तरण गर्दै नेपालको संविधानले परिकल्पना गरेको समाजवादमा पुग्नका लागि योगदान गर्ने ।

**लक्ष्य**

आत्मनिर्भर, समृद्धि र सामाजिक न्यायमा आधारित समाजको निर्माण गर्ने ।

www.bhumemun.gov.np

## उद्देश्य

१. भूउपयोग योजना निर्माण गर्ने ।

२. प्राकृतिक स्रोत र कृषियोग्य जग्गा नष्ट नहुने गरी भौतिक पूर्वाधारले समुन्नत गाउँपालिका बनाउने ।

३. कृषक सशक्तिकरण गर्न किसान वर्गीकरणको माध्यमबाट स्थानीय विशेषतामा आधारित बाली प्रवर्द्धन गर्दै पकेट क्षेत्र, सार्वजनिक जग्गामा सामुदायिक खेतीपाती गर्दै किसानलाई सोझो अनुदान, सहकारीमार्फत् बजारीकरण गरी कृषि उत्पादन बढाउनु र आत्मनिर्भर गाउँपालिका बनाउनु ।

४. स्थानीय अर्थतन्त्र मजबुत बनाउने गरी स्थानीय मौलिक विशेषतामा आधारित अर्थात् प्रकृति, संस्कृति र युद्ध पर्यटनलाई प्रवर्द्धन गरी समुदायको जीविकाको स्तर माथि उठाउने ।

५. सामुदायिक शिक्षालाई सबैलाई शिक्षा र गुणस्तरीय शिक्षाको अभिवृद्धि गर्ने ।

६. गाउँपालिकाले आधारभूत स्वास्थ्य सेवा प्रदान गर्दै परम्परागत उपचार पद्धतिलाई मान्यता र प्रवर्द्धन गर्दै स्वास्थ्यमा सबैको पहुँच र गुणस्तरको बृद्धि गर्ने ।

७. गाउँपालिकाको सहजीकरणमा स्थानीय स्रोत साधनमा आधारित साना उद्योगहरु खोली ग्रामीण औद्योगिकरणको प्रक्रियाबाट औद्योगिकरणमा प्रवेश गर्ने ।

८. युवाहरुको विदेश पलायनलाई रोक्न कोशिस गर्नका लागि युवाहरुको विषयगत दक्षता, प्राविधिक दक्षता, युवा उद्यमी प्रवर्द्धन गर्ने र खेलकुदको क्षेत्रमा प्रोत्साहित गर्न गाउँपालिकाले सहजीकरण गर्ने ।

९. युवाहरुलाई स्थानीय कला, संस्कृति, भाषा संरक्षण र प्रवर्द्धनका लागि अनुकूल वातावरण तयार पार्ने ।

## गुरुयोजनाका निर्देशक सिद्धान्तहरु

औपचारिक छलफलको शुरुवात गुरुयोजनाका निर्देशक सिद्धान्तहरुबाट भएको थियो । निर्देशक सिद्धान्त निर्माण गरेपछि गुरुयोजना निर्माणको प्रक्रिया सैद्धान्तिक ढाँचामा बाँधिन्छ भन्ने यसको उद्देश्य थियो । विषयगत छलफलहरुमा पनि निर्देशक सिद्धान्तले छलफललाई संगठित, सैद्धान्तिक बनाउन मद्दत गर्दछ भन्ने दृष्टिकोणबाट गुरुयोजनाको निर्देशक सिद्धान्त तय गरिएको थियो । निर्देशक सिद्धान्त निम्नअनुसार छन्,

www.bhumemun.gov.np

१. योजना निर्माण प्रक्रिया, विकासको प्रतिफल, योजनागत संरचनाहरु समावेशी अवधारणामा आधारित हुनुपर्दछ ।
२. योजना निर्माण प्रक्रिया छेउ लगाइएका महिला, दलित, जनजाति, गरिब, सीमान्तकृत समुदायको नेतृत्वमा सहभागीतामूलक प्रक्रियाबाट हुनुपर्दछ ।
३. गुरुयोजना निर्माण गर्दा सकारात्मक विभेद, समता र सामाजिक न्यायको सिद्धान्तलाई आधार मानेर गरिनु पर्दछ र कार्यान्वयन पनि सकारात्मक विभेद, समता र सामाजिक न्यायको सिद्धान्तमा टेकेर गरिनेछ ।
४. नागरिकमा विश्वास गरेर, नागरिक सक्रियतालाई बढाएर नागरिककै नेतृत्वमा विकास अभियान संचालन गरिने छ ।
५. स्थानीय विशेषता, माटो, प्रकृति र संस्कृतिका आधारमा खेतीपाती प्रवर्द्धन गरिनेछ । अर्थात् जहाँ जे फल्छ, माटोको प्रकृति जस्तो छ त्यही अनुसारको खेतीपातीलाई बढावा दिइनेछ ।
६. स्थानीय उत्पादन वृद्धि गरी स्थानीय अर्थतन्त्रलाई सुदृढ हुने गरी विकासको मार्ग पच्छ्याइने छ ।
७. संघीय सरकार, प्रदेश सरकार वा गाउँपालिकाले मात्रै विकासको जिम्मा लिने होइन, विकासको प्रक्रिया स्थानीय समुदायको जगमा आधारित भएर अगाडि बढाइने छ ।
८. भौतिक पूर्वाधार खासगरी सडक निर्माण गर्दा उत्पादन क्षेत्र, पर्यटन क्षेत्र, जनघनत्वको आधारमा र केही विशेष क्षेत्रहरुलाई आधार मानी सडक निर्माण गरिने छ । विना लक्ष्य र उद्देश्य सडक निर्माण गरिने छैन ।
९. सहकारीको माध्यमलाई केन्द्रमा राखी विकास प्रक्रिया अगाडि बढाइने छ ।
१०. स्थानीय तहको निजी क्षेत्रलाई गाउँपालिकाले सहजीकरण गर्ने छ । अर्थात् स्थानीय तहको निजी क्षेत्रसँग सहकार्य गर्ने छ ।
११. प्राकृतिक स्रोतको संरक्षण, व्यवस्थापन र उपयोगमा स्थानीय समुदायलाई जिम्मेवार बनाउन आवश्यक नीति नियम र सहजीकरण गरिनेछ ।
१२. युवालाई रोजगारीमा भन्दा उद्यममा जोड दिइने छ । युवा उद्यमशीलतालाई प्रवर्द्धन गरिनेछ र युवा मैत्री गाउँ निर्माण गर्न पहल लिइने छ ।
१३. कृषियोग्य जमिन गैरकृषिमा रुपान्तरण गरिने छैन ।
१४. यस गाउँपालिकाभित्र बाँझो जग्गा राख्न पाइने छैन ।
१५. सार्वजनिक जमिनमा सामुदायिक खेतीपातीलाई प्रवर्द्धन गरिनेछ ।
१६. कृषि, स्वास्थ्य, शिक्षा, भूमि, नापी, भेटनरी जस्ता सरकारी संरचनालाई सेवामुखी, जनमैत्री, कम झन्झटमा सेवा प्रदान गर्ने बन्दोवस्तो गरिनेछ ।
१७. श्रमप्रति सम्मान गर्ने वातावरण तयार पार्न गाउँपालिकाले सहजीकरण गर्ने ।
१८. स्थानीय संस्कृति, खाना, भेषभुषा, प्रविधि, भाषाप्रति गर्व, स्थानीय समुदायले गर्व गर्ने वातावरण तयार पार्दै संरक्षण र प्रवर्धन गर्ने ।

www.bhumemun.gov.np

१९. गाउँपालिका आफैले सुशासनको प्रक्रिया अवलम्बन गरी पारदर्शिता, जवाफदेहिता, सहभागितामूलक, उत्तरदायित्वको प्रक्रियालाई अवलम्बन गरी सरकारी, गैरसरकारी र निजी क्षेत्रलाई पनि अवलम्वन गर्ने वातावरण तयार पार्ने ।

२०. आदिवासी जनजाति समुदायद्वारा व्यवस्थापन भएको संरक्षित क्षेत्र बनाउन पहल गर्ने ।

२१. आदिवासी जनजातिको प्राकृतिक स्रोतमाथिको परम्परागत अधिकारलाई सुरक्षित राख्ने ।

२२. कृषि औजारका वस्तुहरु बजारको भर नपरी स्थानीय आरन सुधार मार्फत परिपूर्ति गर्ने ।

२३. सूचना, संचार र प्रविधिको क्षेत्रमा गुणस्तरीय विकास गर्ने ।

२४. व्यक्ति, परिवार र समुदाय विपतको जोखिममा नपरेको अवस्था हुनेछ ।

२५. जेष्ठ नागरिक, बालबालिका र अपाङ्गता भएका व्यक्तिहरुको हकमा जेष्ठ नागरिक मैत्री, बालबालिकामैत्री र अपाङ्गता मैत्री बाटो अवलम्बन गरिनेछ ।

२६. स्थानीय भाषा, संस्कृति, भेषभुषा, खानपिन, कृषि, वन, तालतलैया अर्थात् प्रकृतिमा आधारित पर्यटनको प्रवर्द्धन गरी स्थानीय अर्थतन्त्र निर्माणमा जोड दिइनेछ । पर्यटन मार्फत् स्थानीय युवा व्यवसायी हुनेछन् ।

२७. महिला हिंसा, समाजमा अझै विद्यमान रहेको छुवाछुतलाई ख्याल गरी महिला हिंसारहित र छुवाछुतरहित गाउँपालिका निर्माण गरिनेछ ।

२८. शिक्षक, जनप्रतिनिधि, सरकारी कर्मचारीले सामुदायिक विद्यालयमा नै छोराछोरी पढाउनुपर्ने छ ।

२९. भौतिक पूर्वाधारका ठूला योजनाहरु संघ र प्रदेशसँग दावी प्रस्तुत गरिनेछ । गाउँपालिकाको स्रोत सकेसम्म उत्पादनमूलक काममा लगाइने छ ।

३०. शिक्षाको पाठ्यक्रमलाई स्थानीयकरण गरिनेछ र आधारभूत शिक्षा मातृ भाषामा प्रदान गरिनेछ ।

३१. परम्परागत स्वास्थ्य उपचार पद्धतिलाई संरक्षण र प्रवर्द्धन गरिनेछ ।

३२. चरण क्षेत्र, खर्क र बुकी पाटन क्षेत्रलाई संरक्षण गरिनेछ ।

३३. एक घरले १२ वटा विभिन्न जातका फलफूलका विरुवा रोप्नुपर्नेछ । प्रत्येक घरमा करेसावारी र मल खाल्डोमा व्यवस्थापन गरिएको हुनेछ ।

३४. संविधानको मर्मअनुसार समाजवादउन्मुख मार्गमा हिड्नका लागि स्थानीयस्तरमा आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक आधार निर्माण गरिनेछ ।

www.bhumenun.gov.np

**भूउपयोग योजनाको सोंच, लक्ष्य, उद्देश्य निम्नप्रकार रहेका छन् ।**

**सोंच**

भूमिको वास्तविक प्रयोग किटान गर्दै उपर्युक्त व्यवस्थापनको माध्यमबाट उत्पादन बढाउनु, आत्मनिर्भर अर्थतन्त्रको दिशामा अगाडि बढ्नु ।

**लक्ष्य**

स्थानीय विशेषतामा आधारित कृषिलाई प्रवर्द्धन गर्दै कृषियोग्य जग्गालाई गैरकृषिमा रुपान्तरण हुनबाट रोक्दै व्यवस्थित बसोबासलाई सुरक्षित गर्दै जमिनको वर्गीकरण गर्नु ।

**उद्देश्य**

१. कुन जमिन के का लागि उपर्युक्त हुन्छ नक्सांकन गर्नु र त्यही अनुसार प्रयोग गर्नु ।
२. आवास क्षेत्र छुट्याउनु ।
३. वन क्षेत्र व्यवस्थापन गर्नु ।
४. खेतीयोग्य जमिनलाई सुरक्षित राख्नु ।
५. पर्यटकीय क्षेत्र, पुरातात्विक, धार्मिक, सांस्कृतिक महतवका स्थलहरुलाई संरक्षण गर्नु ।
६. औद्योगिक क्षेत्रको लागि जग्गा उपलब्ध गराउनु ।
७. सरकारी कार्यालयको लागि जग्गा व्यवस्थापन गर्नु ।
८. खुल्ला क्षेत्र, पार्क, व्यायाम, खेलकुदका लागि पर्याप्त जग्गा व्यवस्था गर्नु ।

भूउपयोग योजनाको छलफल गर्दा सबैभन्दा पहिला भूउपयोग योजनाका मान्यताहरु निर्माण गरियो । भूउपयोग योजनाका मान्यताहरु निम्नअनुसार छन् ।

- चरन क्षेत्र, खर्क र बुकी पाटनलाई संरक्षण गरिनेछ ।
- कृषि भूमिलाई गैरकृषिमा जान दिइने छैन ।
- भौतिक पूर्वाधारको निर्माण गर्दा प्राकृतिक स्रोत (ताल तलैया, खोला, पोखरी, जंगल र कृषियोग्य भूमिको सकेसम्म कम प्रयोग गरिनेछ । अर्थात् प्राकृतिक स्रोतको विनास हुने गरी भौतिक पूर्वाधारको निर्माण गरिने छैन ।
- बाँझो जग्गाको उपयोग गरिनेछ ।
- साना शहर, व्यवस्थित वस्ती, एकीकृत वस्ती, स्मार्ट भिलेज, दलित नमूना गाउँ, जनजाति वस्ती निर्माण गरिने छ ।
- स्थानीय विशेषतामा आधारित भूमिको प्रयोग गरिने छ ।
- परम्परागत सांस्कृतिक महतवका भूमिहरुलाई संरक्षण गरिनेछ ।

www.khumenun.gov.np

**यस गाउँपालिकामा गरिने भूमिको प्रयोग**

१. कृषि भूमि
२. वस्ती विकासको लागि भूमि ।
३. पर्यटकीय क्षेत्र ।
४. विमानस्थल ।
५. वसपार्क ।
६. खेलमैदान ।
७. औद्योगिक क्षेत्र ।
८. वन क्षेत्र ।
९. सरकारी कार्यालयको लागि जग्गा ।
१०. पार्कको लागि जग्गा ।
११. साना शहरका लागि जग्गा ।
१२. जडिबुटी क्षेत्र ।
१३. मसानघाट, चिहान ।
१४. खानी क्षेत्र ।
१५. चरण क्षेत्र ।
१६. खुल्ला क्षेत्र, पार्क, व्यायाम, खेलकुदका लागि पर्याप्त जग्गा व्यवस्था गर्नु ।

**वस्ती विकास**

अहिले भइरहेका वस्ती विकास गर्न मिल्ने क्षेत्रहरुलाई तल तालिकामा प्रस्तुत गरिएको छ। यस तालिकाले अहिले भइरहेको वस्तीको तथ्य र भोलि वस्ती विकास गर्न मिल्ने सम्भावित ठाउँहरु प्रस्तुत गरेको छ ।

| वडा नं. | अहिले वस्ती भएका स्थान | वस्ती विकास गर्न उपयुक्त स्थान |
|---|---|---|
| १. | स्याला, लुकुम वस्ती, खुइम, रुजीखोला, लुकुम र स्याला । | लुकुम र स्याँला |
| २. | काँक्री, खवाङ, गवाङ, सयपटुङ | सयपाटुङ |
| ३ | सीमा, क्याङ्सी, झुम्लावाङ, मोरावाङ | सीमा र झुम्लावाङ र क्याङ्सी |
| ४. | काँडा, साकिम | काँडा बगर |
| ५ | सेरावाङ, डालीवाङ, उपल्लो साकिम, मछैना | सेरावाङ |



www.bhumemun.gov.np

| | | |
|---|---|---|
| ६. | महत, तामारी, खाम्दै, नाखे, गटिंग्जा, स्याला, नैमाक्यांङ | महत |
| ७. | गुनाम, धर्मशाला, लावाङ, भित्रीवन, डाँगीवाङ रिसल | सबैमा |
| ८. | पाछावाङ, कुचिवाङ, मैवाङ, झिम्का, मानालुम, पोखरापाटा, नाम्खु, भलाबोट, फुर्सावाङ, घोर्नेटी, भैसीलोटे, कोर्जा, लुम्चुंग, पोबांग | मानालुम |
| ९. | गैरीगाउँ, गोठीवाङ, सीमचौर, डाँडागाउँ, लाखरखोला, लामचौर, खाल, मसिना, खुङ्मालुवा, लुग्मा, विजौरा, च्यांगचुङ्ग, छहराखोला, भेरीडाँडा, चोरबाटो, सल्लेरी, गौकम्द, वर्चवास, बुढागाउँ, मर्कोटा, चन्दने, बाहुनगाडिना | सीमचौर र गोठीवांग बाहेक अरु ठाउँमा बस्ती बढाउन सकिन्छ । |

**यस गाउँपालिकाभित्र साना शहर बनाउने सम्भावित स्थानहरु निम्नअनुसार छन् ।**

१. लुकुम
२. खावाङ
३. सिमा, सीसाघारी
४. महत
५. चुन्बांग गैरीगाउँ

दीर्घकालिन रूपमा साना शहर ५ ठाउँमा निर्माण गर्न सकिन्छ । सबैभन्दा पहिलो प्राथमिकता खावाङ बगरलाई साना शहर बनाउने रहनेछ ।

यस गाउँपालिकाभित्र निम्न दुई वस्तीहरुलाई जनजाति पहिचानयुक्त वस्ती बनाइने छ । बाँकी जनजाति बस्तीहरुलाई दीर्घकालिन रूपमा पहिचानयुक्त बनाइदै लगिनेछ । अहिले तत्कालका लागि थालिने पहिचानयुक्त वस्तीहरु निम्नअनुसार छन् ।

१. महत
२. काँक्री ।

यस गाउँपालिकाले कृषिको नमूनाकरण गर्नुका साथै पर्यटकीय दृष्टिकोणले पनि कृषि पर्यटनलाई प्रवर्द्धन गर्न नमूना कृषियोग्य वस्तीका लागि निम्न स्थान छनौट गरेको छ ।

१. सीमा
२. साकिम
३. चुनवाङको लाखर
४. कोर्जा



www.bhumemun.gov.np

**यस गाउँपालिकाभित्र एकीकृत वस्ती विकास निम्न स्थानमा गरिनेछ ।**

१) लुकुम

२) चुनबाङ डाँडागाउँ (एकीकृत दलित नमूना बस्ती)

३) क्याङसी

४) सेराबाङ

**यस गाउँपालिकाभित्र स्मार्ट भिलेज राख्न निम्न स्थान चयन गरियो ।**

१. गुनाम

२. काँडा

३. झुम्लाबाङ

४. लावाङ

www.bhumemun.gov.np

## भौतिक पूर्वाधार

भौतिक पूर्वाधारका सोंच, लक्ष्य र उद्देश्य निम्नप्रकारका छन् ।

### सोंच

भौतिक पूर्वाधारले समुन्नत गाउँपालिका निर्माण गर्ने, भौतिक पूर्वाधारमा सबैको सहज पहुँचको अवस्था सिर्जना गर्ने तर भौतिक पूर्वाधार निर्माण गर्दा प्राकृतिक स्रोत र कृषियोग्य जग्गा नष्ट नहुने गरी गर्ने ।

### लक्ष्य

भौतिक पूर्वाधारलाई उत्पादन, पर्यटन, औद्योगिकरण र विशेष क्षेत्रहरुलाई जोड दिई आत्मनिर्भर अर्थतन्त्र बृद्धि गर्ने ।

### उद्देश्य

१. सबै घरमा खानेपानी, सम्भव भए जति जग्गालाई सिंचित गर्ने, विद्युतीकरण, आवश्यक ठाउँमा पुल निर्माण गर्दै सूचना संचार प्रविधिको क्षेत्रमा विकास गर्दै समुन्नत सामाजिक न्यायमा आधारित गाउँपालिका निर्माण गर्ने ।

२. कृषि उत्पादनको बजारीकरण गर्न अर्थात् स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याई आयातलाई रोक्न ।

३. पर्यटक भित्र्याउन ।

४. ग्रामीण औद्योगिकरणको प्रक्रियालाई मद्दत गर्न ।

५. सबैका लागि भौतिक पूर्वाधारको पहुँच बृद्धि गर्न ।

६. शिक्षा, स्वास्थ्यमा सहज पहुँच पुऱ्याउन ।

७. प्रत्येक वडाको केन्द्रमा सडक यातायातको व्यवस्था गर्दै प्रत्येक गाउँ टोलसम्म सडक पुर्‍याउने ।

### भौतिक पूर्वाधारका मान्यताहरु

यस खण्डमा भौतिक पूर्वाधार अन्तर्गत सडक, खानेपानी, सिंचाई, विद्युत, संचार र पुल, झोलुङे पुल राखिएको छ । भौतिक पूर्वाधारका मूल्य-मान्यताहरु निम्नअनुसार छन् ।

१. स्थानीय विशेषता, सांस्कृतिक, मौलिकता, स्थानीय ज्ञान, सिपमा आधारित विविधतापूर्ण भौतिक पूर्वाधारको निर्माण गरिनेछ ।

www.bhumemun.gov.np

२. भौतिक पूर्वाधार निर्माण गर्दा कृषियोग्य जमिनलाई सकेसम्म घटाइने छैन ।

३. भौतिक पूर्वाधारको निर्माण गर्दा प्राकृतिक स्रोतको विनास गरिने छैन ।

४. भौतिक पूर्वाधारको निर्माण गर्दा उद्देश्य र लक्ष्य स्पष्ट गरिनेछ । उदाहरणका लागि सडक निर्माण गर्दा घना वस्तीको आधार, उत्पादन क्षेत्रको आधार, पर्यटकीय क्षेत्रको आधार, विशेष क्षेत्रहरुलाई आधार मानेर मात्रै निर्माण गरिनेछ ।

५. भौतिक पूर्वाधारको निर्माण गर्दा प्राकृतिक रुपमा रहेको भूवनोटलाई विथोलिने छैन ।

६. भौतिक पूर्वाधारको निर्माण गर्दा खानेपानीको मुहानलाई विगारिने छैन ।

७. सुरक्षित यातायातको व्यवस्था मिलाउने ।

**सडक निर्माण**

अहिले यस गाउँपालिकामा दुईवटा राष्ट्रिय राजमार्ग रहेका छन् । मध्यपहाडी लोकमार्ग र सहिदमार्ग । सहिदमार्ग उत्तरदक्षिण लम्बिएको छ । मध्यपहाडी लोकमार्ग पूर्वपश्चिम भएर आएको छ । प्लस चिन्हको रुपमा राष्ट्रिय राजमार्ग रहेको छ ।

**रिङ्गरोड**

गाउँपालिकाको अधिकांश भागलाई जोड्ने गरी रिङ्गरोड निर्माण गरिनेछ । रिङ्गरोडको अवधारणामा काँक्री दहवाङ, गावाङ, क्याङसी, झुम्लावाङ, सीमा, मोरावाङ, काँडा, सेरावाङ, डालिवाङ हुँदै वालुवा गएर सिस्नेमा जोडिने छ । वडा नं. ८ को कुचिवाङ, तीन वहिनी, सिमचौर, बाहुन गाडिना, गोठीबांग, मरकोटा भएर सिमलबोट, च्याङचुङ, भित्रीवन, लावाङ, गुनाम हुँदै लुकुम पुऱ्याइने छ ।

**जनवादी सडक**

कुचिवाङ, पोखरापाटा, कोर्जा, खाम्दै, तमारी, भित्रीवन जोडिनेछ । जसको नाम जनवादी सडक राखिए पनि यसले भित्री रिङ्गरोडको काम गर्नेछ ।

यस गाउँपालिकाभित्र कृषि, पर्यटन र स्थानीय सडकलाई ख्याल गरी गुरुयोजनाले निम्नलिखित लिंक रोडहरुको प्रस्ताव गरेको छ ।

- बागतारे, गुनाम, त्रिवेणी सडक (धनमाया श्रेष्ठ शहीदमार्ग)
- दोमै, कोर्जा, सिमखोला सडक



www.bhumemun.gov.np

- गैरीगाउँ, सिमलबोट, गोठीबांग, सिमचौर, गर्पा (पश्चिम रुकुम), रुकुमकोट सडक
- तिपाचौर, भेरीडाँडा हुँदै रोल्पा राङकोट सडक
- गुठिबाङ, डाँडागाउँ, लाखरखोला सडक
- धर्मशाला, खुङ्ग, मालुवा, झारखुम सडक
- आरुबाङ, खाल, झारखुम सडक
- दोमै, पाछाबाङ, झिम्का, होर्दिंग सडक
- लुङ्गझोला, बर्चवास, बुढागाउँ, जुमा राङ्सी रोल्पा सडक
- धौलापहिरा, साकिम, सेराबाङ, काँडा सडक
- जितखोला, सिमा, झुम्लाबाङ सडक
- सिमा, मोराबाङ, काँडा सडक
- झुम्लाबाङ, क्याङ्सी, खाबाङ बगर सडक
- गाबाङ, सयपाटन सडक
- वालुवा, धौलापहिरा सडक
- लुकुम, थबाङ सडक
- रिका, लुकुम, उवा सडक
- मर्कोटा, खोलागाउँ, तातापानी, रोल्पा सडक
- सेराबाङ, बर्मतिला, नाबाङ, रांग्सी सडक
- जितखोला, सिमा, झुम्लाबाङ, बर्मतिला, नाबाङ, राङ्सी सडक
- पाथीहाल्ने, देउराली सडक ।
- मध्यपहाडी लोकमार्गले भूमे गाउँपालिकाको वडा नं. १, २, ३, ४ हुँदै सिस्ने जोड्दछ । यस मार्गले गाउँपालिकाको मध्यभाग ओगट्दछ ।

**सडक पुल**

| **क्र. सं.** | **वडा नं.** | **स्थान** | **कैफियत** |
|---|---|---|---|
| १. | १ | रुजीखोला र लुकुमखोला | |
| २. | २ | खाबांग बगर र कात्री त्रिवेणी | |
| ३. | ३ | छैन | |
| ४. | ४ | छैन | |

www.bhumemun.gov.np

| | | | |
|---|---|---|---|
| ५. | ५ | बिमाखोला, मछाइनाखोला र गनाउने खोला | |
| ६. | ६ | अबैखोरे र लिमाबांग | |
| ७. | ७ | धर्मशाला र दोमै | |
| ८. | ८ | दोमै, पाछाबांग र सिमखोला | |
| ९. | ९ | च्यांगचुंग खोला, धर्मशाला, भेरीखोला, लुंग्भोला खोला, लाखरखोला, गोठीबांगखोला, भंगेरीखोला, मूलखोला । | |

## पुल निर्माण

पुल निर्माणको हकमा झोलुङे पुल, ट्रस ब्रिज र सस्पेन्सन ब्रिजलाई मान्यता दिने गुरुयोजनाले प्रस्ताव गरेको छ । ठाउँ र परिस्थिति हेरी पुलको किसिम निर्धारण गर्ने गुरुयोजनाको मार्गचित्र हो । यस गुरुयोजनाले निम्नलिखित झोलुङे पुल, ट्रस ब्रिज र सस्पेन्सन ब्रिज प्रस्ताव गरेको छ ।

| क्र.सं. | झोलुङ्गे पुलको नाम | झोलुङ्गे पुल निर्माण हुने स्थल र वडा | अनुमानित लम्बाई | कैफियत | |
|---|---|---|---|---|---|
| १. | घाबाङ खोला झोलुङ्गे पुल | वडा नं. १ लुकुम खोला | | ट्रस ब्रिज | |
| २. | घर्तिबाला झोलुङे पुल | वडा नं. १ लुकुम खोला | २० | ट्रस ब्रिज | |
| ३. | पञ्चासे झोलुङे पुल | वडा नं. १ लुकुम खोला | २० | ट्रस ब्रिज | |
| ४. | रुजिखोला घाम ताप्ने खोला झोलुङे पुल | वडा नं. १ रुजी खोला | | झोपु | |
| ५. | बास्दै लुकुम खोला झोपु | वडा नं. १ लुकुम खोला | | ट्रस ब्रिज | |
| ६. | धनिबाङ लुकुम खोला झोपु | वडा नं. १ लुकुम खोला | | ट्रस ब्रिज | |
| ७. | मुलबाङ लुकुम खोला | वडा नं. १ लुकुम खोला | १०० भन्दा बढी | झोपु | सस्पेन्सन |

www.bhumerun.gov.np

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | घुसबाङ खोला झोपु | वडा नं. १ लुकुम खोला | | ट्रस ब्रिज | |
| ९. | खाबाङ बगर झोपु | वडा नं. २ खाबाङ बगर | | झोपु | |
| १०. | खेबाङ खोला झोपु | वडा नं. २ खेबाङ | | झोपु | |
| ११. | बौलाहा खोला झोपु | वडा नं. २ खाबाङ | | झोपु | |
| १२. | घट्ट खोला झोपु | वडा नं. २ काँक्री | | ट्रस ब्रिज | |
| १३. | छिपछिपे पानी कुङ्गरु खोला झोपु | वडा नं. १ र २ | | | |
| १४. | नाच्ने थला झोपु | वडा नं. ३ नाच्ने थला | | ट्रस ब्रिज | |
| १५. | बाच्छा खोर्रे खोला झोपु | वडा नं. ३ झुम्लाबाङ | | ट्रस ब्रिज | |
| १६. | रैसल खोला झो.पु. | वडा नं. ५ | | | |
| १७. | उपल्लो छिसमिरे खोला झोपु | वडा नं. ५ उपल्लो साकिम(डालिबाङ | | ट्रस ब्रिज | |
| १८. | मछाने खोला झोपु | वडा नं. ५ | | ट्रस ब्रिज | |
| १९. | लामदवाली (किमबोट झोपु | वडा नं. ६ | | | |
| २०. | तामारी-अबै खोर्रे झोपु | वडा नं. ६ | | | |
| २१. | मङ्गराखोला झोपु | वडा नं. ७ | | ट्रस ब्रिज | |
| २२. | गुनाम मुनपु खोला झोपु | वडा नं. ७ | | ट्रस ब्रिज | |
| २३. | लाबाङ तामारी खुमा खोला झोपु | वडा नं. ७ | | | |
| २४. | मनपु कुजरीबाङ झोपु | वडा नं. ७ | | ट्रस ब्रिज | |
| २५. | लेक खोला झोपु | वडा नं. ८ कुचिबाङ( भिम्का | | | |
| २६. | कुनपाने खोला झोपु | वडा नं. ८ र ६ जोड्ने | | | |

www.bhumemun.gov.np

| | | | | | |
|---|---|---|---|---|---|
| २७. | चोरकाटे भ्कोपु | वडा नं. ८ पाछाबाङ( पोखरापाटा | | | |
| २८. | सरमारे खोला भ्कोपु | वडा नं. ८ कुचिबाङ( पोखरापाटा | | | |
| २९. | कोर्जा खोला भ्कोपु | वडा नं. ८ नुनथला | | | |
| ३०. | हाँडीखोला भ्को. पु. | वडा नं. ८ | | | |
| ३१. | धान छहरे खोला भ्कोपु | वडा नं. ९ सिमचौर | | | |
| ३२. | पिढी धर्मशाला भ्कोपु | वडा नं. ९ च्याङचुङ खोला | | | |
| ३३. | खुङखोला भ्कोपु | वडा नं. ९ पिढी | | | |
| ३४. | जुम्ले ढुङ्गा भ्कोपु | वडा नं. ९ विफरगाडे | | | |
| ३५. | दुवाचौर पेढीचौर भ्कोपु | वडा नं. ९ दुवाचौर | | | |
| ३६. | चुनेला खोला भ्को.पु | वडा नं. ९, च्यांगचुंग | | | |
| ३७. | चिप्लेपाटल भ्को. पु. | वडा नं. ९, माछापोखरी | | | |
| ३८. | जुरबोट खोला भ्को. पु. | वडा नं. ९ | | | |
| ३९. | शिशाघारी खोला भ्को पु. | वडा नं. ९ | | | |
| ४०. | मालुवा खोला भ्को. पु. | वडा नं. ९ | | | |
| ४१. | मूलखोला भ्को. पु. | वडा नं. ९ | | | |
| ४२. | मूलखोला दुवाचौर भ्को. पु. | वडा नं. ९ | | | |

यस गाउँपालिकामा मात्रै नभएर रुकुम र कर्णाली क्षेत्रमा नै अर्थात् यस्तो भूगोल भएका क्षेत्रमा सुरुङमार्गको अधिक महतव ठहर गरेको छ। सुरुङमार्ग अध्ययनका लागि केन्द्र र प्रदेश सरकारसँग अनुरोध र वकालत गरिनेछ।

www.bhumemun.gov.np

# सिंचाई

भूमे गाउँपालिकाभित्र सिंचाईका सम्भावना भएका क्षेत्रहरु पहिचान गरिएको छ । १० वर्षभित्रमा सम्भव हुने जति अर्थात् पानीले मिल्ने जति ठाउँमा सिंचाई गरिनेछ । अर्धशुष्क क्षेत्र भएकोले सिंचाइमा पोखरीको पनि प्रयोगमा ल्याइने छ । तर १० वर्षभित्र भने सम्भव भए जति पूर्ण सिंचित गरिनेछ । सिंचाईको प्राथमिकीकरण गाउँसभाले गर्नेछ । सिंचित हुन बाँकी वडा अनुसार स्थान, लाभान्वित घरधुरी, लगभग कुलोको लम्बाइ तल प्रस्तुत गरिएको छ ।

**वडा नं. १**

| क्र.स. | मुहानको नाम | सिंचित हुने स्थान | लाभान्वित घरधुरी | लम्वाई | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | रचिमखोला, लामाक्यांग, गाकारखोला वृहत्तर योजना | लामाक्यांग देखि बरपेस्यू सम्म | ३०० | | |

**वडा नं. २**

| क्र.सं. | मुहानको नाम | सिंचित स्थान | लाभान्वित घरधुरी | लम्वाई | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | धुरूमखोला | लाबांग | ६० | | १२ बिघा |
| २ | मुनुखोला | नैबांग, पुनडेरा | ११० | | २६ बिघा |
| ३ | पुवाखोरे खोला | खाबांग गाउँ | १५० | | २५ बिघा |
| ४ | काँक्री खोला | | ७० | | ४० बिघा |

**वडा नं. ३**

| क्र.सं. | मुहानको नाम | सिंचित स्थान | लाभान्वित घरधुरी | लम्वाई |
|---|---|---|---|---|
| २ | राणामार्ने घैरा | | १४० | ४कि.मि |

www.bhumemun.gov.np

| | | | | |
|---|---|---|---|---|
| ३ | जुगेपानी | | ५० | २ कि मि |
| ४ | झिम्बाङ्ग खोला | | ५० | १कि मि |
| ५ | धजाहाल्ने खोला | | ४० | १कि मि |
| ६ | जुम्ला खोला | | ३० | ५कि मि |
| ७ | भैरुमखोला मुहान | | २०० | ४ कि मि |
| ८ | खारखोला | | १५० | ७कि मि |

## वडा नं. ४ र ५

| क्र.सं. | मुहानको नाम | सिंचित हुने स्थान | लाभान्वित घरधुरी | क्षेत्रफल |
|---|---|---|---|---|
| १ | मछैना खोला वृहत योजना | काँडा सेराबाङ उपल्लो साकिम धबांग | ४११ | ५ हेक्टर |
| २ | रैसलखोला | नाउली | १६५ | २ हे |

## वडा नं. ६

| क्र. सं. | मुहानको नाम | सिंचित हुने स्थान | लाभान्वित घरधुरी | क्षेत्रफल |
|---|---|---|---|---|
| १ | मंग्राखोला वृहत योजना | महत गाउँ | १०० | |
| २ | तामरी खोला | | २०० | ४००० |
| ३ | मुवाङ खोला | | २२५ | २२५ |
| ४ | मगर खोला | | | |

www.bhumemun.gov.np

## वडा नं. ७

| क्र.सं. | मुहानको नाम | सिंचित स्थान | लाभान्वित घरधुरी | क्षेत्रफल |
|---|---|---|---|---|
| १ | नर्जिका खोला | गोठबाङ | ७५ | १.५ |
| २ | सिरबाङ खोला | धर्मशाला | ७५ | |
| ३ | कुखुरे खुडखोला | गुनाम | ३५ | १ हे |
| ४ | ओडारखोला | गुनाम | २७ | |
| ५ | खौलाखोला | गुनामक्वाङ | २० | ५० |
| ६ | स्यालबासखोला | आगरीबाङ | ७ | |

## वडा नं. ८

| क्र.सं. | मुहानको नाम | स्थान | लाभाम्वित घरधुरी | क्षेत्रफल |
|---|---|---|---|---|
| १ | मैकाँडा खोला | | २५ | |
| २ | सिमखोला | कोबाङ | ३० | |
| ३ | छहरा खोला | पूर्साबाङ | १५ | |
| ४ | सुर्पा खोला | ताम्दै | २० | |
| ५ | कूलधारा खोला | कोर्जा भलाबोट | २८ | |
| ६ | सिमलबोट खोला | लुङचुङ | १४ | |
| ७ | गोरीखोला | मैबाङ | ४५ | |
| ८ | हाँडी खोला | कुचिबाङ | ५६ | |
| ९ | सिस्नाबारी खोला | भिम्का | ८५ | |
| १० | पाछाबाङ खोला | पाछाबाङ | ३० | |

www.bhumemun.gov.np

| | | | | |
|---|---|---|---|---|
| ११ | घोरनेटी खोला | घोरनेटी र भैसीलोटे | ५० | |

## वडा नं. ९ चुनवाङ

| क सं. | मुहानको नाम | सिंचित स्थान | लाभाम्वित घरधुरी | क्षेत्रफल |
|---|---|---|---|---|
| १ | लाखरखोला सिंचाई | खोलाछाल माछापोखरी सिमलबोट | ३५ | ५० रोपनी |
| २ | तारलखोला स्प्रिङकलर | मर्कौटा चौर | ३० | ८० |
| ३ | तारलखोला स्प्रिङकलर | तारल चन्दनै दोन्द्रे | २० | ५० |
| ४ | चुनबाङ खोला सिंचाई आयोजना | खेत बगर | १५ | ३० |
| ५ | धारीखोला स्प्रिङकलर सिंचाई योजना | बुढागाउँ | २५ | २५ |
| ६ | सिजा खोला स्प्रिङकलर सिंचाई योजना | चोताबारी | ५ | १५ |
| ७ | दहमूल खोला स्प्रिङकलर सिंचाई योजना | भेरीडाँडा भेरीखोला आरुबाङ | २५ | ८० |
| ८ | च्याङचुङ खोला " " | च्याङचुङ | ४० | ८० |
| ९ | जौखोरिया खोला " " | बिजौरी पेढी | ४० | १०० |
| १० | पुआभीर खोला " " | लुम्मा | २० | ५० |
| ११ | मालुवाखोला " " | खुङ | १५ | ५१ |
| १२ | खुङखोला " " | खुङ, चेप्री, पेदी | १५ | ५१ |
| १३ | टाकुरी खोला " " | पेदी | ८ | २० |
| १४ | मुलखोला " " | लामाचौर | २५ | ३० |
| १५ | खर्कखोला " " | तातेपाखा पेढीचौर | १६ | ९० |
| १६ | मूलखोला " " | खर्क कल्लककम्द | ४० | ८० |
| १७ | मूल खोला " " | साउने पानी बिष्ट डेरा | ९० | २० |
| १८ | ठाडो खोला " " | लौरीकाटिना फापर डाँडा | २५ | ९५ |
| १९ | दोमही खोल " " | सिमचौर माझगाउँ | २५ | ३५ |

| | | | | |
|---|---|---|---|---|
| २० | तुसारे खोला " " | पेदीचौर ओदार दुम्का | ३५ | ८० |
| २१ | भुक्त छहरा " " | गोठीबाङ | ३५ | ७० |
| २२ | कल्लाकम्द | कल्लाकम्द पिपलबोट | १० | ६० |
| २३ | छहरा खोला | छहरा खोला | १० | ७५ |
| २४ | लामचौर खोला | लामचौर | १५ | |

नोटः विशेष क्षेत्रका लागि ठूला सिंचाई आयोजनाहरुको गाउँपालिकाले सम्भाव्यता अध्ययन गरी विशेष योजना निर्माण गर्ने छ ।

सिंचाइको एउटा माध्याम पोखरीलाई पनि आत्मसात् गरी यस गाउँपालिकाले निम्नस्थानमा पोखरी निर्माण गर्ने योजना गुरुयोजनामा समावेश गरेको छ ।

| **वडा नं.** | **पोखरी संख्या** |
|---|---|
| १ | २ पोखरी, |
| २. | ४ पोखरी |
| ३. | ३ पोखरी, |
| ४. | ४ पोखरी |
| ५. | २ पोखरी |
| ६ | ३ पोखरी, |
| ७ | २ वटा पोखरी |
| ८. | ७ वटा पोखरी |
| ९. | १० वटा पोखरी |

## खानेपानी

यस गाउँपालिकाभित्र एक घर, एक धाराको नीति अवलम्बन गरिनेछ । खानेपानीको मुहान संरक्षण गर्न प्रत्येक खानेपानीको मुहानमा सामुदायिक समूहहरु निर्माण हुनेछन् र सामुदायिक समूहहरुलाई गाउँपालिकाले सञ्जालीकरण गरी गाउँपालिकास्तरमा खानेपानी मुहान संरक्षण महासंघ निर्माण गर्नेछ । खानेपानीको मुहान संरक्षण गर्न नसक्ने हो भने समस्या जटिल बन्दै जाने कुरालाई मध्यनजर राखी गुरुयोजनाले मुहान संरक्षण महासंघ प्रस्ताव गरेको हो ।

### खानेपानी सम्बन्धी मूल मान्यताहरु

१. एक घर एक धाराको नीति लिइनुका साथै सफा र उच्च गुणस्तरीय पानीको व्यवस्था गर्ने ।



www.bhumemun.gov.np

२. पानीको मुहान संरक्षणको लागि सामुदायिक समूह बनाइने छ ।

३. सामुदायिक समूहहरुको सञ्जालीकरण गरी गाउँपालिकामा महासंघ बनाइने छ ।

४. खानेपानीको मुहान संरक्षणको लागि स्थानीय प्रविधि, ज्ञान र सिपको उपयोग गरिनेछ ।

**खानेपानीका लागि गुरुयोजनाले निम्न प्रस्ताव पेश गरेको छ ।**

**खानेपानी वडा नं. १**

| क सं | खानेपानी | मुहान | लाभान्वित घरधुरी | लम्बाई | हालको प्रयोग |
|---|---|---|---|---|---|
| १ | लामाक्याङ खानेपानी | रहिम खोला | ५५ | ७ किमि | छैन |
| २ | बाजिम खानेपानी | भेडीखर्क मुल | १०० | ७ किमि | |
| ३ | पञ्चासे खानेपानी | किरीखोला | ३५ | ३ किमि | |
| ४ | मङ्गराखोला खानेपानी | मङ्गराखोला | १५ | ३ | नयाँ |
| ५ | वनवाला रिग खानेपानी | मङ्गराखोला | १२ | ३ | पुनर्निर्माण |
| ६ | घर्तिबाला खानेपानी | तुम्बु खोला | २० | ३ | पुनर्निर्माण |
| ७ | रिकुङ खानेपानी | रिकुङ मुल | २० | १ | पुनर्निर्माण |
| ८ | धनिबाङ खानेपानी | चोचोबाङ | २५ | ३ | पुनर्निर्माण |
| ९ | लाँपता खानेपानी | चैतेखोला | ४१ | ६ | |
| १० | नरिबाङ खानेपानी | काँखोलाबाङ मूल | ४५ | २ | |
| ११ | लुकुम खानेपानी | जारीखोला | ४५० | ३ | |

www.bhumemun.gov.np

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | बालुवा खानेपानी | बैंसमूल | १५ | २ | |
| १३ | गरबाङ खानेपानी | एम्पो मुल | २० | २ | |
| १४ | खुइम १ खानेपानी | स्याजिपुप | १२ | ४ | |
| १५ | खुइम २ खानेपानी | घोरघोर मुल | ३० | ४ | |
| १६ | दतासी खोला खानेपानी | दतासी खोला | ३० | २ | |
| १७ | धमखोला खानेपानी | धमखोला | ७ | ३ | |
| १८ | मूलबाङ खानेपानी | धमखोला | १२ | ४ | |
| १९ | रुजिखोला खानेपानी | रुजिखोला | ३० | २ | |
| २० | सेपाल खानेपानी | सेपाल मूल | ५ | ४ | |
| २१ | यमधारा खानेपानी | यमधारा मुल | २० | २ | |
| २२ | तेबाङ खानेपानी | पइपखोला | ९ | ५ | |
| २३ | झाँक्रीकड खानेपानी | | | | |

**वडा नं. २**

| क्र सं | खानेपानी | मुहान | लाभान्वित घरधुरी | लम्बाई | हालको प्रयोग |
|---|---|---|---|---|---|
| १ | मर्पा खोला खानेपानी | मर्पा खोला | ६० | २ किमि | |
| २ | बाम खोला खानेपानी | बाम खोला | ६५ | २ किमि | |

www.bhumemun.gov.np

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | घालाङघुलुङ खानेपानी | | ७५ | २.५ किमि | |
| ४ | रेबाङखोला खानेपानी | | ५० | १.५ किमि | |
| ५ | सिसाघारी खोला खानेपानी | | २५ | २.५ | |
| ६ | गानापानी खानेपानी | गानापानी खोला | ४५ | १ किमि | |
| ७ | गल्ज्यौल खानेपानी | गल्ज्यौल खोला | ६५ | ३.५ किमि | |
| ८ | खुर्पाकोट खानेपानी | खुर्पाकोट खोला | ३५ | ३ किमि | |
| ९ | नौधारी खानेपानी | नौधारी खोला | २२० | ७ किमि | |
| १० | चुर्फुखोला खानेपानी | | ६० | २ | |
| ११ | धुरुम खोला खानेपानी | | ६० | २ | |
| १२ | गजेनी खोला | | १५० | २.५ किमि | |
| १३ | भक्ले खोला | | ३२ | २ किमि | |

## वडा नं. ३

| **क . स** | **मुहान** | **लाभाम्वित घरधुरी** | **लम्वाई** | **कैफियत** |
|---|---|---|---|---|
| १ | धुपीघैरा खानेपानी | १५० | ६ कि.मी | |
| २ | राणामर्ने घैरा | १४० | ४कि.मि | |
| ३ | जुगेपानी | ५० | २ कि मि | |

www.bhumemun.gov.np

| | | | | |
|---|---|---|---|---|
| ४ | झिम्बाङ्ग खोला | ५० | १कि मि | |
| ५ | धजाहाल्ने खोला | ४० | १कि मि | |
| ६ | जुम्ला खोला | ३० | ५कि मि | |
| ७ | भैरुमखोला मुहान | २०० | ४ कि मि | |
| ८ | खारखोला | १५० | ७कि मि | |
| ९ | भित्रीखोला खानेपानी | ९० | | |

## वडा नं. ४

| क्र सं | मुहान | लाभान्वित घरधुरी | लम्बाई | हालको प्रयोग |
|---|---|---|---|---|
| १ | स्यावाङ खोला | १६६ | ५ किलोमितर | सार्वजनिक रुपमा |
| २ | झारेखोला | ४१ | | सार्वजनिक |
| ३ | गल्फू खोला | २६ | | |
| ४ | जुगे खोला | ४५ | ७ कि. मि. | |
| ५ | ताकुरा खोलां जुगे पानी | १६५ | ४ कि. मि. | सार्वजनिक |
| ६ | नौधारी खोला | ६१ | ३ कि. मि. | प्रयोग छैन |
| ७ | भित्रे खोला | ७३ | ६ किमि | प्रयोग नभएको |
| ८ | भुकभुके खोला | १५ | ५ किमि | प्रयोग नभएको |

## वडा नं. ५

| क्र सं | मुहान | लाभान्वित घरधुरी | लम्बाई | हालको प्रयोग |
|---|---|---|---|---|
| १ | टाकुरा खोला | ९१ | ३ | |
| २ | टङ्गी खोला | ३० | ४ | |
| ३ | चारे खोला | ६० | २ | |
| ४ | झिर खोला | ३० | ४ | |
| ५ | धाम दाउने खोला | ४० | ९ | |
| ६ | जलछहरा खोला | ८६ | १२ | |
| ७ | ओखरगैरा | ८६ | २ | |

www.bhumerun.gov.np

## वडा नं. ६

| क सं | मुहान | लाभान्वित घरधुरी | लम्बाई | हालको प्रयोग |
|---|---|---|---|---|
| १ | भित्र वन सोरङ्गा खोला | १०० | | |
| २ | जंजा सर्वाङ खोला | २५० | | |
| ३ | भित्र बन | १०० | | |
| ४ | गाग्रे पानी | २५० | | |
| ५ | जुगमुरी | ५० | | |
| ६ | भित्रवनंनाखेंगतिङजा | १०० | | |

## वडा नं. ७

| क सं | खानेपानी | मुहान | लाभान्वित घरधुरी | लम्बाई | हालको प्रयोग |
|---|---|---|---|---|---|
| १ | नर्जिका खोला खानेपानी | नर्जिका खोला | ७५ | ५ किमि | |
| २ | मुनुपु खानेपानी | गर्वे खोला | १५ | ३ | |
| ३ | धर्मशाला खानेपानी | झम्झा खोला | ६५ | ३ | |
| ४ | गुनाम खानेपानी | कोइचा खोला | १२० | ५ | |
| ५ | नौमुले गुनाम खानेपानी | किरा खोला | १२० | ५ | |
| ६ | ओडारखोला खानेपानी | ओडार खोला | १५ | ३ | |
| ७ | गुनाम आखरीबाङ बागतारे | तामारी खोला | १२ | २ | |
| ८ | | जुगे खोला | ५ | १५०० मि | |
| ९ | | हिउँसो खोला | ३७ | ७ | |
| १० | | जुगा काटे रिसल | ३७ | ७ | |
| ११ | | झाँक्री खोला | १७ | ६ | |

www.bhumemun.gov.np

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | | नर्जिका माथिल्लो मुहान हुलबाङ | ९ | ५ | |
| १३ | माथिल्लो झम्झा खोला | झम्झा खोला | ७ | ४ | |

**वडा नं. ८**

| क्र सं | मुहान | लाभान्वित घरधुरी | लम्बाई किमी | हालको प्रयोग |
|---|---|---|---|---|
| १ | भैसीबागे खोला | ५० | १५ | |
| २ | पूर्खे पानी | १२ | १.५ | |
| ३ | घोर्नेटी खोला | २७ | २०० | |
| ४ | बाइसरी खोला | २७ | १ | |
| ५ | सिमखोला | ३० | २ | |
| ६ | धुपीबोट खोला | २८ | २.५ | |
| ७ | चुइयाँ खोला | ४५ | ५ | |
| ८ | हाँडी मुहान | ३० | ५ | |
| ९ | कुनपानी मुहान | १५ | २ | |
| १० | ओखरेना खोला | ५५ | ३ | |
| ११ | हाँडी खोला | १० | ४ | |
| १२ | पुर्साबाङ मुहान | १५ | १.५ | |

www.bhumemun.gov.np

## वडा नं. ९

| क्र सं | मुहान | लाभान्वित घरधुरी | लम्बाई किमी | हालको प्रयोग |
|---|---|---|---|---|
| १ | कालाखोला | ५५ | ३ | |
| २ | सिजा खोला | ५० | ५ | |
| ३ | दहमूल खोला | ५१ | ६ | |
| ४ | तिला खोला | ४० | ६ | |
| ५ | मानपुर खोला | १५ | ८ | |
| ६ | छहरा खोला | १० | ३ | |
| ७ | बाने खोला | २० | ४ | |
| ८ | भालुन खोला | २१ | ४ | |
| ९ | तिला खोला | २०० | १० | |
| १० | मूल खोला | १०० | ५ | |
| ११ | पूर्खे पानी भालु खोला | ३० | ४ | |
| १२ | धबाङ खोला | ६० | ८ | |
| १३ | सुन्तला बारी | १५ | ५ | |
| १४. | जौखोरिया खोला | | | |
| १५. | टाकुरी खोला | | | |
| १६. | पुआभीर खोला | | | |
| १७. | मालुवा खोला | | | |
| १८. | विष्टलोटे खोला | | | |

www.bhumemun.gov.np

| | | | | |
|---|---|---|---|---|
| १९. | ठाडो खोला | | | |

www.bhumemun.gov.np

## सूचना संचार र प्रविधि

सूचना संचार र प्रविधिको क्षेत्रमा यस गाउँपालिकाले गुरुयोजनामा ६ वटा काम प्रस्ताव गरेको छ । जो निम्नअनुसार छन् ।

१. रेडियो

२. टेलिभिजन

३. मोबाइल टेलिफोन फ्याक्स

४. इन्टरनेट

५. संचारकर्मी उत्पादन ।

६. सूचना केन्द्र निर्माण ।

माथिका ६ काममध्ये सबैभन्दा पहिलो प्राथमिकताको सूचीमा सामुदायिक एफएम संचालन गर्नुपर्ने रहेको छ । सामुदायिक एफएम संचालन गर्दा सकेसम्म तीन वटा गाउँपालिकाको सहकार्यमा स्थापना गर्ने रणनीति यस गाउँपालिकाले लिएको छ । यदि सहकार्यबाट रेडियो स्थापना सम्भव भएन भने २ वर्षभित्र यस गाउँपालिकाले आफै एफएम रेडियो संचालन गर्नेछ ।

दोस्रो प्राथमिकता मोबाइल, टेलिफोन र फ्याक्समा रहेको छ । यसको लागि भुमे गाउँपालिकामा १, २, ३, ६, ७, ८, ९ मा टावरको जरुरी रहेको छ । यस टावर निर्माणको लागि गाउँपालिकाले सकेसम्म छिटो पहल गर्ने र स्थापना गर्ने रणनीति छ । वडा नं. ३ र ९ को हकमा भने एनटीसीले टावर निर्माणको प्रक्रिया अगाडि बढाइरहेकोले अन्य ठाउँका लागि भने संगठित पहलको जरुरी ठानेको छ ।

टेलिभिजनको हकमा टेलिभिजन विस्तारको लागि रिपिटर टावरको निर्माण गर्न संघीय सरकार र प्रदेश सरकारसँग माग र दावी प्रस्तुत गर्ने निर्णय गरेको छ ।

एक वर्षभित्रमा सूचना केन्द्र निर्माण गर्ने, जसले गाउँपालिकाको कार्यक्रम, योजनालाई सहजीकरण गर्न मद्दत गर्दछ ।

इन्टरनेट अप्टिकल फाइवर विच्छ्याएर घरघरमा इन्टरनेट सेवा प्रदान गर्ने निर्णय गरेको छ । यसै गरी ब्रोडव्याण्ड सेवा र ४ जी सेवा विस्तार गर्ने निर्णय गरेको छ ।

विद्युतीय सरकारको महतवलाई ख्याल गरी विद्युतीय सरकारतर्फ उन्मुख हुँदै जाने शुरुमा कहाँ सकिन्छ अध्ययन गर्ने, कसरी सम्भव छ ? खोजविन गर्ने र विद्युतीय सरकारतर्फ उन्मुख हुने बाटो लिएको छ । विद्यालयमा कम्प्युटर शिक्षाको विस्तार गरी कम्प्युटर साक्षारतालाई बढावा दिने यस गाउँपालिकाको अर्को क्रियाकलाप हो ।

एक वर्षभित्रमा नै २० जना पत्रकारहरुलाई पत्रकारिता तालिम प्रदान गरी दक्ष पत्रकार निकाल्ने र यस गाउँपालिकाले मासिक रूपमा गाउँपालिकाका गतिविधि सार्वजनीकीकरणका लागि एक मासिक बुलेटिन निकाल्ने गुरुयोजनामा प्रस्ताव गरेको छ ।

# उर्जा

उर्जा श्रोतमा प्रमुख प्राथमिकता विद्युतिकरणलाई दिईएको छ र वैकल्पिक उर्जालाई पनि संगै लैजाने रणनीति यस गुरुयोजनाले लिएको छ ।

**विद्युतीकरण**

यस गाउँपालिकामा ३ थरी जलविद्युतको सम्भावना रहेको छ ।

१. लघु जलविद्युत १ मेघावाट

२. साना जलविद्युत १ देखि २५ मेघावाट

३. मझौला जलविद्युत १०० मेघावाट

**जलविद्युतमा यस गाउँपालिकाका मान्यताहरु**

१. विद्युत उत्पादनमा जनताको शेयर हुनुपर्ने । शेयरमा पैसा तिर्न नसक्नेलाई श्रममा जोड्नु पर्ने तर कोही पनि व्यक्ति शेयरबाट छुट्न भने पाइने छैन ।

२. सकेसम्म जनतालाई विस्थापित गरिने छैन । यदि ठूला जलविद्युतमा विस्थापन गर्नु परेमा अहिले भोगिरहेको जीवन भन्दा राम्रो जीवनस्तरको ग्यारेन्टीसहित पुर्नस्थापना गाउँपालिकाले नै गर्नेछ ।

३. बहुउद्देश्यीय विद्युत उत्पादन अर्थात् सकेसम्म विद्युत उत्पादनलाई पर्यटकीय दृष्टिकोणले पनि पहल गर्ने, सिंचाई, कृतिम ताल जस्ता विषयको सम्भावनालाई पनि ध्यान दिने ।

**गुरुयोजनाले प्रस्ताव गरेका निर्णयहरु**

१. एक मेघावाटसम्मको वडा नं. १ लुकुममा सानो जलाशयसहितको गाउँपालिकाले आफ्नै स्रोतमा निकाल्ने ।

२. वडा नं. २ को काँक्री, सैपातुङ, खावाङमा गाउँपालिका आफैले विद्युत उत्पादन गर्ने ।



www.bhumemun.gov.np

३. वडा नं. २ र १ मा दुई वर्षभित्र सम्भाव्यता अध्ययन गरिसक्ने र दस वर्षभित्र विद्युत उत्पादन गर्ने ।

४. वडा नं. ६ र ८ को मन्पु खोलामा ३ मेघावाट विद्युत उत्पादनका लागि संघीय सरकार र केन्द्र सरकारसँग सम्भाव्यता अध्ययन र विद्युत उत्पादन गर्न पहल गर्ने ।

## कृषिमा गाउँपालिकाको संलग्नता

नेपाली सन्दर्भमा कृषि संकटमा परेको छ । भुमे गाउँपालिकामा पनि कृषिका आफ्नै समस्याहरु छन् । युवाहरु विदेश पलायन हुनुले कृषि महिला र बुढाबुढीकरण भएको छ । सरकारी प्राथमिकतामा कृषि क्षेत्र छैन । कृषिको सम्मान छैन । कृषकहरुले प्राविधिक सहयोग पाएका छैनन् । सामान्यतया कृषिका यिनै समस्याहरुलाई छलफल गर्दै यस गाउँपालिकाका कृषि सम्बन्धी समस्या, चुनौती र समाधानको बाटो यस खण्डमा प्रस्तुत गरिएको छ ।

**कृषिमा यस गाउँपालिकाको सोंच, लक्ष्य र उद्देश्य निम्नअनुसार छ ।**

**सोंच**

स्थानीय विशेषतामा आधारित अर्गानिक कृषि प्रणालीलाई प्रवर्द्धन गर्दै आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने ।

**लक्ष्य**

अनुदान, पारिवारिक खेती, पकेट क्षेत्रको निर्माण स्थानीय विशेषता अनुसारको कृषि प्रणालीलाई व्यवस्थित गर्दै समुन्नत गाउँपालिकाको निर्माण गर्न आयात घटाउँदै र निर्यात बढाउँदै जाने ।

**उद्देश्य**

१. स्थानीय विशेषताअनुसारको खेतीपातीमा जोड दिने ।

२. एउटा गाउँपालिकाभित्र पनि भूगोल र माटोको विशेषता फरक हुने हुँदा विकेन्द्रित खेतीपाती प्रणालीलाई अवलम्बन गर्ने ।

३. सार्वजनिक जग्गामा सामुहिक खेतीपातीको माध्यमबाट उत्पादन बढाउने ।

४. किसानहरुलाई अर्गानिक प्राविधिक रुपमा मद्दत गर्नको लागि सहजीकरण गर्ने ।

५. एक घर एक खाल्डेमलको अभियान संचालन गर्ने ।

www.bhumemun.gov.np

६. किसानको उत्पादनको गाउँपालिकाले सहकारीमार्फत् बजारको सुनिश्चित गर्ने ।

७. किसान पहिचान र वर्गीकरण गर्ने ।

८. पकेट क्षेत्र घोषणा गर्ने ।

९. फलफुल र पशुपालनमा जोड दिने ।

१०. साना र मध्यम कृषकलाई सोझो अनुदानको व्यवस्था गर्ने ।

११. किसानलाई सशक्तिकरण गर्दै सामाजिक सम्मानको वातावरण तयार पार्ने ।

१२. कृषि औद्योगिकरणलाई सहजीकरण गर्ने ।

१३. युवाहरुलाई कृषि उद्यममा आकर्षित गर्न अनुदान र प्राविधिक सहयोगको कार्यक्रम संचालन गर्ने । विदेशिएका युवाहरुलाई फिर्ता हुने बातावरण तयार पार्ने ।

१४. व्यक्ति, परिवार, सहकारी, कम्पनीका माध्यमबाट युवाहरुलाई आकर्षण गरी कृषि औद्योगिकरणमा संलग्न गराउने ।

यस खण्डको शुरुवात कृषिका मूल्य-मान्यताबाट शुरु गरिएको छ । जो निम्नअनुसार रहेका छन् ।

**मूल्य-मान्यता**

१. गाउँपालिकालाई अर्ग्यानिक पालिका घोषणा गर्ने ।
२. अर्ग्यानिक प्रविधिको खोज अनुसन्धान गर्ने ।
३. कृषियोग्य जमिनलाई गैरकृषि जमिनमा रूपान्तरण नगर्ने ।
४. स्थानीय विशेषता र हावापानी अनुसारको खेतीपाती प्रणालीको विकास र प्रवर्द्धन गर्ने ।
५. किसानको पहिचान र वर्गीकरण गर्ने, वर्गीकरण गर्दा साना, मध्यम, उच्च र व्यवसायी किसानको छनौट गर्ने ।
६. साना र मध्यम किसानलाई गाउँपालिकाले सोझै अनुदानको व्यवस्था गर्ने ।
७. कृषि पकेट क्षेत्र निर्धारण गर्ने ।
८. छानिएका किसान र पकेट क्षेत्रमा प्राविधिक सेवा उपलब्ध गराउने र अनुदानको व्यवस्था गर्ने ।
९. सार्वजनिक जग्गामा सामूहिक खेतीपाती प्रणालीको विकास गर्ने ।
१०. सार्वजनिक जग्गालाई आवश्यकता अनुसार करारमा तोकेर समूहलाई दिने ।
११. सरकारी र निजी क्षेत्रको संयुक्त लगानीमा सार्वजनिक जग्गाको उपयोग गर्ने ।
१२. कृषि उद्यमहरुलाई अनुदान दिने र प्रवर्द्धन गर्ने ।
१३. सहकारीको माध्यमबाट बजारको व्यवस्थापन गर्ने अर्थात् किसानले उत्पादन गर्ने र सहकारीले बजारको व्यवस्थापन गर्ने ।

www.bhumemun.gov.np

१४. कृषि पेशालाई सम्मानित बनाउन पहल गर्न युवाहरुलाई अनुदान र उद्यमीको माध्यमबाट आकर्षण गर्ने ।
१५. एक गाउँ एक कृषि प्राविधिकको व्यवस्था गर्ने ।
१६. स्थानीय उत्पादनलाई सम्मान गर्नु र स्थानीय उत्पादन नै मुख्य खाद्य वस्तुको रूपमा प्रयोग गर्नु ।
१७. एक घर एक करेसाबारी, एक घर कम्तीमा १२ फलफूल लगाउन अनिवार्य गर्ने ।
१८. स्थानीय खानाको महतवलाई स्थापित गर्न पहल गर्ने ।
१९. एक घर एक तालिमप्राप्त किसान हुनेछन् ।

## समस्या र चुनौति

यस भूमे गाउँपालिकाले आफ्नो भूगोल, संस्कृति, सन्दर्भ, माटोको प्रकार, स्थानीय विशेषतामा आधारित खेतीपाती प्रणाली, जाति-जनजातिको स्थितिका आधारमा निम्न समस्या र चुनौतिहरु देखेको छ ।

१. कृषकलाई सामाजिक सम्मान नहुनु ।
२. कृषि पेशामा आकर्षण नहुनु ।
३. युवाहरु विदेश पलायन हुनु/युवाहरु कृषिमा संलग्न नहुनु ।
४. कृषिको व्यवसायीकरण नहुनु ।
५. उत्पादित कृषि उपजले बजार नपाउनु ।
६. आयातित खाद्यान्नभन्दा स्थानीय उत्पादनको मूल्य बढी पर्न जानु ।
७. स्थानीय उत्पादनले कम महतव पाउनु ।
८. सिंचाईको सुविधा नहुनु र भएकोमा पनि सदुपयोग नहुनु ।
९. सरकारी निकायबाट महतव नपाउनु र प्राथमिकतामा नपर्नु ।
१०. कृषकले प्राविधिक सहयोग नपाउनु ।
११. बजारबाट प्रशस्त मात्रामा तयारी खाद्य वस्तु भित्रनु ।
१२. बजार व्यवस्थापनको अभावले खेती गर्न कम गर्नु ।
१३. सरकारी अनुदान पहुँचको आधारमा वितरण हुनु र खास किसानमा नपुग्नु
१४. जलवायु परिवर्तन ।
१५. कृषि बुढाबुढीकरण तथा महिलाकरण हुनु ।
१६. कृषि बीमा नहुनु ।
१७. प्राकृतिक विपदबाट क्षति हुँदा राहत नपाउनु ।
१८. यातायातको असुविधाको कारणले कृषकहरुले खेतीपातीमा जोड नगर्नु भन्ने भावना ।
१९. प्राविधिकको संख्या पर्याप्त नहुनु ।

www.bhumemun.gov.np

२०. समुदायले खेतीपातीमा चासो नलिनु ।
२१. समयमा मलविउको अभाव ।
२२. प्राकृतिक प्रकोप (बाढी, पहिरो, अतिवृष्टि, अनावृष्टि) ।
२३. आकाशे पानीमा निर्भर ।
२४. स्थानीय हावापानी, माटोको विशेषता अनुसार जे फल्छ त्यही रोप्ने नहुनु ।

**समाधानको बाटो**

१. गाउँपालिकाले कृषिमा अनुदान तथा प्रोत्साहन बढाउनुपर्ने ।
२. स्थानीय कृषि उत्पादनमा वृद्धि गर्न स्थानीय विशेषता अनुसारको खेतीपाती प्रवर्द्धन गर्नुपर्ने ।
३. वीउमा आत्मनिर्भर हुनुपर्ने ।
४. सिंचाई सुविधा पुऱ्याउनुपर्ने ।
५. पशुपालन, कृषिबाट उत्पादित वस्तु सहकारीले नै खरिद गरी बजार सुनिश्चित गर्नुपर्ने ।
६. युवाहरुलाई कृषिमा आकर्षित गर्न सामूहिक खेती, कृषि उद्यम र कृषि अनुदानको व्यवस्था गर्नुपर्ने ।
७. हरेक गाउँ गाउँमा उत्कृष्ट किसानलाई पुरस्कारसहित सम्मान गर्नुपर्ने ।
८. बाँझो जग्गामा सामूहिक खेतीपाती प्रणाली अबलम्बन गर्नुपर्ने, बाँझो जग्गाको हकमा सकेसम्म जग्गाधनीलाई नै खेतीपाती गर्न प्रोत्साहित गर्ने, खेतीपाती गर्न नमानेमा फलफुल खेती गर्न प्रोत्साहन गर्ने, फलफूल पनि नलगाएमा जंगल बनाउन अनुरोध गर्ने, यी सबै कुरा नमानेर २ वर्ष लगातार बाँझो राखेमा गाउँपालिकाले नजिकको गरिब घरधुरी छानी फलफूल होइन वर्षदिनमा उत्पादन हुने अन्नबाली लगाउन करारमा जग्गा दिने । गाउँपालिकाले यस्तो नीति अवलम्बन गर्दा त्यो जग्गाको सबैभन्दा नजिकको गरिब घरधुरी प्राथमिकताको सूचीमा पर्दछ । करारको रकम अत्यन्तै कम हुनेछ । जग्गाधनीले पुनः खेती गर्न चाहेमा जसले खेती गरेको हो त्यो बाली भित्र्याएपछि जग्गा धनीलाई नै जग्गा उपलब्ध गराउने र करार अन्त्य गर्ने ।
९. वाली बीमा र पशु बीमाको लागि कार्यक्रम गरी कार्यान्वयन गर्ने ।
१०. थोपा सिंचाई सुविधाको व्यवस्थापन गर्ने ।
११. आधुनिक घाँस खेतीको उत्पादन बढाई पशुपालनको विशेष कार्यक्रमको व्यवस्था मिलाउने ।
१२. उत्पादन क्षेत्रलाई छनौट गरी पकेट ब्लक निर्माण गर्ने ।
१३. अर्ग्यानिक प्रविधिको विकास गर्नुपर्ने र प्रविधि प्रवर्द्धनको लागि अध्ययन गर्नुपर्ने ।
१४. जैविक मलको व्यवस्थापन गर्नुपर्ने ।
१५. एक टोल एक प्राविधिक, एक गाउँ एक नर्सरीको व्यवस्था गर्नुपर्ने ।
१६. सरकारी अनुदान साना किसानकोमा पुग्नुपर्ने ।
१७. उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउन गाउँपालिकाले पहल गर्ने ।
१८. सरकारी अनुदान बढाउने र कम झन्झटिलो बनाउने ।



www.bhumemun.gov.np

१९. उत्कृष्ट किसानलाई पुरस्कारको व्यवस्था गर्ने ।
२०. कम्तीमा २ देखि ३ गाउँको बीचमा कृषि उपज संकलन केन्द्र स्थापना गर्ने ।
२१. एक गाउँ एक वालीको पकेट क्षेत्र बनाउने ।
२२. स्थानीय खानाको प्रवर्द्धन गर्न अभियान चलाउने, सकभर बाहिरबाट आयातित खानाका हानिबारे समुदायमा छलफल गर्ने र अभियान चलाउने ।
२३. किसानको वर्गीकरण गरी अनुदान तथा प्रोत्साहन गर्ने ।
२४. अर्ग्यानिक प्राविधिक जनशक्ति उत्पादन गर्ने ।
२५. युवा कृषकलाई प्रोत्साहन र तालिमको व्यवस्था गर्ने ।
२६. अनुभवी अगुवा किसानको ज्ञानलाई उपयोग गर्ने ।
२७. कृषि बीमाको व्यवस्था गर्ने ।
२८. सिंचाई र यातायातको व्यवस्था गर्ने ।
२९. स्थानीय किटनाशक औषधिको उत्पादन र प्रयोगमा अभियान चलाउने ।
३०. एक घर एक प्राङ्गारिक मलको उत्पादनमा प्रोत्साहन गर्ने । खाल्डे मल उत्पादन गर्नेलाई अत्यन्तै कम रकम भए पनि अनुदान दिने ।
३१. रासायनिक मलको प्रयोग गर्न नपाउने ।
३२. पशुपालनको लागि चरन क्षेत्र तथा खर्क क्षेत्रको संरक्षण गर्ने ।
३३. कृषि सडकको विकास गर्ने ।
३४. कृषि पकेट क्षेत्रको निर्धारण गर्ने ।
३५. कृषि बजारको स्थान तोक्ने ।
३६. एक गाउँ एक कृषि समूह गठन गर्ने ।
३७. सार्वजनिक जग्गामा सामूहिक खेती गर्ने ।

यस गाउँपालिकाले भूगोल र स्थानीय विशेषता, प्रकृति अनुसार २८ वटा बाली, फलफूल, दलहन, मसलाको पकेट क्षेत्र निर्धारण गरेको छ । कहाँ के कुरा हुन्छ ? के बजारमा जान्छ ? बजारमा गए पनि मूल्य के को छ ? अन्त नहुने तर हाम्रोमा हुने के छ ? त्यसको आधारमा मात्र पकेट बनाउने । जो निम्नअनुसार छन् ।

(१) आलु पकेट क्षेत्र ।
(२) लसुन पकेट क्षेत्र ।
(३) ओखर पकेट क्षेत्र ।
(४) केरा पकेट क्षेत्र ।
(५) कागती पकेट क्षेत्र ।
(६) स्याउ पकेट क्षेत्र ।
(७) सिमी पकेट क्षेत्र ।
(८) भट्मास पकेट क्षेत्र ।

(९) भाँगो पकेट क्षेत्र ।
(१०) हलुवावेद पकेट क्षेत्र ।
(११) भूइँस्याउ पकेट क्षेत्र ।
(१२) नास्पाती पकेट क्षेत्र ।
(१३) आरु पकेट क्षेत्र ।
(१४) सुन्तला, मौसम, जुनार पकेट क्षेत्र ।
(१५) बदाम, रुखबदाम पकेट क्षेत्र ।
(१६) प्याज पकेट क्षेत्र ।
(१७) बन्दा पकेट क्षेत्र ।
(१७) काउली पकेट क्षेत्र ।
(१९) रायो पकेट क्षेत्र ।
(२०) मूला पकेट क्षेत्र ।
(२१) गाँजर पकेट क्षेत्र ।
(२२) मसुरो पकेट क्षेत्र ।
(२३) केराउ पकेट क्षेत्र ।
(२४) तोरी पकेट क्षेत्र ।
(२५) टमाटर पकेट क्षेत्र ।
(२६) खुर्सानी पकेट क्षेत्र ।
(२७) बेसार पकेट क्षेत्र ।
(२८) अदुवा पकेट क्षेत्र ।

**पकेट बालीको स्थान र पकेट बाली**

पकेट बालीको निर्धारण गरिसकेपछि गाउँपालिकाले पकेटको क्षेत्र निर्धारण गरेको छ। जो तलको तालिकामा उल्लेख गरिएको छ।

## वडा नं. १

| क्र. सं. | खेतीपाती, फलफूल | घरधुरी | जमिन | कैफियत |
|---|---|---|---|---|
| १. | आलु स्याउ | ३०० | २५० हेक्टर | |
| २. | सिमी | १५० | १०० हेक्टर | |
| ३. | भाँगो | २०० | १०० हेक्टर | |

www.bhumemun.gov.np

| | | | | |
|---|---|---|---|---|
| ४. | नास्पाती | १०० | ५० हेक्टर | |
| ५. | भूईँस्याउ | २०० | १०० हेक्टर | |

## वडा नं. २

| क्र. सं. | खेतीपाती, पकेट क्षेत्र | घरधुरी | जमिन | कैफियत |
|---|---|---|---|---|
| १. | तोरी, आलु, भाँगो | ४५० | ५० विघा | |
| २. | पलम, कागती, नास्पती, ओखर, बेसार | | | |

## वडा नं. ३

| क्र. सं. | खेतीपाती, पकेट क्षेत्र | घरधुरी | जमिन | कैफियत |
|---|---|---|---|---|
| १. | केरा, पलम, कागती, नास्तापी, सुन्तला, मौसम, | | | उत्पादन हुने फलफूल |
| २. | आलु, बन्दा, काउली,रायो, टमाटार, धनियाँ, प्याज, बेसार, भाँगो | | | उत्पादन हुने तरकारी |
| ३. | केरा पकेट | १०० | १ हेक्टर | |
| ४. | कागती पकेट | १५० | २ विघा | |
| ५. | भाँगो पकेट | २०० | | |
| ६. | सिमी पकेट | ३०० | | |

## वडा नं. ४

| क्र. सं. | खेतीपाती | घरधुरी | जमिन | कैफियत |
|---|---|---|---|---|
| १. | केरा, सुन्तला, आरु, भूइस्याउ, काउली, तोरी, धनियाँ, खुर्सानी | ३५० | ३ हेक्टर | |

www.bhumemun.gov.np

**वडा नं. ५**

| क्र. सं. | खेतीपाती | घरधुरी | जमिन | कैफियत |
|---|---|---|---|---|
| १. | केरा,<br><br>सुन्तला, आरु, भूइस्याउ, तोरी, धनिया, खोर्सानी | ३४५ | ३ हेक्टर | |

**वडा नं. ६**

| क्र. सं. | खेतीपाती | घरधुरी | जमिन | कैफियत |
|---|---|---|---|---|
| १. | ओखर | ३०० | | ७५००० बोट |
| २. | केरा | १०० | | १०००० बोट |
| ३. | भटमास | ३०० | | ३०००० बोट |
| ४. | आलु | | | |

**वडा नं. ७**

| क्र. सं. | खेतीपाती | घरधुरी | जमिन | कैफियत |
|---|---|---|---|---|
| १. | आलु | ३२० | | |
| २. | ओखर | २५० | | |
| ३. | लसुन | ३२० | | |
| ४. | प्याज | ३२० | | |
| ५. | सिमी | ३२० | | |

www.bhumemun.gov.np

**वडा नं. ८**

| क्र. सं. | खेतीपाती | घरधुरी | जमिन | कैफियत |
|---|---|---|---|---|
| १. | केरा, सुन्तला, मौसम, लसुन, टमाटर, खुर्सानी, केराउ | ५५ | | पाछाबांग |
| २. | नास्पाती, ओखर, लसुन, मूला, रायो | ४५ | | मैबांग |
| ३. | लसुन, कागती, ओखर, भटमास, सिमी, भांगो | १८० | | कोर्जा |

**वडा नं. ९**

| क्र.सं. | खेतीपाती | घरधुरी | जमिन | कैफियत |
|---|---|---|---|---|
| १. | लसुन | २०० | ४०० रोपनी | कृषि प्राविधिक |
| २. | कागती, सुन्तला | ३०० | ६०० रोपनी | ढुवानी अनुदान |
| ३. | ओखर | १५० | | विरुवा, विउ मलमा अनुदान |
| ४. | हलुवावेद | | | |
| ५. | मूला, रायो, आलु, केराउ, बन्दा | | | |
| ६. | भूई स्याउ | | | |

**सार्वजनिक जग्गाको स्थिति**

यस गाउँपालिकाभित्र सार्वजनिक जग्गा कति छ भन्ने विषयमा पूरै गाउँपालिकाको स्थिति विश्लेषण गर्नुभन्दा पनि २ वटा वडाको स्थिति विश्लेषण गरिएको छ। गाउँपालिकाको वडाहरुको बीचमा धेरै ठूलो



www.bhumeerun.gov.np

असमानता र विविधता नभएकोले २ वटा वडाको मोटामोटी चित्र मात्रै यस गुरुयोजनामा प्रस्तुत गरिएको छ । जो निम्नअनुसार छन् ।

**वडा नं. ६**

| क.सं. | सार्वजनिक जग्गा | क्षेत्रफल | घरधुरी | कैफियत |
|---|---|---|---|---|
| १ | महत ठूलोगाउँ | | २२५ | |
| २ | खाजाबाङ | २५ बिघा | | |
| ३ | बजाङे राले | ४० बिघा | | |
| ४ | द्यान | ३५ बिघा | | |
| ५ | तुबाङ | २० बिघा | | |
| ६ | चैतबाङ ठार्मे | ४० बिघा | | |
| ७ | दाङबाङ | ४२ बिघा | | |
| ८ | कतारे लम्दावली सिमागाड दोमाई | ६० बिघा | | |
| ९ | खाम्दै | ५० बिघा | ३० | |
| १० | गतिङ्जा | २५ बिघा | ३० | |
| ११ | स्याला | २५ बिघा | २५ | |
| १२ | नाके | २८ बिघा | २० | |
| १३ | तामारी | १०० बिघा | ५० | |
| | जम्मा | १००० बिघा | ३७५ | |

**वडा नं. ७**

| क.सं | सार्वजनिक जग्गा | क्षेत्रफल | घरधुरी | कैफियत |
|---|---|---|---|---|

www.bhumemun.gov.np

| | | | | |
|---|---|---|---|---|
| १ | फुलबारी | १० बिगाह | १४० | |
| २ | बसैधुरी | १५ बिगाहा | १४० | |
| ३ | सँगरे खाल | ५ बिगाह | २०० | |
| ४ | थनैबाङ | ७ बिघा | २०० | |
| ५ | गली गुहाङ | ३ बिघा | २५० | |
| ६ | मारिङ | १० बिघा | १५० | |

माथिका २ वटा वडाको स्थिति विश्लेषण गर्दा यस गाउँपालिकाभित्र सार्वजनिक जग्गा लगभग एक वडामा ५० विघा जग्गा सार्वजनिक छ । ९ वटा वडाको हिसाब गर्दा ४५० विघा हुन सक्छ । तर यो तथ्यांक तलमाथि भने हुन सक्छ । तै पनि के भन्न सकिन्छ भने सार्वजनिक जग्गामा खेतीपातीलाई प्रोत्साहन गर्ने हो भने खाद्य सम्प्रभुताको बाटोमा अगाडि बढ्न धेरै मद्दत मिल्दछ ।

**गाउँपालिकाको योजना**

१. दुई महिनाभित्र किसानको पहिचान र वर्गीकरण गर्ने । वर्गीकरण गर्दा उच्च, साना, मध्यम र व्यवसायिक किसान छुट्याउने ।
२. चार महिनाभित्र एक सहकारीको स्थापना गर्ने । गाउँपालिकाले शेयर खरिदका लागि ३० लाख, क्षमता अभिवृद्धिका लागि ५ लाख र संस्थागत विकासका लागि ७ लाख गरी जम्मा ४२ लाख रुपैया सहकारीलाई उपलब्ध गराउने । उत्पादित वस्तु सहकारीले विभिन्न संकलन केन्द्रहरु मार्फत् खरिद गर्ने र विक्री गर्ने । सहकारीले एक वडामा एक संकलन केन्द्र स्थापना गर्ने । सहकारीले सार्वजनिक रूपमा पनि शेयर सदस्य आह्वान गर्ने । सकेसम्म अनुदान जति नै अर्थात् ४२ लाख रुपैया शेयरबाट जम्मा गर्ने । दोस्रो वर्षदेखि अनुदान घटाउँदै लग्ने र शेयर सदस्य बढाउँदै लैजाने । एक घर, एक शेयरको अवधारणामा चल्ने । शेयरमा रकम दिन नसक्नेलाई उत्पादित खाद्य वस्तुलाई नै मूल्यांकन गरी शेयरमा परिणत गर्ने व्यवस्था गर्ने ।
३. तत्काल भूमे गाउँपालिकाका वडा नं. १ मा आलु र स्याउ सामूहिक खेती ५ हेक्टर जमिनमा २० घरधुरीले शुरु गर्ने ।
४. वडा नं २ र ७ को मारिङमा अर्गानिक कृषि अनुसन्धान परिषद स्थापना गर्ने ।
५. अर्ग्यानिक कृषिको विकासका लागि सिर्जनात्मक किसानसँग अन्तर्वार्ता गरी एक वर्षभित्र अर्गानिक कृषि प्रविधिबारे पुस्तक प्रकाशन गर्ने ।

www.bhumemun.gov.np

६. गाउँपालिकास्तर र वडास्तरमा अगुवा किसान मञ्च बनाउने (४ महिनाभित्र)।
७. पहिलो वर्ष १२ किसिमका फलफूल र करेसाबारी बनाउने। १० घरधुरी वडाअध्यक्षले छान्ने। र ५ वर्षभित्रमा प्रत्येक घरमा १२ किसिमका फलफुल र करेसाबारी बनाउने। बजारमा भने यो नियम परिमार्जित रूपमा लागू हुनेछ। एउटा घरले घटिमा दुईवटा फलफुलका विरुवा र करेसा बारीको व्यवस्था गर्नेछ।
८. गाउँपालिकामा पहिलो वर्ष एउटा भेडा फर्म खोल्ने। अनुभव र सिकाईका आधारमा प्रत्येक वर्ष एक एक वटा भेडा फर्म बढाउँदै जाने।
९. आगामी वर्ष १०० जना किसानहरुलाई रु. ५० हजारसम्म अनुदान उपलब्ध गराउने। यस्तो अनुदान खेतीपातीको प्रकार र जमिनको आधारमा गर्ने। प्रत्येक किसानलाई बराबरी अनुदानको व्यवस्था नगर्ने। घरमा सरकारी जागिर हुने, शिक्षक, पेन्सन प्राप्त घरधुरीलाई यस्तो अनुदान उपलब्ध हुने छैन। शारीरिक श्रम नगर्नेलाई पनि यो अनुदान उपलब्ध हुने छैन। यस्तो अनुदानको प्राथमिकता दलित, साना किसान, एकल महिलाले प्राथमिकता पाउने छन्। यस्तो अनुदान जातीय हिसाबले समावेशी रूपमा गरिनेछ।
१०. अगुवा र सिर्जनात्मक किसानहरुबाट छनोट गरी ९ जना कृषि स्वयंसेवकको व्यवस्था गर्ने, जसले प्रत्येक वडामा प्राविधिक सेवा प्रदान गर्ने। ९ जना कृषि स्वयमेवक छान्दा समावेशी सिद्धान्तअनुसार महिला, दलित, जनजाति, गरिब अर्थात् जातीय र वर्गीय सन्तुलनमा छानिने छ।
११. कृषि अनुदानको क्रममा लोप भएको पुरानो तर पौष्टिक खेती कागूनो, चिनो, कालो धान जस्ता खेती गर्ने किसानहरु यस अनुदान कार्यक्रमभित्र पर्ने छन्।
१२. ५ वर्षभित्रमा २८ वटा पकेट क्षेत्र निर्माण गर्ने। पकेट क्षेत्रमा आर्थिक अनुदान र प्राविधिक सहयोग उपलब्ध गराउने, यो वर्ष प्रत्येक वडामा २ वटा पकेट क्षेत्र घोषणा गर्ने।
१३. सरकारी कृषि कार्यक्रमलाई यही ढाँचामा रुपान्तरित गर्ने अर्थात् सरकारी कृषि कार्यालयले बेग्लै प्रकारको काम नगर्ने। गाउँपालिकाको गुरुयोजनाले प्रस्ताव गरेको काममा नै सरकारी कार्यक्रम समाहित हुने।
१४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको हकमा कृषिमा गाउँपालिकाको गुरुयोजनाको योजनाअनुसार नै चल्ने वातावरणको सहजीकरण गर्ने।
१५. स्थानीय खानाको महतव स्थापित गर्न रुकुम पूर्वका तीन गाउँपालिकाको संयुक्त आयोजनामा सदरमुकाममा प्रत्येक वर्ष खाद्य मेला आयोजना गर्ने।
१६. परम्परागत अन्नबालीको पौष्टिक महतवको बुकलेट निकाल्ने।
१७. स्थानीय उत्पादन र खाद्यलाई प्रोत्साहन गर्न प्रत्येक वडामा एक अर्गानिक होटेल स्थापना गर्ने। यस्तो होटेललाई गाउँपालिकाले रु. ७५ हजारसम्म अनुदान दिने। सकेसम्म यस्तो होटेल गर्ने व्यक्ति युवा छनोट गर्ने। यस्तो अनुदान साना होटेललाई मात्र प्रदान गरिनेछ। १ लाख ५० हजार रुपैया सामान्य होटेल खोल्न लाग्दछ भन्ने अनुमानमा ५० प्रतिशत अनुदानको व्यवस्था गरिएको हो।

www.bhumeniun.gov.np

१८. स्थानीय उत्पादन र खानाको महतवबारे संचारमाध्यामसँग सहकार्य गर्ने । यसको महतव सार्वजनिक रूपमा स्थापित गर्न योगदान गर्ने ।

१९. दश वर्षभित्रमा सिंचाई सम्भव भएको क्षेत्रलाई पूर्ण सिंचित गरी सिंचित गाउँपालिका घोषणा गर्ने ।

२०. सबै कृषि उत्पादनको गाउँपालिकाले मूल्य निर्धारण गर्ने र यस्तो कार्य प्रत्येक उत्पादनको सिजनमा गर्ने । मूल्य निर्धारण गर्दा अगुवा किसान मञ्चको पनि उपस्थितिमा गाउँपालिकाले गर्ने ।

२१. प्रत्येक वडाको अनुदान कार्यक्रममा वडालाई चाहिने बीउको मूल्यांकन गरी किसान छनौट गर्ने र बीउमा आत्मनिर्भर हुने ।

www.bhumemun.gov.np

# सामुदायिक शिक्षा

२०२८ सालमा नयाँ शिक्षा लागू भएपछि समुदायको स्वामित्वमा रहेका विद्यालयहरु राष्टियकरण भए र समुदायमा रहेको अधिकार जिल्ला शिक्षा समितिमा गयो । २०२८ भन्दा पहिला शिक्षकको नियुक्ति, विद्यालय व्यवस्थापनका कामहरु स्वयम् समुदायले नै गर्थे । तर नयाँ शिक्षाले समुदाय र विद्यालयको सम्बन्धलाई खण्डित बनायो । सरकारले शिक्षकको तलब दिनु र भौतिक पूर्वाधारमा मद्दत गर्नु त ठीकै थियो । तर शिक्षकलाई तलब र भौतिक पूर्वाधारमा मद्दत वापत अभिभावकको स्वामित्व गुम्यो । विद्यालयका निर्णयहरु टाढैबाट हुन थाले । एक ढंगले समुदाय विद्यालय व्यवस्थापनमा बाहिर पर्‍यो । राज्यपुर्नसंरचनाको सन्दर्भमा अहिले स्थानीय सरकारले शिक्षक नियुक्ति भन्दा बाहेकका क्षेत्रमा काम गर्न सक्ने कुरालाई मध्यनजर राखी यस गुरुयोजनाले शिक्षा सम्बन्धी प्रस्तावहरु गरेको छ ।

गाउँपालिकाको गुरुयोजनामा शिक्षा भन्नाले १२ कक्षासम्मको शिक्षालाई बुझिने छ। यस गुरुयोजनाले १२ कक्षा भन्दा माथिको शिक्षाको बारेमा बोलेको छैन । गाउँपालिकाको दृष्टिकोणमा अहिले सबैभन्दा पहिले शिक्षामा योगदान गर्नुपर्ने १२ कक्षासम्मको शिक्षालाई नै हो । त्यस अर्थले यस गुरुयोजनाले १२ कक्षासम्मका शिक्षाका मान्यता, समस्या, चुनौती र समाधानका बाटाहरु के हुन् सक्छन् ? प्रस्तुत गरेको छ । सबैभन्दा पहिले यस गाउँपालिकाले शिक्षा सम्बन्धी मान्यता प्रस्तुत गरेको छ ।

सामुदायिक शिक्षाका सोंच, लक्ष्य र उद्देश्य निम्नअनुसार रहेका छन् ।

**सोंच**

मानवशक्तिको सशक्तीकरण गर्दै विभेदरहित समाजको निर्माण गर्न आवश्यक मानवशक्तिको उत्पादन गर्ने ।

**लक्ष्य**

गाउँपालिकालाई चाहिने आवश्यक मानवशक्ति उत्पादन गर्ने ।

**उद्देश्य**

१. सामुदायिक शिक्षाको माध्यमबाट सबैको लागि शिक्षा र गुणस्तरीय शिक्षा प्रदान गर्ने ।

२. विद्यालयलाई अभिभावकको स्वामित्वमा ल्याउने ।

३. विद्यालय व्यवस्थापन समितिको सक्रियता बढाउने ।

४. १ देखि ३ कक्षामा मातृ भाषामा शिक्षा प्रदान गर्ने ।

www.bhumemun.gov.np

५. स्थानीय विशेषताअनुसार पाठ्यक्रम निर्माण गर्ने ।

६. सरकारी प्रणाली र गाउँपालिकाको विद्यालयमाथिको अनुगमन प्रणालीलाई व्यवस्थित गर्ने ।

७. आवश्यकता अनुसार गाउँपालिकाभित्र शिक्षक सरुवा गर्ने ।

यस गाउँपालिकाले भौतिक पूर्वाधारलाई ठूलो समस्याको रूपमा लिएको छैन । विद्यालय व्यवस्थापन र सुशासनलाई नै प्रमुख समस्या मानेको छ ।

१. गाउँपालिकाले शिक्षकलाई विद्यालयको शैक्षिकस्तर उन्नतिको लागि पूर्ण सहयोग गर्नेछ ।

२. शिक्षकलाई अभिभावकले गर्नुपर्ने सहयोग के हो ? शिक्षकले पहिचान गरेमा अभिभावकहरुलाई पूर्ण सहयोगी बनाउन मद्दत गर्नेछ ।

३. अभिभावक शिक्षा सञ्चालन गर्नेछ ।

४. विद्यालय व्यवस्थापन समितिलाई सक्रिय बनाउन सहजीकरण गर्नेछ ।

५. शिक्षक, कर्मचारी, जनप्रतिनिधिका छोराछोरीले सामुदायिक स्कूलमा अनिवार्य पढाउनुपर्ने मान्यता राख्दछ ।

६. शिक्षामा अभिभावक जागरण, विद्यालय व्यवस्थापन समिति र शिक्षकलाई सहयोग गर्नका लागि एक वडा एक स्वयम्सेवकको मान्यता अगाडि सारिएको छ ।

७. स्वयम्सेवक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षले शिक्षकको गुणस्तर र नियमितताबारे प्रत्येक महिना गाउँपालिकालाई प्रतिवेदन बुझाउनुपर्नेछ ।

८. यस गाउँपालिकाभित्र शिक्षकले ट्युसन पढाउने छैनन् । आवश्यकता भएमा विद्यालयले कोचिङ क्लास निशुःल्क सञ्चालन गर्ने छ ।

९. स्थानीय अनुभव प्राप्त व्यक्तिहरुबाट स्थानीय भाषा, संस्कृति, ज्ञान सिपको बारेमा विद्यालयमा अध्ययापन गराउने व्यवस्था मिलाउने । यस्तो अनुभवप्राप्त व्यक्तिलाई अतिथि शिक्षकको रुपमा सम्मान गर्ने ।

१०. कक्षा ८, ९ र १० का विद्यार्थीहरुलाई नेपाली राजनीतिक परिवर्तनको इतिहाससम्बन्धी जानकारी गराउने । २००७ सालको परिवर्तन, ०१७ सालको प्रतिगमन, २०२७, २८ को झापा विद्रोह । ०४६ को परिवर्तन, २०५२ को सशस्त्र जनयुद्ध । ०६२, ०६३ को आन्दोलनको बारे अध्यापन गराउने ।

www.bhumemun.gov.np

११. स्थानीय शैक्षिक भ्रमणलाई प्रवर्द्धन गर्ने ।

१२. शिक्षकहरुको वर्गीकरण गर्ने । जसमा योग्य, मध्यम र कमजोर शिक्षक ।

१३. प्रत्येक विद्यालयमा वालमैत्री कक्षाकोठा बनाइनेछ ।

१४. विभिन्न गाउँमा आवश्यकताका आधारमा वाल विकास केन्द्र स्थापना गरिनेछ ।

**शिक्षाका समस्याहरु**

१. शिक्षक नियमित उपस्थिति नहुनु । उपस्थित भएर पनि निरन्तर पढाइमा ध्यान नदिनु ।

२. शिक्षकहरु वि. व्य. स. को नियन्त्रणमा नहुनु ।

३. विद्यालयमा शिक्षकको दरबन्दी आवश्यकताअनुसार पुरा नहुनु ।

४. अभिभावकले विद्यालय, विद्यार्थी र शिक्षकबारे चासो नदिनु । अभिभावकले विद्यालयमा निगरानी नगर्नु ।

५. व्यवस्थापन समिति सक्रिय नहुनु ।

६. अतिरिक्त क्रियाकलाप सञ्चालन हुन नसक्नु ।

७. शिक्षकको उमेरको हदबन्दी बढी हुनु, जसले गर्दा युवाहरुले शिक्षकमा प्रवेश नपाउनु ।

८. टाठाबाठा व्यक्ति र शिक्षकहरुले आफ्ना छोराछोरी निजी स्कूलमा पढाउनु ।

९. स्थानीय सरकारले विद्यालयको अनुगमन नगर्नु ।

१०. लामो समयसम्म शिक्षक एकै ठाउँमा रहनु ।

११. पाठ्यक्रम स्थानीयकरण नहुनु । अर्थात् सामाजिक परिवेश अनुसारको पाठ्यक्रम नहुनु ।

१२. विद्यालय सुधार योजना (स्कूल इम्प्रुभमेन्ट प्लान) निर्माणको प्रक्रियामा त्रुटी ।

१३. शिक्षकहरुको दलीयकरणको अवस्था । अर्थात् निर्वाचनको बेला दलका नेताहरुलाई भोट मागेर जिताए वापत जनप्रतिनिधिले शिक्षकहरुलाई नियन्त्रण गर्न नसक्नु ।

१४. विद्यालय तथा शिक्षक कर्मचारीहरुलाई कार्यसम्पादनको आधारमा पुरस्कार र दण्डको व्यवस्थालाई कार्यान्वयन गर्न नसक्नु ।

१५. स्रोत व्यक्तिहरुको अनुगमन फितलो हुनु ।

१६. बालमैत्री शिक्षण विधिको प्रयोग नहुनु ।

१७. मातृभाषामा शिक्षा प्रदान नहुनु ।

१८. शिक्षक विद्यार्थीले कक्षा कोठामा मोबाइल चलाउने बानी हुनु ।

**सार्वजनिक शिक्षाको समाधानको बाटो**

१. अभिभावकको सक्रियता बढाउने । आफ्ना बच्चा-बच्चीले कस्तो पढिरहेका छन् ? शिक्षकहरुले कस्तो विधिबाट पढाएका छन् ? भन्ने मान्यतामा रहेर सम्बन्धित विद्यालयका अभिभावकहरु विद्यालयमा जाने, शिक्षकहरुसँग सोध्ने, चासो लिने बनाउन गाउँपालिकाले आवश्यक सहजीकरण गर्ने ।

२. आवश्यकताको आधारमा विद्यालय समायोजन गर्न अध्ययन गर्ने ।

३. स्थानीय आवश्यकताको आधारमा पाठ्यक्रम निर्माण गर्न पहल गर्ने ।

४. अनुगमन, निरीक्षण प्रक्रियालाई प्रभावकारी बनाउने ।

५. प्रधानाध्यापकलाई विद्यालयमा कम कक्षा लिन प्रोत्साहित गर्ने र व्यवस्थापकमा रुपान्तरित गर्ने ।

६. विद्यालय व्यवस्थापन समितिलाई सक्रिय बनाउन गाउँपालिका र शिक्षा स्वयम्सेवीले सहजीकरण गर्ने ।

७. विद्यालय व्यवस्थापन समितिले शिक्षकहरुलाई आवश्यक निर्देशन दिने । उपस्थित नहुने, लापर्वाही गर्ने शिक्षकलाई कार्वाहीको दायरामा ल्याउने वातावरण तयार पार्ने ।

८. कक्षाकोठाभित्र शिक्षक र विद्यार्थीले मोबाइल चलाउन नहुने बारे छलफल चलाउने ।

९. गाउँपालिकाले वडास्तरमा शिक्षा समिति गठन गर्नुपर्ने ।

१०. शिक्षकहरुलाई घुम्ती सरुवाको व्यवस्था गाउँपालिकाले गर्ने ।

११. गाउँपालिकाभित्र ट्युसन पढाउन नपाइने, निशुल्क कोचिङ क्लास भने सञ्चालन गर्न पाइने छ ।

१२. मातृभाषामा शिक्षण विधिको प्रयोग गर्ने ।

१३. शिक्षकहरुको वैचारिक आस्थाको स्वतन्त्रताको सम्मान गरिनेछ । तर विद्यालयमा १० देखि ४ बजेसम्मको नियमित रूपमा सिर्जनात्मक तरिकाले पढाउनु पर्ने छ ।



www.bhumemun.gov.np

१४. सरकारी अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन गाउँपालिकाले निर्देशन दिनेछ ।

१५. जनप्रतिनिधि, शिक्षक, कर्मचारीका छोराछोरी निजी विद्यालयमा पढेको भएमा सार्वजनिक विद्यालयमा फर्काउने छन् ।

१६. कक्षा ५ देखि माथिका विद्यार्थीलाई घटीमा एक घण्टा घरमा कृषि कर्म गर्ने वातावरणका लागि सहजीकरण गरिनेछ । ताकि विद्यार्थीले श्रमप्रति सम्मान र कृषि प्रवर्द्धनमा आफ्नो योगदान गर्न सकून् ।

**गुरुयोजनाले प्रस्ताव गरेका निर्णयहरु**

१. शिक्षा स्वयम्सेवक गाउँपालिकाले आफ्नै स्रोतबाट व्यवस्था गर्ने ।

२. विद्यालय व्यवस्थापन समिति र अभिभावक सक्रिय बनाएर विद्यालयको स्वामित्व अभिभावकमा ल्याउने । विद्यालय व्यवस्थापन समिति र अभिभावकलाई तालिम, गोष्ठीको माध्यामबाट क्षमता अभिवृद्धि गर्ने ।

३. शिक्षक, कर्मचारी, जनप्रतिनिधिका छोराछोरीहरु सामुदायिक स्कूलमा पढाउने ।

४. विद्यालय व्यवस्थापन समिति र शिक्षा स्वयम्सेवकले मासिक रूपमा विद्यालयको अनुगमन गरी वडाअध्यक्षलाई प्रतिवेदन बुझाउने । प्रतिवेदनका आधारमा शिक्षकको तलब भुक्तानी गर्ने ।

५. विद्यालय व्यवस्थापन समिति महासंघ निर्माण गर्ने ।

६. विद्यालय व्यवस्थापन समितिलाई बैठक भत्ता सुविधाको रूपमा प्रदान गर्ने ।

७. विद्यालय व्यवस्थापन समितिको बैठक महिनामा एक पटक अनिवार्य बस्ने ।

८. भुमे गाउँपालिकाको वडा नं. १, २, ६ र ७ मा विद्यालयमा मातृभाषाको पाठ्यक्रम चलेको छ । यस्तो पाठ्यक्रमलाई अबदेखि स्थानीयकरण गर्ने ।

९. वडा नं. ३, ६, ७ का ६ वटा विद्यालयमा अर्को शैक्षिक सत्रदेखि स्थानीयकरण गरिएको पाठ्यक्रमको आधारमा मातृभाषामा शिक्षा प्रदान गर्ने ।

१०. विद्यालय सुधार योजना (एसआइपी) विद्यालय व्यवस्थापन समिति, वडाअध्यक्ष, शिक्षक, प्रधानाध्यापक र शिक्षा क्षेत्रमा अभिरुची राख्नेहरु मिलेर निर्माण गर्ने । यस्तो योजनालाई बार्षिक रूपमा समीक्षा गर्ने ।

www.bhumemun.gov.np

११. विद्यालय अनिवार्य रूपमा २२० दिन चलाउने । केन्द्रिकृत रूपमा गरिएका विदाले स्थानीय संस्कृतिलाई नसमेटेको हुँदा आफ्नै क्यालेण्डर बनाई स्थानीय आवश्यकताअनुसार विदालाई समायोजन गरिने तर २२० दिन भने विद्यालय अनिवार्य खुल्नुपर्ने छ ।

१२. विद्यालय आवश्यकता अनुसार समायोजन गर्ने ।

१३. १ देखि १२ चलेका विद्यालयमा कक्षा १ देखि ५ सम्मका विद्यालयलाई छुट्टै ठाउँमा राख्न पहल गर्ने ।

१४. विद्यालयमा खाजाको वितरण गर्न माथिल्ला निकाय तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुमा पहल गर्ने ।

१५. अहिले गाउँपालिकामा रहेका सिकाइ केन्द्रहरुले अभिभावक जागरण, सार्वजनिक सुनुवाई, शिक्षक अभिभावकबीच छलफल गर्ने यस्ता केन्द्रका व्यक्तिले कक्षा नलिने ।

१६. सरकारी तहबाट गरिएको अनुगमनको प्रतिवेदन गाउँपालिकालाई समेत बुझाउनु पर्ने ।

१७. सामुदायिक विद्यालयमा स्थानीय अनुभवप्राप्त व्यक्तिबाट हप्ताको एउटा कक्षा भाषा, संस्कृति, जनजाति संस्कृति, महिला विभेदअन्त्यका लागि, छुवाछुत अन्त्यका लागि संचालन हुनेछ । यस्ता कक्षाहरुमा परम्परागत जडिबुटीको महतव, संरक्षण र उपयोगबारे, कृषिको महतवबारे स्थानीय अनुभवप्राप्त व्यक्तिद्वारा बताइने छ । यस्तो कक्षा वर्षमा ४८ वटा संचालन हुनेछन् । यस्ता कक्षामा परम्परागत संस्कृति मात्रै होइन, आन्दोलनका क्रममा जन्मिएका संस्कृतिहरुलाई पनि विद्यार्थीहरुलाई साक्षात्कार गराइने छ ।

१८. माध्यमिक विद्यालयमा नेपालको राजनीतिक परिवर्तनलाई विद्यार्थीहरुमाझ छलफल गर्नका लागि महिनाको एउटा कक्षा नेपालको राजनीतिक परिवर्तनसम्बन्धी हुनेछ ।

१९. स्थानीय शैक्षिक भ्रमणमार्फत् भूगोल, प्रकृति र संस्कृतिको जानकारी गराउनुका साथै विगतमा भएका युद्धस्थलहरुमा लगी सामान्य नागरिकहरु सेनासँग कसरी लडे ? किन लडे ? त्यो लडाईले प्राप्त के भयो भन्ने कुरा अवगत हुनेछ । यस्तो अध्ययन युद्धस्थलहरुमै लगेर गराइने छ ।

२०. विद्यार्थीले एक घण्टा श्रम गर्न सहजीकरण गर्नका लागि व्यवस्थापन समिति, शिक्षक, अभिभावक, वडाअध्यक्षले सहजीकरण गर्ने छन् ।

२१. शिक्षकहरुको वर्गीकरण गरी योग्य शिक्षकलाई प्रोत्साहन स्वरुप सम्मान गर्दै मध्यम र कमजोर शिक्षकलाई योग्य बनाउन विशेष योजनाहरु संचालन गर्ने ।

२२. अपांगमैत्री शिक्षाको व्यवस्थापन गर्दै जाने ।

२३. स्मार्ट र डिजिटल शिक्षाको प्रबन्ध गर्दै जाने ।

२४. गाउँपालिकाभित्र शिक्षक सरुवा आवश्यकताका आधारमा गरिनेछ ।

## सामुदायिक स्वास्थ्य

भूमे गाउँपालिकामा स्वास्थ्य सेवा भन्नाले एलोपेथिक र परम्परागत उपचार विधिलाई अंगिकार गरेको छ । यस क्षेत्र परम्परागत उपचार पद्धतिका हिसाबले निक्कै समृद्ध क्षेत्र हो । तर लामो समयको वहिष्करणले वा उपेक्षाले परम्परागत स्वास्थ्य उपचार पद्धतिका ज्ञान कमजोर हुँदै गएका छन् । लोपोन्मुख अवस्थामा छ । तसर्थ गाउँपालिकाले एलोपेथिक र परम्परागत स्वास्थ्य उपचार विधिलाई आफ्नो गुरुयोजनामा प्रस्ताव गरेको छ ।

**सामुदायिक स्वास्थ्यका सोंच, लक्ष्य र उद्देश्य निम्नअनुसार रहेका छन् ।**

**सोंच**

गाउँपालिकाले आधारभूत स्वास्थ्य सेवा प्रदान गर्दै परम्परागत उपचार पद्धतिलाई मान्यता र प्रवर्द्धन गर्दै नागरिकको स्वास्थ्यको ग्यारेन्टी गर्ने ।

**लक्ष्य**

स्वास्थ्यमा आधारभूत सेवा प्रदान गर्दै परम्परागत पद्धतिलाई संस्थागत गर्ने बाटोबाट सहज र सुलभ तरिकाले स्वास्थ्य सेवा लिन सक्ने वातावरण तयार पार्ने ।

**उद्देश्य**

१. आधारभूत स्वास्थ्य सेवालाई गाउँपालिकाले ग्यारेन्टी गर्ने ।
२. परम्परागत उपचार पद्धतिलाई संरक्षण र प्रवर्द्धन गर्ने ।
३. एक घण्टाको दुरीमा स्वास्थ्य सेवामा पहुँच राख्न सहजीकरण गर्ने ।
४. महिला प्रजनन् अधिकारको सवालमा सहजीकरण गर्ने ।
५. सामुदायिक स्वास्थ्य इकाइ केन्द्रमार्फत् आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने ।

www.bhumemun.gov.np

**यस गाउँपालिकाका स्वास्थ्यसम्बन्धी मूल्य मान्यताहरु निम्नअनुसार रहेका छन् ।**

१. आधारभूत स्वास्थ्य सेवा सहज र सरल तरिकाले नागरिकमा पहुँच पुऱ्याउने ।

२. परम्परागत उपचार विधिलाई मान्यता दिई संस्थागत विकास गर्ने र परम्परागत उपचारमा उपयोगी जडिबुटीलाई संरक्षण, व्यवस्थापन र उपयोगमा ल्याउने ।

३. परम्परागत उपचार विधिलाई संस्थागत गर्न स्वास्थ्य स्वयम्सेवक राख्ने ।

४. स्वास्थ्यमा सामाजिक न्यायको अवधारणालाई आत्मसात् गर्ने ।

५. स्वास्थ्य समितिहरुलाई सक्रिय बनाउने ।

६. स्वास्थ्य इकाइमा गाउँपालिकाले मूल्याङ्कन तथा अनुगमन प्रणालीलाई व्यवस्थित गर्ने ।

**एलोपेथिकतर्फ**

यस गुरुयोजनाले एलोपेथिकतर्फ निम्नलिखित प्रस्ताव गरेको छ । यो गाउँपालिका नयाँ भएको हुनाले अहिलेको सरकारी नीति तथा कार्यक्रमअनुसार पनि स्वास्थ्यसेवाहरु पुग्न सकेका छैनन् । तसर्थ अहिलेको सरकारी नीति तथा कार्यक्रममा पुग्नका लागि निम्न लिखित प्रस्ताव राखियो ।

१. गाउँपालिकाभित्र २५ सैयाको हस्पिटल स्थापना गर्नुपर्ने ।

२. चारवटा वडामा स्वास्थ्य चौकी थप गर्नुपर्ने ।

३. सामुदायिक स्वास्थ्य इकाइ केन्द्र स्थापना गर्नुपर्ने जो वडाअनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| वडा नं. | सामुदायिक स्वास्थ्य इकाइ केन्द्रको संख्या |
|---|---|
| १ | ४ वटा सामुदायिक स्वास्थ्य इकाइ केन्द्र |
| २ | ३ वटा सामुदायिक स्वास्थ्य इकाइ केन्द्र |
| ३ | ३ वटा सामुदायिक स्वास्थ्य इकाइ केन्द्र |
| ४ | १ वटा सामुदायिक स्वास्थ्य इकाइ केन्द्र |

www.bhumemun.gov.np

| | |
|---|---|
| ५ | २ वटा सामुदायिक स्वास्थ्य इकाइ केन्द्र |
| ६ | २ वटा सामुदायिक स्वास्थ्य इकाइ केन्द्र |
| ७ | ३ वटा सामुदायिक स्वास्थ्य इकाइ केन्द्र |
| ८ | १० वटा सामुदायिक स्वास्थ्य इकाइ केन्द्र |
| ९ | १० वटा सामुदायिक स्वास्थ्य इकाइ केन्द्र |

यस गाउँपालिकाभित्र ३८ वटा सामुदायिक स्वास्थ्य इकाइ केन्द्रहरु सञ्चालन हुनेछन् । जसले आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने छन् ।

**सामुदायिक स्वास्थ्यका समस्याहरु**

१. आधारभूत स्वास्थ्य सेवाहरु स्वास्थ्यचौकीबाट प्राप्त नगर्नु ।

२. दरबन्दी अनुसार कर्मचारी उपस्थित र नियमित नहुनु ।

३. स्वास्थ्यचौकीमा स्वास्थ्यकर्मीको अनियमितता र हेलचक्र्याइ हुनु ।

४. स्वास्थ्य व्यवस्थापन समिति क्रियाशील नहुनु ।

५. सरकारले घोषणा गरेका निशुल्क औषधिहरु पर्याप्त नहुनु ।

६. स्वास्थ्य चौकीको सेवाबारे समुदायमा जागरण नआउनु ।

७. स्वास्थ्य चौकीहरुमा उपकरण नहुनु ।

८. २४सैं घण्टा खुल्ला हुने स्वास्थ्य चौकी नहुनु ।

९. स्वास्थ्य सेवा सम्बन्धी प्रचार-प्रसार कम हुनु ।

१०. स्वास्थ्यचौकी व्यवस्थित नहुनु ।

११. गाउँपालिकाभित्र एम्बुलेन्स नहुनु ।

१२. महिला प्रजनन अधिकारबारे कम छलफल हुनु ।

१३. पाठेघर खस्ने समस्याको सार्वजनिकीकरण नहुनु ।

www.bhumemun.gov.np

१४. अपाङ्गता भएका व्यक्तिहरुको पुर्नस्थापनामा पहल नहुनु ।

१५. सरकारी कर्मचारीले औषधी पसल खोल्नु ।

**समाधानका बाटाहरु**

१. दरबन्दीअनुसारको कर्मचारीको व्यवस्थापन हुनुपर्ने ।

२. उपकरणहरु र भौतिक पूर्वाधारले सम्पन्न हुनुपर्ने ।

३. सहकारीमार्फत् फार्मेसीहरु खोलिनुपर्ने ।

४. २४सैं घण्टा सेवा सञ्चालन हुनुपर्ने ।

५. स्वास्थ्य व्यवस्थापन समिति क्रियाशील हुनुपर्ने ।

६. अपाङ्गता भएका व्यक्तिहरुको पुर्नस्थापनाको लागि प्रदेश र केन्द्रमा पहल गर्नुपर्ने ।

७. सकेसम्म चाँडो एम्बुलेन्स ल्याउनुपर्ने ।

८. महिला प्रजनन अधिकार र पाठेघर खस्नेबारे सार्वजनिक छलफल, बहस गर्नुपर्ने ।

९. आधारभूत स्वास्थय सेवा बाहेकका रोगहरुलाई गाउँपालिकाले छिटो छरितो विधिबाट केन्द्र वा प्रदेशमा सिफारिस गर्नेछ र राज्यका सुविधाहरु लिन उत्साहित गर्नेछ ।

**परम्परागत उपचार पद्धतिका सम्बन्धमा**

यस गाउँपालिकाले परम्परागत उपचार पद्धतिलाई पनि प्राथमिकतामा राखेको छ र परम्परागत उपचार पद्धतिको हकमा निम्नलिखित प्रस्ताव पेश गरेको छ ।

१. स्थानीय रूपमा उपलब्ध हुने जडिबुटीको खोज-अनुसन्धान र प्रकाशन, प्रचार-प्रसार गर्ने ।

२. परम्परागत उपचार पद्धति गर्ने विशिष्ट व्यक्तिको पहिचान गरी युवाहरुमा ज्ञान हस्तान्तरण गर्ने।

३. जडिबुटी प्रशोधन केन्द्र स्थापना गर्न पहल गर्ने ।

४. परम्परागत उपचार पद्धतिलाई संस्थागत विकास गर्ने अर्थात् गाउँपालिकामा परम्परागत स्वास्थ्य उपचार समिति गठन गर्ने ।

www.bhumemun.gov.np

**निर्णयहरु**

१. सुत्केरी हुँदा सुनौलो हजार दिनको ख्याल गरी राज्यले रु. १००० दिने गरेको निर्णयमा यस गाउँपालिकाले दलित, विपन्न महिला सुत्केरी भएको खण्डमा रु. ५ सय थप गरी १५०० दिने निर्णय गरेको छ। विपन्नको सिफारिस भने वडाअध्यक्षले स्थानीय सन्दर्भअनुसार गर्नेछन्। किसान वर्गीकरणको आधारमा निम्न किसानमा परेकालाई वडाअध्यक्षले सिफारिस गर्नेछन्। दलितको हकमा भने सिफारिस चाहिने छैन।

२. एचआइभी एड्स, कुष्ठरोग, क्षयरोग, क्यान्सरको रगत परीक्षण गर्न आएमा रु. २५० प्रोत्साहन भत्ता पाउने छन्। यस्तो प्रोत्साहनले रोग लुकाउने प्रवृत्तिको अन्त्य हुनेछ भन्ने गाउँपालिकाको आशय हो।

३. कुष्ठरोगलाई ५ वर्षभित्र निर्मूल पारिने छ।

४. पाठेघर खसेका महिला डाक्टरको सिफारिस लिएर गाउँपालिकामा आएमा थप उपचारको निम्ति रु. ५ हजार गाउँपालिकाले प्रदान गर्ने।

५. आधारभूत स्वास्थ्य सेवालाई गाउँपालिकाले गाउँपालिकाको अस्पताल, स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य इकाइ केन्द्रमार्फत् सुनिश्चित गर्नेछ।

६. एक घरमा १२ फलफुल र करेसाबारीको नीति अनुसार (जो कृषि खण्डमा उल्लेख गरियो) समुदायले स्वास्थ्यवर्द्धक खानेकुरा खानेछन् र श्रममा जोडिनेछन् भन्ने मान्यताले रोग लाग्नु पूर्व नै गाउँपालिकाले सचेतता अपनाउने छ। व्यक्ति र परिवारलाई श्रमसँग जोड्न मद्दत गर्नेछ। जसका कारणले रोग लाग्न नपाओस् भनेर गाउँपालिका सचेत हुने नीति अवलम्बन गरेको छ।

७. सहकारीको माध्यामबाट औषधी पसल खोलिने छ र प्रत्येक वडामा एक सहकारी औषधी पसल हुनेछ। जसले औषधी बिक्री वितरणमा देखिएको वेथितिलाई नियन्त्रण गर्ने मात्रै होइन, सरकारी कर्मचारीलाई औषधि पसल खोल्न पाइने छैन भन्ने विकल्पको रूपमा अगाडि सारेको छ।

८. स्वास्थ्य वीमा लागु गर्दै जानेछ। स्वास्थ्य वीमालाई सामाजिक न्यायको अवधारणामा आधारित बनाउन पहल गर्नेछ र स्वास्थ्य वीमा नगरिकनै अथवा स्वास्थ्य वीमाको झन्झट बाहिरबाटै हरेक नागरिकले स्वास्थ्य सेवा पाउने छन्।

९. सबै वडामा ल्याब, कोल्ड रुम र एक्सरे सेवा प्रदान गरिनेछ।

१०. एक घण्टाको दुरीमा आधारभूत स्वास्थ्य सेवा पाइने गरी सामुदायिक स्वास्थ्य इकाइ केन्द्रले स्वास्थ्य सेवा प्रदान गर्नेछ।

www.bhumemun.gov.np

११. परम्परागत उपचार पद्धतिको हकमा एक स्वास्थ्य स्वयम्सेवक नियुक्त गरिनेछ । जुन स्वास्थ्य स्वयम्सेवकले ज्ञान नयाँ पुस्तामा हस्तान्तरण गर्नुका साथै घरघरमा गएर परम्परागत सेवा प्रदान गर्नेछन् । स्वास्थ्य स्वयम्सेवीको कार्यालय स्वास्थ्य चौकीमै रहनेछ । तर स्वास्थ्य सेवा भने घरघरमा गएर दिइनेछ ।

१२. गाउँपालिकाको अनुदानले तुरुन्तै परम्परागत औषधिहरुको खोजविन गरी प्रयोगमा ल्याइने छ । प्रत्येक वडाको स्वास्थ्य स्वयम्सेवीले आफैले औषधि बनाउनु पर्नेछ । यस्तो प्रक्रियामा गाउँपालिकाले अनुदानको माध्यमबाट आर्थिक सहयोग गर्नेछ ।

१३. परम्परागत औषधीमूलक जडिबुटीहरुको आवश्यकताअनुसार खेती गरिनेछ । भएका औषधीमूलक जडिबुटीहरुको संरक्षण, व्यवस्थापन र उपयोग गरिनेछ ।

## युवा परिचालन सम्बन्धमा गुरुयोजनाको प्रस्ताव

युवा बेरोजगार अहिले नेपालको प्रमुख समस्या हो । भूमे गाउँपालिकामा पनि यसको ठूलो प्रभाव छ । यहाँका युवाहरु विदेशिएका छन्, युवाहरु बेरोजगार छन् । यसैलाई मध्यनजर गरी यस गाउँपालिकाले निम्न सोंच, लक्ष्य र उद्देश्य राखेको छ ।

### सोंच

दक्षता हासिल गर्दै उद्यमका मार्फत् स्थानीयस्तरमै स्वरोजगार हुँदै गाउँपालिकालाई आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक रूपान्तरणमा योगदान गर्ने ।

### लक्ष्य

युवाहरुको विदेश पलायनलाई रोक्न कोशिस गर्नका लागि मात्रै नभएर विदेशिएका युवालाई फर्काउन युवाहरुको प्राविधिक दक्षता, युवा उद्यमी प्रवर्द्धन गर्ने र खेलकुदको क्षेत्रमा प्रोत्साहित गर्न गाउँपालिकाले सहजीकरण गर्ने ।

### उद्देश्य

१. युवा उद्यमी उत्पादन गर्न आवश्यक सहजीकरण गर्ने ।

२. युवाहरुको क्षमता अभिवृद्धिका लागि गाउँपालिकाले सहजीकरण गर्ने ।

३. युवाहरुका लागि खेलकूद क्षेत्रको विकासका लागि गाउँपालिकाले आवश्यक वातावरण तयार पार्ने ।

४. युवाहरु सूचना प्रविधिमैत्री हुँदै सिंगो समाजलाई सूचना प्रविधिमैत्री बनाउन योगदान गर्ने वातावरण तयार पार्ने ।

५. स्थानीय कला, साहित्य, संस्कृतिमा युवा सहभागिता बढाउन गाउँपालिकाले सहजीकरण गर्ने ।

**यस गुरुयोजनाले युवाका सम्बन्धमा निम्न मान्यताहरु राखेको छ ।**

१. विदेशिएका युवाहरुलाई स्थानीय तहमै उद्यमशीलताको लागि प्रोत्साहित गर्ने ।

२. स्थानीय तहमा बेरोजगार युवाहरुलाई पनि उद्यमशीलताको लागि प्रोत्साहित गर्ने ।

३. प्रोत्साहनका लागि कृषि, पर्यटन, वन, जडिबुटीमा आधारित उद्यमहरुलाई प्राथमिकता दिने र अनुदान प्रदान गर्ने, आफ्नै गाउँमा नै युवा उद्यमी स्थापित गर्ने ।

४. गाउँमा चाहिने मानवशक्ति सकेसम्म बाहिरबाट नल्याउने, युवाहरुलाई क्षमता अभिवृद्धि तालिमका आधारमा चाहिने मानवशक्ति गाउँमै निकाल्ने । स्थानीय तहमा चाहिने मानवशक्ति स्थानीय तहमा नै उत्पादन गर्ने ।

५. सूचना प्रविधिको विकास गर्न युवाहरुलाई सहजीकरण गर्ने ।

माथिका मान्यतामा आधारित रहेर यस गाउँपालिकाले युवा विकास केन्द्रको स्थापना गर्नेछ । युवा विकास केन्द्रको सांगठनिक संरचना निम्नअनुसार हुनेछ ।

१. युवा विकास केन्द्र पालिकास्तरमा ।

२. युवा विकास केन्द्र वडास्तरमा ।

३. युवा विकास केन्द्र टोलस्तरमा ।

**युवा विकास केन्द्रका कामहरु निम्नअनुसार हुनेछन् ।**

१. युवालाई संगठित गर्ने ।

२. सूचना संचार र प्रविधिसम्बन्धी कार्यमा दक्षता वृद्धि गर्ने ।

३. युवा परिचालन गर्ने ।

www.bhumemun.gov.np

४. युवाका क्रियाकलापहरु प्रकाशन गर्ने ।

५. खेलकुद क्षेत्रलाई उच्च प्राथमिकतामा राखेर सञ्चालन गर्ने ।

६. युवा उद्यमीहरुको विकास गर्ने । यस्तो उद्यम स्थानीय स्रोत साधनमा आधारित ग्रामीण उद्योगको मान्यतामा हुनेछ ।

७. युवाहरुलाई अनुसन्धानमा अभिप्रेरित गर्ने र विषयगत दक्षता हासिल गरेका युवाहरु उत्पादन गर्ने । स्थानीयस्तरमा चाहिने विषयगत दक्षता पहिचान गरी त्यही अनुसार युवा परिचालन गर्ने ।

८. युवाहरु सहकारीमा संगठित हुने वातावरण तयार पार्ने ।

९. गाउँमा सञ्चालित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको मूल्याङ्कन तथा अनुगमन गर्ने, गैरसरकारी संस्थाहरुले के गरिरहेका छन् ? कसले लाभ पाइरहेको छ ? त्यसको विश्लेषण गरी गाउँपालिकामा प्रतिवेदन बुझाउने ।

१०. प्रत्येक वडामा युवा विकास केन्द्रले एक खेलमैदान, एक पुस्तकालयको स्थापना गर्नेछ ।

११. युवाहरुका लागि महतवपूर्ण पुस्तक, पत्रिका र श्रव्यदृश्य सामग्रीहरु वडा वडामा व्यवस्थित गर्नेछ ।

१२. युवा विकास केन्द्रले यस गाउँपालिका भित्र एक आईटी पार्क निर्माण गर्ने छ ।

१३. गाउँपालिकामा रंगशाला, टोलटोलमा व्यायामशाला, जिम क्लब, योगशाला सामुदायिक रुपमा निर्माण गर्न सहजीकरण गर्ने ।

**गाउँपालिका र युवा विकास केन्द्रको सम्बन्ध**

युवा विकास केन्द्र र भूमे गाउँपालिकाको सम्बन्ध दीर्घकालिन र रणनीतिक साझेदारीको काम हो । यसको मुख्य मर्म युवासँग गरिने गतिविधिहरु युवा विकास केन्द्रमार्फत् गरिनेछ । तल गाउँपालिका र युवा विकास केन्द्रको सम्बन्धलाई प्रस्तुत गरिएको छ ।

१. यो रणनीतिक र दीर्घकालिन साझेदारी हो ।

२. युवा विकास केन्द्रको क्षमता अभिवृद्धिको लागि गाउँपालिकाले योगदान गर्नेछ तर यसको प्रस्ताव भने युवा विकास केन्द्रबाट आउनुपर्ने छ ।

३. गाउँपालिकाको योजना तर्जुमा, मूल्याङ्कन तथा अनुगमनमा युवा विकास केन्द्रले प्रत्यक्ष सहयोग गर्नेछ । एक ढंगबाट यो गाउँपालिकालाई सल्लाहकारीय सेवा प्रदान गर्ने संस्था पनि हो।

www.bhumemun.gov.np

४. युवा क्लबहरुका प्रस्तावनाहरु युवा विकास केन्द्रमा आउने छन् वा गाउँपालिकामा आएका प्रस्तावहरु समीक्षाको लागि गाउँपालिकाले युवा विकास केन्द्रलाई प्रदान गर्नेछ । युवा विकास केन्द्रको समीक्षाको आधारमा गाउँपालिकाले आफ्नो रणनीति र कार्यनीति तयार पार्नेछ ।

५. युवा विकास केन्द्रको भवन निर्माणको लागि गाउँपालिकाले सार्वजनिक जग्गा उपलब्ध गराउने छ ।

६. गाउँपालिकाले आवश्यकता ठानेको विषय र मुद्दामा युवा विकास केन्द्रले निरन्तर सहयोग गर्नेछ । त्यस्तो सहयोग अनुसन्धान, विषयगत दक्षता र युवाहरुको क्षमता वृद्धिमा केन्द्रित हुनेछ ।

यस गुरुयोजनाले मानव स्रोतसाधन विकासमा युवा विकास केन्द्रको साझेदारीमा निम्न क्षेत्रमा र संख्यामा मानवस्रोतको विकास गर्ने र युवा उद्यमी तयार पार्ने प्रस्ताव राखेको छ ।

| क्र.सं. | बिषय | संख्या | कैफियत |
|---|---|---|---|
| १ | कृषि विज्ञ | १ | पढ्न पठाएर चार वर्षभित्र तयार पार्ने |
| २ | पशु विज्ञ | १ | पढ्न पठाएर चार वर्षभित्र तयार पार्ने |
| ३. | जेटिए | ९ जना | पढ्न पठाएर चार वर्षभित्र तयार पार्ने |
| ४. | विशेष दक्षता प्राप्त अगुवा किसान ( अर्गानिक ज्ञान भएका, प्रविधिको विकास गर्न सक्ने) | ९ जना | विशेष तालिम मार्फत् निकाल्ने । |
| ५. | अगुवा किसान (अर्गानिक ज्ञान भएका, प्रविधिको विकास गर्न सक्ने) | ७६ जना | चार वर्षभित्रमा तालिम मार्फत् तयार गर्ने |
| ६. | वन विज्ञ | १ जना | चार वर्षभित्र पढ्न पठाउने |
| ७ | स्वास्थ्य स्वयमसेवक (परम्परागत उपचार विधिमा आधारित) | १८ जना | तालिम मार्फत् उत्पादन गर्ने |
| ८. | दक्ष सिकर्मी | ५० जना | तालिम मार्फत् उत्पादन गर्ने |
| ९. | सहकारी व्यवस्थापक | ९ जना | तालिम मार्फत् उत्पादन गर्ने |

www.bhumemun.gov.np

| | | | |
|---|---|---|---|
| १०. | सहकारी लेखा व्यवस्थापक | ९ जना | तालिम मार्फत् उत्पादन गर्ने |
| ११. | पलम्बर | ९ जना | तालिममार्फत् उत्पादन गर्ने |
| १२. | दक्ष डकर्मी | ७५ जना | तालिममार्फत् उत्पादन गर्ने |
| १३. | दक्ष इलेक्टिसियन | ९ जना | तालिममार्फत् उत्पादन गर्ने |
| १४. | सुधारिएको चुल्हो निर्माणकर्ता | ३६ जना | तालिममार्फत् उत्पादन गर्ने |
| १५. | रुट गाइड | २५ जना | तालिममार्फत् उत्पादन गर्ने |
| १६. | होमस्टेको लागि चाहिने मानवशक्ति ( चुनवाङ, लावाङ, महत र लुकुम) | ६० जना | तालिममार्फत् उत्पादन गर्ने |
| १७. | होटेल व्यवस्थापक | १८ जना | तालिममार्फत् उत्पादन गर्ने |
| १८. | कम्प्युटर (डिप्लोमा) | ३५ जना | तालिम मार्फत् उत्पादन गर्ने |
| १९. | गाडी मर्मत गर्ने मिस्त्री | ५ जना | तालिममार्फत् उत्पादन गर्ने |
| २०. | सिलाइ कटाइ (लेबल ३) | ९ जना | तालिममार्फत् उत्पादन गर्ने |
| २१. | कपाल काट्ने मानवशक्ति | ९ जना | तालिममार्फत् उत्पादन गर्ने |
| २२. | जडिबुटी अनुसन्धानको लागि | ९ जना | तालिममार्फत् उत्पादन गर्ने |
| २३. | नर्सरी उत्पादन गर्ने मानवशक्ति | २७ जना | तालिममार्फत् उत्पादन गर्ने |
| २४. | ड्राइभर मानवशक्ति | १० जना | तालिममार्फत् उत्पादन गर्ने |
| २५. | मेकानिक मानवशक्ति | २५ जना | तालिममार्फत् उत्पादन गर्ने |
| २६. | आरन सुधारमा मानवशक्ति | १८ जना | तालिममार्फत् उत्पादन गर्ने |
| २७. | डेरीलाई चाहिने मानवशक्ति | ५ जना | तालिममार्फत् उत्पादन गर्न |
| २८. | अर्गानिक चिया बनाउन उच्च मानवशक्ति | ५ जना | तालिममार्फत् उत्पादन गर्न |
| २९. | स्थानीय कच्चा पदार्थमा आधारित सल उद्योग | ५ जना | तालिममार्फत् उत्पादन गर्न |

www.bhumemun.gov.np

| | | | |
|---|---|---|---|
| ३०. | जुस उद्योग | ५ जना | तालिममार्फत् उत्पादन गर्न |
| ३१. | च्याउ उत्पादन गर्ने मानवशक्ति | ९ जना | तालिममार्फत् उत्पादन गर्न |

युवा विकास केन्द्र र गाउँपालिकाको सहकार्यमा ४ वर्षपछि घटिमा ५०० युवाहरु स्वरोजगार अर्थात् उद्यमशीलतामा संलग्न भएका हुनेछन् ।

## विपद व्यवस्थापन

### सोंच

कुनै पनि व्यक्ति, परिवार र समुदाय कुनै पनि प्रकारको विपद्को जोखिममा रहने छैन ।

### लक्ष्य

विपद्मा परेका ठाउँहरुको बस्तीहरुलाई विपद्को जोखिम घटाउनु ।

### उद्देश्य

१. विपद्का क्षेत्रहरु पहिचान गर्नु ।

२. विपद् व्यवस्थापनका लागि समुदायलाई क्षमता अभिवृद्धि गरी परिचालन गर्नु ।

३. समुदाय, गाउँपालिका, प्रदेश र केन्द्रको साझेदारीमा विपद् व्यवस्थापनलाई अगाडि बढाउनु ।

४. भूकम्प प्रतिरोधी संरचनाहरुको निर्माण गर्ने ।

यस गुरुयोजनाले विपद व्यवस्थापनको क्षेत्रमा कार्ययोजना अगाडि सारेको छ र विपद व्यवस्थापनका मान्यताहरु यसप्रकार रहेका छन् ।

१. वीस वर्षभित्रमा कोही पनि व्यक्ति, परिवार र समुदाय विपद्को जोखिममा हुने छैन ।



www.bhumemun.gov.np

२. विपद व्यवस्थापन सकेसम्म स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित हुनेछ ।

३. ठूलो बाढी पहिरोका लागि बेग्लै गुरुयोजना बनाइने छ ।

४. विपद व्यवस्थापनमा सामुदायिक परिचालनलाई महतव दिइनेछ ।

५. भूकम्प प्रतिरोधी संरचनाहरुको निर्माण गर्ने ।

यस गाउँपालिकाभित्र विपद व्यवस्थापनका लागि निम्न क्षेत्रहरु र विपद व्यवस्थापन गर्ने प्रक्रिया तलको तालिकामा उल्लेख गरिएको छ ।

**वडा न. १**

| क्र.स | विपदको किसिम | स्थान | प्रभावित घरधुरी | क्षतिग्रस्त जमिन( हेक्टरमा) | सामुदायले | गा.पा.ले | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | बाढी पहिरो | रुजीखोला | २० | २५ | छेकबार वृक्षारोपन | प्राविधिक तथा आर्थिक सहयोग | |
| २ | नदी कटान | मा वि लुकुम | सिङ्गै विद्यालय | १७ | तटबन्ध निर्माण | श्रमदानद्वारा वृक्षारोपन | |
| ३ | बाढी | लुकुम गाउँ | ३५० | २०० | चरिचरन नगर्ने वृक्षारोपन गर्ने र खनिखर्सन नगर्ने | प्राविधिक र आर्थिक सहयोग | |
| ४ | बाढी | पञ्चासे | १८ | १० | तटबन्ध र जनश्रम | वर्षातको समयमा चनाखो हुने | |

www.bhumerun.gov.np

**वडा नं. २**

| क्र.स | विपदको किसिम | स्थान | प्रभावित घरधुरी | क्षतिग्रस्त जमिन( हेक्टरमा) | सामुदायले | गा.पा.ले | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | मुहान सुक्ने | गलच्योल | गाबाङ, धबाङ का ९० घर | | वृक्षारोपन श्रमदान छेकबार बाँध | प्राविधिक र आर्थिक सहयोग | |
| २ | मुहान सुक्ने | घालुङघुलुङ | काँक्री ठूलो गाउँका ११० घर | | छेकबार बाँध | प्राविधिक र आर्थिक सहयोग | |
| ३ | मुहान सुक्ने | बामखोला | सानो गाउँ ५० घर | | | | |
| ५ | पहिरो | क्वालखा | ३५ | २ बिघा | वृक्षारोपन | प्राविधिक र आर्थिक सहयोग | |
| ६ | मुहान सुक्ने | मर्पा खोला | गैरीगाउँ धुरीचाखा ४५ घर | | वृक्षारोपन श्रमदान छेकबार | प्राविधिक र आर्थिक सहयोग | |
| ७ | आगलागी | ढबाङ गाउँ | ४० | २ बिघा | वृक्षारोपन जनचेतना | प्राविधिक र आर्थिक सहयोग | |
| ८ | बाढी सम्भावना | त्रिवेणी बजार | | | | | |

**वडा नं. ३**

| क्र.स | विपदको किसिम | स्थान | प्रभावित घरधुरी | क्षतिग्रस्त जमिन ( हेक्टरमा) | सामुदायले | गा.पा.ले | कैफियत |
|---|---|---|---|---|---|---|---|



www.bhumemun.gov.np

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | पानीको मुहान सुकने | मोराबाङ भित्री खोला | ११५ | | संरक्षण गर्ने | आर्थिक सहयोग | |
| २ | पहिरो जाने | झुम्लाबाङ | ४ | २६ | वृक्षारोपन | आर्थिक सहयोग | |

**वडा नं. ४**

| क्र.स | विपदको किसिम | स्थान | प्रभावित घरधुरी | क्षतिग्रस्त जमिन ( हेक्टरमा) | सामुदायले | गा.पा.ले | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | बाढी पहिरो | काँडा बगर | ५० | १० | श्रमदान | अवस्था हेरेर सहयोग | |
| २ | बाढी पहिरो | साकिम | ६५ | ५ | श्रमदान | अवस्था हेरेर सहयोग | |
| ३ | पानी मुहान सुक्नु | काँडाको गल्फु खोला | ५५ | | वृक्षारोपन गर्ने | निरीक्षण गर्ने | |
| ४ | ढुङ्गा जोखिम पहिरो | काँडाको भिरकुटा | १०० | | वृक्षारोपन | निरीक्षण | |
| ५ | नदी कटान | तुसारिनदेखि धौलापहिरो सम्म | ६० | ९ | तटबन्ध गर्ने | अवस्था हेरेर अनुदान | |

**वडा नं. ५**

www.bhumemun.gov.np

| क.स | विपदको किसिम | स्थान | प्रभावित घरधुरी | क्षतिग्रस्त जमिन( हेक्टरमा) | सामुदायक | गा.पा.ले | कैपियत |
|---|---|---|---|---|---|---|---|
| १ | बादी | भूमे ५ डालिवाङ बालुवा सानव भेरि खोला | २० | ४ | श्रमदान | क्षति अनुसार हेरेर अनुदान गर्ने | |
| २ | पहिरो | भूमे ५ सेरावाङ दरफ फुलवाङ | १७५ | ५ | बिरुवा लगाउने तत्व दन देवाल लगाउने | निरीक्षण गर्ने सहयोग बजेट उपल्ध्ध गराउने | |
| ३ | ढुङगा आउने भित्र पहिरो | दालिबाङ खर काट्ने भिर | ८६ | २ | जाली देवाल लगाउने | बजेत निकासा अनुदान | |
| ४ | बातो सडक बात क्षती | भूमे ५ सेराबाङ दालिबाङ साकिम | ३४५ | १५ | रोकथाम जनचेतना विज्ञापन सुजाव | तालिम व्यवस्था गर्ने | |
| ५ | आगलागी | डालिबाङ | ८६ | २ | जनचेतना | | |

www.bhumemun.gov.np

**वडा नं. ६**

| क.स | विपदको किसिम | स्थान | प्रभावित घरधुरी | क्षतिग्रस्त जमिन( बिघा) | सामुदायले | गा.पा.ले | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पहिरो जाने | महत खाम्दै | १४० | ५० | जाली भर्ने | | |
| २ | पहिरो जाने | महत तामारी | ५० | २० | विरुवा लगाउने | | |
| ३ | खोलाले जमिन कटान | अबैखो महत | १० | ३० | जाली भर्ने | बजेट | |
| ४ | खोलाले जमिन कटान | महत सिस्ने खोला | ५० | ५० | विरुवा लगाउने | | |

**वडा नं. ७**

| **क.स** | **विपदको किसिम** | **स्थान** | **प्रभावित घरधुरी** | **क्षतिग्रस्त जमिन( बिघा)** | **सामुदायले** | **गा.पा.ले** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| १ | झम्झा पाखे तथा बर्षे भेल बहुला खोला | धर्मशाला गाउँ तथा स्कुल | ७५ | ६० | | | |
| २ | वर्षे पहिरो सेवास खोला | उगरीबाङ बागतारे | १५ | ४० | | | |

www.bhumemun.gov.np

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | मङ्गरा खोला | मूलपानी सितारी | ५० | ३ बिघा | | | |
| ४ | हुलबाङ पहिरो | पहिरा गाला | ९ | ३० | | | |
| ५ | खुमाखोला | खुमाखोला चौर | ७० | ४० | | | |

**वडा नं. ८**

| क.स | विपदको किसिम | स्थान | प्रभावित घरधुरी | क्षतिग्रस्त जमिन( हेक्टरमा) | सामुदायले | गा.पा.ले | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पहिरो | भैंसीलोटे | १० | ५ रोपनी | प्रभावित समुदायहरुलाई सहयोग गर्ने | राहतको व्यवस्था गर्ने | |
| २ | पहिरो र जमिन भास्सिने | ताम्दै | १२ | १० रोपनी | " | " | |
| ३ | पहिरो | झिम्का | ५ | ३ रोपनी | | | |

**वडा नं. ९**

| क.स | विपदकव किसिम | प्रभावित स्थान | घरधुरी | क्षेती ग्रस्त जमिन | समुदायकव काम | गाउँपालिका को काम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पहिरो | सिमचौर | १०० | ३० विघा | वृक्षारोपन गर्ने श्रमदान गर्ने | अध्यान गरि अनुदान वा वस्ति सार्ने | |

www.bhumemun.gov.np

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | पहिरो | घट्टे खोला | ७ | ४ विघा | वृक्षारोपन गर्ने श्रमदान गर्ने | अध्यान गरि अनुदान वा वस्ति सार्ने | |
| ३ | नदि किटान | गैरीगाउँ बजार खेत बगर | ५० | २५विघा | वृक्षारोपन गर्ने श्रमदान गर्ने | तार जालि | |
| ४ | मुहान | तारल खोला | ३९ | २५ विघा | वृक्षारोपन गर्ने श्रमदान गर्ने | अनुदान | |
| ५ | पहिरो | चर्चुलाउने | जंगल | २५ विघा | वृक्षारोपन गर्ने श्रमदान गर्ने | सहयोग वृक्षा रोपन | |
| ६ | पहिरो | मसिना | १५ | ४ विघा | वृक्षारोपन गर्ने श्रमदान गर्ने | सहयोग वृक्षारोपन | |
| ७ | पहिरो | गोर्जाले | १६ | ५ विघा | श्रमदान | वृक्षारोपन | |

**नोटः**

- मैबाङमा एक घर पहिरोले लगेकोले वडा अध्यक्षले ४ महिनाभित्र गाउँपालिकामा रिपोर्ट ल्याई उक्त घर व्यवस्थापन गर्ने ।
- विपद व्ययवस्थापन समिति वडा अध्यक्षको नेतृत्वमा बनिसकेको र कार्यविधि समेत बनिसकेको छ । यसलाई अब सक्रिय बनाउने ।

www.bhumeruri.gov.np

## प्राकृतिक स्रोत व्यवस्थापन

प्राकृतिक स्रोत व्यवस्थापनमा जल, जङ्गल र जमिनको व्यवस्थापन नै हो । जमिनको सवालमा कृषिको अध्यायमा सबै कुरा उल्लेख गरिएको छ । जल अन्तर्गत सिंचाई, खानेपानी, मुहान संरक्षण, जलविद्युत माथिकै अध्यायमा उल्लेख गरिएको छ । यस अध्यायमा खासगरी उल्लेख गर्नुपर्ने तीन विषय जो निम्नअनुसार छन् ।

१. वनको व्यवस्थापन ।
२. खोला, नदीको संरक्षण
३. खानीको उपयोग र व्यवस्थापन ।

## वन व्यवस्थापनका सोच, लक्ष्य र उद्देश्यहरु

### सोंच

वन व्यवस्थापनका उपर्युक्त पद्धतिहरु पहिचान गरी वनको हैसियत नबिग्रने गरी वनलाई उत्पादनमूलक बनाउने, वनसँगको सामाजिक, सांस्कृतिक सम्बन्धलाई अक्षुण्ण राख्दै वनको औद्योगिकरणको माध्यमबाट युवाहरुलाई स्वरोजगार प्रदान गर्दै आन्तरिक वसाई सराईलाई न्यूनीकरण गर्ने ।

### लक्ष्य

वनको संरक्षण, व्यवस्थापन, उपयोगको माध्यमबाट कृषि जनजीवन सहज र सरल बनाउँदै ग्रामीण औद्योगिकरणलाई पर्यटनलाई जोड्दै स्थानीय अर्थतन्त्रलाई मजबुत बनाउने ।

### उद्देश्य

१. कुन वनलाई कस्तो किसिमको व्यवस्थापन जरुरी छ पहिचान गर्ने ।
२. वन क्षेत्रको संरक्षण, व्यवस्थापन र उपयोगको समग्र कार्ययोजना निर्माण गर्ने ।
३. वनमाथि आश्रित समुदायको परम्परागत जीविकोपार्जनको पेशालाई संरक्षण र प्रर्वद्धन गर्ने ।
४. चरण क्षेत्रहरुको संरक्षण गर्ने ।
५. जडिबुटीको खेती, संरक्षण र व्यवस्थापन मार्फत् वनलाई औद्योगिकरणसँग जोड्दै परम्परागत उपचारपद्धतिलाई प्रवर्द्धन गर्ने ।
६. प्रकृतिमा आधारित पर्यटनको अभिवृद्धि गर्ने ।
७. वनलाई सीमान्तकृत वर्ग, गरिब, दलित, महिलाको जीवनस्तर उकास्नको लागि उपर्युक्त योजनाहरु बनाउने ।
८. यस गाउँपालिकाको जैविक विविधता संरक्षण, व्यवस्थापन र उपयोगको माध्यमबाट आन्तरिक वसाई सराइलाई न्यूनीकरण गर्दै रोक्न पहल गर्ने ।

**यस गाउँपालिकाले वन व्यवस्थापनमा निम्नलिखित मान्यताहरु अगाडि सारेको छ ।**

१. सामुदायिक वन बनाउन मिल्ने क्षेत्रहरुको खोजी गर्ने र समुदायले जोगाउन सक्ने जति वन समुदायलाई हस्तान्तरण गर्ने ।
२. सामुदायिक वन हस्तान्तरण गरेर बाँकी रहेको वनलाई पालिका वन बनाउने ।
३. यस गाउँपालिकामा रहेका कबुलियती वनहरुलाई निरन्तरता दिने ।
४. पर्यटकीय र आदिवासी जनजातिको अधिकारको दृष्टिकोणबाट आदिवासी जनजाति संरक्षित क्षेत्र बनाउने । (ICCA)
५. पशुपंक्षीमैत्री वन बनाउने ।
६. वनभित्र रहेका पानीका मुहानहरुलाई संरक्षण गर्न सामुदायिक परिचालन गर्ने ।
७. कृषि वन र फलफुल वनमा जोड दिने । तर वनको हैसियत भने नबिगारिकन उक्त वन बनाउने ।
८. वनलाई परम्परागत उपचारपद्धतिका हिसाबले जोडी औषधीजन्य जडिबुटीहरुको विशेष संरक्षण गर्ने ।

**वन व्यवस्थापनमा समस्या र चुनौती**

१. सामुदायिक वन दर्ता, नवीकरण र कार्ययोजना स्वीकृत गर्न गाउँपालिकामा नआउनु ।
२. वनमा समुदायको सल्लाहविना सडक खन्नु ।
३. वन उपभोक्ता समितिहरु सक्रिय नहुनु ।
४. सामुदायिक वनमा छुटेका उपभोक्ताहरु छुटिरहनु ।
५. वनबाट दाउरा, घाँस सोत्तर, घर बनाउने काठ भन्दा बाहेक वनमा आधारित उद्यमहरु धेरै नहुनु ।
६. वनमा आगलागी हुनु ।
७. वनमा रहेका लडा पडा काठ, बुढा रुखहरु कटान नगर्नु ।
८. सामुदायिक वनले गरिबमुखी कार्ययोजना नबनाउनु ।
९. सामुदायिक वनमा आधारित जडिबुटी उद्यम नहुनु ।

**सामुदायिक वन समाधानका बाटाहरु**

१. सामुदायिक वनमा चरिचरण रोक्नुपर्ने ।
२. चरिचरणक्षेत्र गाउँपालिकाले छुट्याउनु पर्ने ।
३. ढलापडा, बुढा रुख कति काट्न मिल्नेछन् अध्ययन गरी काट्नुपर्ने र नयाँ वृक्षारोपण ठाउँको पहिचान गरी वृक्षारोपण गर्नुपर्ने र गाउँपालिकाले आफ्नो आयस्रोत वृद्धि गरी त्यस्तो आयस्रोत उत्पादनमूलक काममा लगाउनु पर्ने ।
४. जडिबुटीमा आधारित उद्यम खोली स्थानीय समुदायले फाइदा लिन सक्नुपर्ने । तर यस्तो उद्यम बाहिरियाले भने गर्न नपाउने ।

www.bhumemun.gov.np

५. वनलाई पर्यटनसँग जोड्नुपर्ने ।
६. स्थानीय काठ उद्यमीहरुका लागि काठ सहज प्रक्रियाले पाउन सहजीकरण गर्नुपर्ने । यो स्थानीय उद्यमीको हकमा मात्रै लागू हुनेछ ।
७. सामुदायिक वन हस्तान्तरण गरेर बाँकी रहेको वन पालिकाले पालिका वन घोषणा गर्नुपर्ने ।
८. पालिका वनलाई कसरी आयमूलक बनाउन सकिन्छ ? अनुसन्धान गर्नुपर्ने ।
९. कृषि वनको अवधारणामा आधारित भएर वनको हैसियत नबिग्रनेगरी अझ राम्रोसँग संरक्षणमा ध्यान दिँदै फलफूल खासगरी ओखर र स्याउमा जोड दिनुपर्ने ।
१०. कृषि वनकै अवधारणामा आधारित भएर फलफूल बाहेक बेसार र अरु के गर्न सकिन्छ गाउँपालिकाले खोजविन गर्नुपर्ने ।

**यस गुरुयोजनाले वनका सम्बन्धमा लिएका निर्णयहरु निम्नअनुसार छन् ।**

१. समुदायले व्यवस्थापन गर्न सक्नेजति वन समुदायलाई हस्तान्तरण गर्नेछ ।
२. सामुदायिक वन हस्तान्तरण गरेर बाँकी रहेको वन पालिका वन हुनेछ ।
३. सामुदायिक वन, कबुलियती वनको कार्ययोजना दर्ता र नवीकरण गर्नेछ । यस्तो प्रावधानका लागि गाउँपालिकाले सामुदायिक वन र कबुलियती वनलाई पत्राचार गर्नेछ ।
४. वनको सदस्यता र सीमाना विवाद वडाअध्यक्षको नेतृत्वमा समाधान हुनेछन् ।
५. प्रत्येक सामुदायिक वनले गरिब, दलित र महिलामुखी कार्ययोजना निर्माण गर्नुपर्नेछ ।
६. वनलाई पर्यटन, कृषि वन र जडिबुटी उद्यमसँग जोडिने छ ।

**आदिवासी समुदायद्वारा संरक्षित क्षेत्र** (ICCA)

यस गुरुयोजनाले चार किसिमका वन व्यवस्थापन पद्धतिहरुलाई अंगीकार गरेको छ । सामुदायिक वन, कबुलियती वन, पालिका वन र समुदायद्वारा संरक्षित क्षेत्र । आदिवासी जनजाति समुदायद्वारा संरक्षित क्षेत्र नेपालका लागि नयाँ अभ्यास हो । अन्तर्राष्ट्रिय रुपमा स्वीकार्य भए पनि नेपालमा यसको अभ्यास छैन । यस्तो वनले आदिवासीका परम्परागत अधिकार र वनसँग रहेको आदिवासीको आर्थिक, सामाजिक, सांस्कृतिक सम्बन्धलाई सुनिश्चित गर्दछ ।

आदिवासी जनजाति समुदयद्रारा संरक्षित क्षेत्र भनेर सुलिचौर, जलजला, थवांग, गुनाम, लुकुम, तकसेरा, हुकाम, मैकोट, जाङ, प्वाङ, सिस्ने हुँदै ढोरपाटन, म्याग्दी, वेनीलाई आदिवासी जनजाति संरक्षित पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नेछ । आदिवासी जनजाति संरक्षित क्षेत्र तोकिनुका कारण निम्न छन् ।

१. आदिवासी जनजातिको सांस्कृतिक सम्बन्ध भएको ।
२. परम्परागत जीविकोपार्जनमा सम्बन्ध जोडिएको ।
३. खर्क चरणहरु चरणक्षेत्र भएको ।
४. खोला, छहरा भएको ।
५. वन्यजन्तु भएको ।
६. मोटरबाटोबाट कम दुरी भएको ।

७. वनमा विविधता भएको अर्थात् जैविक विविधतापूर्ण जंगल भएको ।
८. जडिबुटीहरु भएको ।
९. उच्च क्षेत्र भएको ।
१०. युद्धका महतवपूर्ण स्थलहरु पनि समावेश भएको ।

माथिको छनौट प्रक्रियालाई विश्लेषण गर्दा संरक्षित क्षेत्र तीन कारणले महतवपूर्ण छ । पहिलो यसमा प्राकृतिक विविधता छ। दोस्रो जनजाति वस्तीहरु भएकोले सांस्कृतिक विविधता छ। र प्रकृति र संस्कृतिभित्र युद्धका महतवपूर्ण स्थलहरु जोडिएको छ । पर्यटकीय दृष्टिकोणले यो संरक्षित क्षेत्र प्रकृति, संस्कृति र युद्ध पर्यटन जोडिएको क्षेत्र हो । जो नेपालका लागि सर्वथा मौलिक क्षेत्र हो । यस आदिवासी समुदाय संरक्षित क्षेत्र (ICCA) को गुरुयोजना गाउँपालिकाले एकवर्षभित्र बनाउने छ। यस गुरुयोजनाले आदिवासी जनजाति समुदायद्वारा संरक्षित क्षेत्रको पहिचान गरेको छ । एक वर्षभित्र यसको बेग्लै गुरुयोजना बन्ने छ ।

## नदी संरक्षण

नदी संरक्षण अहिले एउटा प्रमुख विषय हो । मानव बढ्दो वस्ती विकासले नदीको जीवनमाथि संकट आएको छ । यस गाउँपालिकाभरिका नदीको जीवन जोगाउन निम्नलिखित मान्यता र निर्णय अगाडि सारेको छ ।

१. नदीमा मानव सिर्जित फोहारजन्य पदार्थहरु तथा ढल नमिसाउने ।
२. माछा मार्दा वम, विषादीको प्रयोग गर्न नपाइने ।
३. बाहिरियाहरुलाई माछा मार्न प्रतिबन्धित गर्ने ।
४. परम्परागत रुपमा माछा मारिरहेकाहरुलाई सहजीकरण गर्ने ।
५. नदी संरक्षणको लागि सामुदायिक समूहहरुको निर्माण र परिचालन गर्ने ।

## खानी

यस गाउँपालिकाभित्र रहेका खानीहरुको संघ र प्रदेशको सहयोगमा खानीको अध्ययन गर्ने प्रस्ताव अगाडि सारेको छ । के खानी छन् ? कति मात्रामा छन् ? अहिलेसम्मका अध्ययनहरुले विश्वासिलो ढंगले प्रस्तुत गर्न सकेको छैन । अब विश्वासिलो ढंगबाट अध्ययन गर्न गाउँपालिकाले गुरुयोजनामा प्रस्ताव राखेको छ ।

खानीको सम्भाव्यता अध्ययन भइसकेपछि खानी उत्खननको चरणमा अर्थात् खानी उत्खननभन्दा पहिला स्थानीय सरकार र स्थानीय समुदायले पाउने लाभको बाँडफाँड हुन जरुरी छ। आफ्नो गाउँपालिकामा खानी प्रयोगमा आयो भने गाउँपालिकाले पाउने हिस्सा के हो ? कति हो ? कसरी हो ? त्यसैगरी समुदायले पाउने कसरी हो र कति हो ? उत्खननपूर्व नै सहमति गर्नु जरुरी छ । यस अर्थबाट खानीको लाभको बाँडफाँडबाट चारथरी तहले लाभको बाँडफाँड गर्न जरुरी भएको मान्यता अगाडि सारेको छ । गाउँपालिकाले लाभको बाँडफाँडको प्रस्ताव यसरी प्रस्तुत गरेको छ ।

www.bhumemun.gov.np

| क्र.सं. | तह | लाभको प्रतिशत |
|---|---|---|
| १ | स्थानीय समुदाय | ३० प्रतिशत |
| २ | स्थानीय सरकार | ३० प्रतिशत |
| ३ | प्रदेश सरकार | २० प्रतिशत |
| ४ | संघीय सरकार | २० प्रतिशत |

# पर्यटन

स्थानीय अर्थतन्त्र बृद्धिको लागि यस गाउँपालिकाले पर्यटनलाई पनि प्रमुख आधारमध्येको एक आधार बनाएको छ । यस गाउँपालिकाले पर्यटन सम्बन्धी निम्न सोंच, लक्ष्य र उद्देश्य राखेको छ ।

### सोंच

पर्यटनले स्थानीय अर्थतन्त्रको वृद्धिका लागि प्रकृति, संस्कृति र युद्ध पर्यटनबाट प्रवर्द्धन गर्ने ।

### लक्ष्य

स्थानीय अर्थतन्त्रको बृद्धि गर्दै आत्मनिर्भर समाज निर्माण गर्न योगदान गर्ने ।

### उद्देश्य

१. प्रकृति (तालतलैया, खोलानाला, पोखरी, झरना, वन, भौगोलिक विशिष्टता), संस्कृति (चाडबाड, भेषभुषा, नाचगान, खानपिन, घरको मौलिकता, सामाजिक सम्बन्ध, बाजागाजा) र युद्धको महतवपूर्ण स्थलहरुको माध्यमबाट युद्ध पर्यटन प्रवर्द्धन गर्ने । अर्थात् प्रकृति, संस्कृति र युद्ध पर्यटनलाई जोड दिने ।
२. युद्धसम्पदा अर्थात् बंकर, एम्बुस, माइन पड्काइएका ठाउँ, युद्धका बैठक, सम्मेलन, भेला, प्रशिक्षण, लडाइ भएका ठाउँ, युद्धमा विशेष महतवका क्षेत्रहरु, महतवपूर्ण निर्णय गरिएका स्थलहरु, सहादत प्राप्त स्थलहरु, युद्धकालमा बनेका भौतिक पूर्वाधार, पुल, बाटो, नेताहरुले लिएका सेल्टर स्थलहरु, सेन मोडल, नमूना विद्यालय, जनकम्युन, आइकोण, ल्याण्डमार्क, साना घरेलु उद्योगलाई युद्ध सम्पदाका रुपमा संरक्षण गर्ने र पर्यटकीय दृष्टिकोणले प्रवर्द्धन गर्ने ।
३. पर्यटन व्यवसायलाई युवाहरुसँग जोडी स्थानीय युवा व्यवसायी उत्पादन गर्न मद्दत गर्ने ।
४. पर्यटनमा सीमान्तकृत समुदाय, भूमिहीन, दलित, महिलालाई प्रत्यक्ष संलग्न गर्ने ।
५. प्राकृतिक स्रोत र भौगोलिक सुन्दरतालाई नष्ट नहुने गरी प्रवर्द्धन गर्ने ।

**यस गाउँपालिकाको पर्यटनसम्बन्धी मूल्य मान्यताहरु निम्नअनुसार रहेका छन् ।**

www.bhumemun.gov.np

१. स्थानीय अर्थतन्त्रलाई बढावा दिने गरी पर्यटनलाई प्रर्वद्धन गर्ने ।
२. गरिबी निवारण र खाद्य सुरक्षामा पर्यटन व्यवसायलाई जोड दिने ।
३. सम्भव भएसम्म पहिचान भएका गरिब घरधुरीहरुलाई पर्यटन व्यवसायसँग जोड्ने ।अर्थात् गरिबमुखी पर्यटनलाई प्राथमिकता दिने ।
४. मध्यपहाडी लोकमार्ग सञ्चालन भइसकेको हुनाले पोखरामा आउने पर्यटकहरुलाई आकर्षित गर्न पोखरालाई रणनैतिक थलोका रुपमा विकास गर्ने ।
५. लुम्बिनीमा आउने पर्यटकहरुलाई भूमे भित्र्याउनका लागि लुम्बिनीलाई पनि पर्यटकीय रणनैतिक थलोका रुपमा लिने ।
६. कृषि, फलफुलमा आधारित पर्यटनलाई प्रवर्द्धन गर्ने ।
७. वन र जडिबुटीमा आधारित पर्यटनलाई प्रवर्द्धन गर्ने ।
८. युद्ध पर्यटनलाई प्रवर्द्धन गर्ने ।
९. मौलिक संस्कृति, मौलिक घर, मौलिक खाना, मौलिक भेषभुषामा आधारित पर्यटनलाई प्रवर्द्धन गर्ने ।

**यस गुरुयोजनाले पर्यटक प्रवर्द्धनका लागि निम्नलिखित दृष्टिकोणहरु अगाडि सारेको छ ।**

१. पर्यटन व्यवसायमा स्थानीय निजी क्षेत्रलाई प्राथमिकता दिने । बाहिरिया निजी क्षेत्रलाई सकेसम्म नभित्र्याउने ।
२. घरबास कार्यक्रमको प्रवर्द्धन गर्ने । घरबास कार्यक्रम सम्भव हुने ठाउँमा निजी होटेल नखोल्ने । घरबास सम्भव नहुने ठाउँमा स्थानीय निजी क्षेत्रलाई प्रवर्द्धन गर्ने ।
३. स्थानीय मौलिकता अर्थात् प्रकृति र संस्कृतिमा आधारित पर्यटनमा जोड दिने । ताल, झरना, नदी, भूगोलको संरक्षण गर्ने । मानवीय हस्तक्षेपले यस्ता प्रकृतिका स्वरुप नविगार्ने । संरक्षण, व्यवस्थापन र उपयोगको सिद्धान्तमा आधारित भएर गतिविधिहरु संचालन गर्ने ।
४. स्थानीय अर्गानिक खाना, भेषभुषा, चाडवाडलाई केन्द्रमा राखेर पर्यटनको अभिवृद्धि गर्ने ।
५. युद्ध पर्यटनलाई प्रमुख प्राथमिकता दिने ।
६. आदिवासी जनजाति समुदायद्वारा संरक्षित क्षेत्रलाई पर्यटकीय गन्तव्य बनाउने ।
७. धार्मिकस्थलहरुलाई पनि पर्यटनसँग जोड्ने ।
८. आदिवासी जनजातिका मौलिक घरहरुलाई संरक्षण गर्ने र गाउँपालिकाले यस्ता घर निर्माणको लागि प्रोत्साहन गर्ने ।
९. गुरिल्ला ट्रेललाई महतवका साथ प्राथमिकताको सूचीमा राख्ने ।
१०. स्थानीय मगर खाम भाषालाई विशेष प्रवर्द्धन गर्ने ।
११. जनजाति साँस्कृतिक संग्रहालय निर्माण गर्ने ।
१२. पर्यटकीय रुटमा युद्ध संग्रहालयको निर्माण गर्ने ।
१३. युद्धस्थलहरुलाई जस्ताको तस्तै संरक्षण गर्ने ।

www.bhumenmun.gov.np

१४. सबै घरमा एउटा कोठा पर्यटनमैत्री मापदण्डमा पर्नेगरी पाहुनाको लागि राख्न गाउँपालिकाले सहजीकरण गर्ने ।

**पर्यटक भित्र्याउनका लागि यस गाउँपालिकाले गर्नुपर्ने आन्तरिक तयारीहरु तल उल्लेख गरिएको छ ।**

१. प्रचारप्रसार गर्नुपर्ने । स्थानीयस्तर र केन्द्रीयस्तरमा रहेका पत्रिका, टेलिभिजन, अनलाइन, रेडियो, सामाजिक सञ्जालहरुमा व्यापक साझेदारीताका आधारमा प्रचारप्रसार गर्नुपर्ने ।
२. पर्यटन विकासको लागि बेग्लै गुरुयोजना बनाउनुपर्ने ।
३. पर्यटनसँग आदिवासी जनजाति समुदाय संरक्षण क्षेत्रको बेग्लै गुरुयोजना बनाउनुपर्ने ।
४. पर्यटकहरुका लागि हस्तकलामा आधारित सामग्रीको विकासका लागि गाउँपालिकाले पहल गर्ने ।
५. पर्यटनभ्यू प्वाइन्टहरुको प्रचारप्रसार गर्ने ।
६. प्रत्येक वडामा एउटा अर्गानिक होटेल खोल्ने जसलाई गाउँपालिकाले ७५ हजारसम्म अनुदान दिने ।
७. जडिबुटीमा आधारित पर्यटनको पनि प्रवर्द्धन गर्ने ।
८. पर्यटकहरुको स्वागत सत्कारलाई ध्यानमा राखी युवा र सिंगो समुदायलाई पर्यटनमैत्री बनाउन क्षमता अभिवृद्धि गर्ने ।
९. ठाउँ ठाउँमा होर्डिंग बोर्डको व्यवस्था गर्ने ।
१०. भाषा संस्कृतिलाई संरक्षण गर्ने र पर्यटकलाई देखाउने ।
११. ताल, झरना, नदीको संरक्षण गर्ने र यस्ता प्राकृतिक स्रोतको जीवन जोगााई पर्यटकलाई आकर्षित गर्ने ।
१२. यातायातको पहुँच बृद्धि गर्ने तर प्राकृतिक स्रोतको नजिकै सडक नलैजाने । जसले गर्दा प्राकृतिक स्रोतको दोहोन नहोस् पर्यटक हिडोस् र स्थानीय अर्थतन्त्रमा योगदान गरोस् ।
१३. कृषि फर्म, भेडा फर्म, ठूलो मात्रामा फलफूल क्षेत्रको निर्माण गरी पर्यटकलाई आकर्षित गर्ने ।
१४. सकेसम्म सस्तोमा पर्यटकलाई खाना बस्नको व्यवस्था गर्ने र पर्यटकको वसाई लम्ब्याउन मनोरञ्जनात्मक क्रियाकलापमा जोड दिने ।
१५. हाइप्रोफाइल व्यक्तिहरुलाई पर्यटकीय क्षेत्र घुमाएर सञ्चारमाध्याममा हस्तक्षप गर्ने बाटो लिनेछ ।
१६. भूमेनाच, झाक्री नाच, पैसेरु नाच, नचारु नाच, झोरेल्नी नाच, सिंगारु नाच, मयूर नाच, टप्पा नाच, सोरठी नाच जस्ता सांस्कृतिक नाचहरुको अध्ययनअनुसन्धान, प्रचारप्रसार, लिफलेट निर्माण, सीडी निर्माण गर्नुपर्ने । धार्मिक पर्यटनलाई पवर्धन गरिनेछ । धर्मिक रुपमा महतवपूर्ण रहेका चुनबांगको तीनबहिनी, बराह थान, जुल्टिबांग, रचिबांग बराह थान, राधिका बराह मन्दिर घोन्ते सिद्ध मन्दिर, पंचासे, सिद्धथान लगायतका मठमन्दिरहरुको संरक्षण गरिनेछ ।
१७. गाउँहरुमा ग्रामीण नमूना वस्ती विकास गर्ने । (स्मार्ट भिलेज, एकीकृत वस्ती, जनजातिमैत्री पर्यटकीय वस्ती, दलित नमूना वस्ती, फलफूल नमूना बस्ती, कृषि नमूना वस्ती)
१८. मौलिक परम्परागत घरहरु निर्माण गर्नेलाई प्रोत्साहनस्वरुप आंशिक अनुदानको व्यवस्था गरिनेछ ।

www.bhumemun.gov.np

**पर्यटनको सवालमा भूमे गाउँपालिकाले गरिरहेका कामहरु यसप्रकार छन्**

१. भूमेको भूगोल भन्ने डकुमेन्टी निर्माण भइसकेको छ ।
२. गुरिल्ला ट्रेलको डकुमेन्टी निर्माण भइरहेको छ ।
३. भूमे दर्पण रंगीन बुलेटिन प्रकाशन हुँदैछ ।
४. पर्यटन प्रवर्द्धन गर्नका लागि पर्यटन व्यवसायी, मगर पर्यटन मञ्च, पर्वतारोहण संघ टानसँग छलफल चलिरहेको छ ।

**यस गाउँपालिकाले मुख्यतया दुईवटा पर्यटकीय रुटको परिकल्पना गरेको छ । जो निम्नअनुसार छन् ।**

१. गाउँपालिकाले सुलिचौर, जलजला, थवांग, गुनाम, लुकुम, तकसेरा, ढोरपाटन, म्याग्दी, वेनीलाई आदिवासी जनजाति संरक्षित क्षेत्र (ICCA) को रुपमा घोषणा गरेको छ ।
२. चुनबांग, लाबांग, महत, झुम्लाबांग, क्याङसी, काक्री युद्ध पर्यटनको रुपमा विकास गर्ने घोषणा गरेको छ ।

# औद्योगिकरण

यस गाउँपालिकाको गुरुयोजनामा औद्योगिकरणसम्बन्धी केही प्रस्तावहरु प्रस्तुत गरिएका छन् । यस गाउँपालिकाले खासगरी ग्रामीण औद्योगिकरणको माध्यमबाट औद्योगिकरणतर्फ जाने मान्यता अगाडि सारेको छ । औद्योगिकरणको मात्रै नाराले स्थानीयहरुले लाभ लिन नसक्ने नेपाली सन्दर्भमा गरिएको विश्लेषणलाई ख्याल गरी यस्तो मान्यता अगाडि सारिएको हो ।

**औद्योगिकरणका सोंच, लक्ष्य र उद्देश्यहरु निम्नअनुसार रहेका छन् ।**

**सोंच**

स्थानीय स्रोत, स्थानीय ज्ञान, सिप र स्थानीय मानवशक्तिमा आधारित साना तर धेरै उद्योगको स्थापना गर्नु ।

**लक्ष्य**

स्थानीय अर्थतन्त्र र आत्मनिर्भर अर्थतन्त्रलाई बढावा दिन बाहिर बजार भएका उद्योगहरुको स्थापना गर्नु ।

**उद्देश्य**

१. ग्रामीण औद्योगिकरण गर्नु ।
२. युवाहरुलाई उद्यमी बनाउनु ।



www.bhumemun.gov.np

३. स्थानीय स्रोत साधनको सही परिचालन गर्नु ।
४. स्थानीय मानवशक्तिको व्यवस्थित प्रयोग गर्नु ।
५. स्थानीय अर्थतन्त्रलाई मजबुत बनाउनु ।
६. युवाहरुलाई विदेश पलायन हुनबाट रोक्नु ।
७. विदेशिएका युवाहरुलाई फिर्ता गर्नु ।

**औद्योगिकरणका मान्यताहरु यसप्रकार रहेका छन् ।**

१. कृषि, वन, जडिबुटी, पर्यटनमा आधारित उद्यमलाई प्राथमिकता दिने ।
२. उद्यमका लागि चाहिने कच्चा पदार्थ गाउँपालिकामै भएको हुनुपर्ने अर्थात् कच्चा पदार्थ अन्यत्रबाट ल्याउन नपाइने ।
३. आफ्नो गाउँपालिकामा रहेको कच्चा पदार्थ सकेसम्म बाहिर पनि जान नदिने । सकेसम्म प्रशोधन गरेर मात्रै बाहिर पठाउने ।
४. उद्यममा युवाहरुलाई प्राथमिकता दिने ।
५. बाहिरी बजार भएको, कम खर्चमा, स्थानीय रुपमा ज्ञान, सिप र प्रविधि भएको उद्यमलाई उच्च प्राथमिकतामा मान्यता दिने ।
६. प्राकृतिक स्रोतको विनास हुने गरी कुनै पनि उद्योग संचालन गरिने छैन ।
७. उद्योगलाई सुरक्षा प्रदान गरिनेछ । यस्तो सुरक्षाको प्रवन्ध सामाजिक रुपमा नै हुनेछ ।
८. मजदुरमैत्री उद्योगलाई प्राथमिकताको सूचीमा राखिने छ । अर्थात् मजदुरको हकहित नगर्ने उद्योगलाई गाउँपालिकाले अनुदान दिने छैन ।

**यस गाउँपालिकाभित्र सम्भावित उद्योगहरुको सूची गाउँपालिकाले गुरुयोजनामा यसरी प्रस्तुत गरेको छ**

१. अल्लो धागोमा आधारित उद्योग ।
२. भेडाबाखाको उनको राडीपाखी उद्योग ।
३. काठमा आधारित फर्निचर उद्योग ।
४. हस्तकला उद्योग ।
५. बाँसजन्य उद्योग ।
६. मसलाजन्य उद्योग ।
७. चियाजन्य उद्योग ।
८. सिस्नुजन्य उद्योग ।
९. आलुचिप्स उद्योग ।
१०. जडिबुटीमा आधारित उद्योग ।
११. जुस, जाम, जेली उद्योग ।
१२. स्थानीय पौष्टिक आहार उद्योग ।
१३. कृषिऔजार उत्पादन (आरन) ।

१४. बीउविजन प्रशोधन केन्द्र ।
१५. मासु प्रशोधन उद्योग ।
१६. अल्लो प्रशोधन उद्योग ।
१७. सल उद्योग ।
१८. डेरी उद्योग ।
१९. च्याउ प्रशोधन केन्द्र ।
२०. कृषि फर्म ।
२१. पशुपालन फर्म ।
२२. तेलहन उद्योग ।
२३. परम्परागत औषधीजन्य जडिबुटी उद्योग ।
२४. अचार उद्योग ।

भुमे गाउँपालिकाभित्र चार वर्षमा साना ३२ वटा ग्रामीण उद्योगहरु संचालन भएका हुनेछन् । यस्ता उद्योगहरु संचालन गर्दा गाउँपालिका आफ्ना मूल्यमान्यताबाट बाहिर जाने छैन । उद्योगहरुका लागि ७ किसिमको वर्गीकरण तल प्रस्तुत गरिएको छ ।

| **क्र.सं.** | **उद्योग संचालन गर्न चाहिने रकम** | **अनुदान प्रतिशत** |
|---|---|---|
| १ | १ लाखसम्मका उद्योगका लागि | शतप्रतिशत अनुदान |
| २ | ४ लाखसम्मका उद्योगका लागि | ६० प्रतिशत अनुदान |
| ३ | ६ लाखसम्मका उद्योगका लागि | ५० प्रतिशत अनुदान |
| ४. | ८ लाखसम्मका उद्योगका लागि | ३० प्रतिशत अनुदान |
| ५. | १० लाखसम्मका उद्योगका लागि | २० प्रतिशत अनुदान |
| ६. | १५ लाखसम्मका उद्योगका लागि | ५ प्रतिशत अनुदान |

**गाउँपालिकाले संघ र प्रदेशसँगको सहकार्य**

गाउँपालिकालाई अत्यन्तै जरुरी तर आफूले गर्न नसक्ने कामहरु संघ र प्रदेशको सहकार्यमा गर्ने गुरुयोजनाले प्रस्ताव गरेको छ । आफ्नो स्रोतले भ्याएसम्म गाउँपालिका आफैले काम गर्ने छ । आफ्नो स्रोतले नभ्याएका तर अति जरुरी निम्न कामहरुलाई संघ र प्रदेशसँगको सहकार्यमा ५ वर्षभित्र गर्ने कामलाई तल प्रस्तुत गरिएको छ ।

- खाबांगबगर, महत, कोर्जा, चुन्बांग सडक (प्रदेश जोड्ने)
- कृषि उद्योग (ठूला फलफूल, ठूला पशु फार्म, भेडा र बाख्रा फार्म)
- सेरावांगदेखि नाखा रांग्सी जोड्ने सडक



www.bhumemun.gov.np

- विउविजन प्रशोधन उद्योग
- नदी कटान मा.वि.लुकुम
- वालुवा नदी कटान
- गैरीगाउँ खेतबगर नदी कटान
- नावांग, धजाहाल्ने खोला, झुम्लावांग देखि सीमासम्म नहर निर्माण
- क्यांग्सी, झुम्लाबांग, सीमा, मोरावांग, काँडासम्म सडक
- सुरुंग मार्गको अध्ययन
- क्रिकेट खेल मैदान, लुकुम
- भेडा फर्म (१०००० संख्या)
- आइसीसीए
- गुनामदेखि काक्रीसम्म कृषि सडक
- जडिबुटी उद्योग (पालिकाभरी सबै जटिबुटी संकलन गरेर)
- आयुर्वेद औषधालय
- अर्गानिक कृषि अनुसन्धान परिषद् ।
- झुम्लाबांगदेखि चुनबांगसम्म पर्यटकी क्षेत्र (सिडी निर्माण)
- चक्रपथ निर्माण योजना
- संचारको लागि टावर निर्माण
- स्वास्थ्यको भवन निर्माणको लागि
- कवर्ड हल निर्माण योजना
- लघु जलविद्युत योजना
- चुनवांग, रुकुमकोट, लुकुम सडक निर्माण
- २५ शैय्याको अस्पताल निर्माण योजना
- युद्ध पर्यटन र पर्यापर्यटन चुनवांग भेरीडाँडा, लावांग, महत, लुकुम निर्माण योजना
- चुनवांग, सिमचौर, रुकुमकोट मोटरबाटो निर्माण योजना
- चुनबांग, च्यांगचुंग, लाबांग, थबांग सडक निर्माण योजना
- कृत्रिम ताल मनपु खोला, महत ६ र ८ को बीचमा
- विमानस्थल निर्माण योजना
- जलस्रोतको पहिचान गरी ५ मे. वा. सम्मको जलविद्युत आयोजना निर्माण
- गाउँपालिकाको प्रत्येक टोलमा २० वर्षभित्र कालोपत्रे गर्ने

www.bhumemun.gov.np

- थबांगदेखि, सेराखेत, लुकुम, वालुवा, सेराखेत र्‍याफ्टिंगको संभाव्यता अध्ययन
- खाबांग र महत जोड्ने मोटर पुल,
- कृषि सडक दोमैदेखि मैबांगसम्म
- कुचिवांग खोलामा तटबन्द निर्माण योजना
- प्याराग्लाइडिंग, स्केटिंग योजना, लुकुम
- शहीद स्मारक भवन निर्माण योजना (पालिका रहेको ठाउँमा)।
- संभाव्यता अध्ययन गरेर हाइड्रो पावर निर्माण योजना
- मारिंगमा अर्ग्यानिक कृषि अनुसन्धान केन्द्र
- बाहुनकाटिना लिफ्ट खानेपानी योजना, चुन्बांग
- मोराबांग लिफ्ट खानेपानी योजना
- पर्यटकीय क्षेत्रभन्दा बाहिरबाट लुकुमदेखि थबांगसम्म सडक निर्माण योजना
- सेराबांगदेखि रांग्सी जोड्ने मोटरबाटो निर्माण योजना
- लामाक्यांगदेखि बास्दैसम्म सिंचाई योजना
- लाखरखोला सिंचाई योजना, भूमे ९
- नबाांग खोलादेखि झुम्लाबांगको ठूलोगाउँ र सीमाको काजाबांगसम्म सिंचाई योजना
- नौधारीबाट गाबांगसम्म पाइपबाट खानेपानी योजना
- झुम्लाबांगदेखि सीमासम्म पक्की नहर निर्माण योजना
- भेरीखोलादेखि भेरीडाँडासम्म पैदल सिडी निर्माण योजना, भूमे ९
- गैरीगाउँ, डाँडागाउँ, तीनबहिनी पैदल सिडी निर्माण योजना, भूमे ९
- महत गाउँको ढल निकास योजना
- सेराबांग ढल निकास योजना
- लुकुममा धुपी सल्लाको संरक्षण र प्रवर्धन गर्नुपर्ने।
- प्रत्येक वार्डमा आवश्यकता अनुसार सामुदायिक भवनहरुको पहल गर्नुपर्ने

**भुमे गाउँपालिकाले यस गुरुयोजना निर्माणको कार्यान्वयनमा देखिएका अवसरलाई यसरी प्रस्तुत गरेको छ।**

**अवसरहरु**

१. राजनीतिक स्थिरता

२. स्थानीय तहले नै नीति निर्माण गर्न पाउनु

www.bhumemun.gov.np

३. प्राकृतिक स्रोत साधन प्रशस्त मात्रमा भएको र उत्पादन क्षेत्र र जनशक्ति भएको

४. यातायात र भौतिक पूर्वाधारहरु तयार हुँदै गएको

५. स्थानीय स्तरमा केही विषय विशेष जनशक्ति तयार भैरहेको अवस्था

६. चुन्बांग, थबांग, महत जस्ता स्थान र लाबांग, सीमा, लुकुम जस्ता चर्चित ठाउँहरु हामीसँग हुनु

७. अधिकार सम्पन्न स्थानीय सरकार

८. संघ र प्रदेशबाट अनुदान

९. वित्तीय समानीकरण

१०. भाषिक, सांस्कृतिक, सामुदायिक, विशिष्टता र भावनात्मक एकता

११. प्रयोगविहीन प्राकृतिक साधनको पर्याप्तता

१२. स्थानीय प्रादेशिक र संघीय सडक संजाल

१३. राजनीतिक चेतना र जनचेतनाको विस्तार

१४. जनयुद्धका कारण जनतामा अधिकार प्राप्तिको जागरण

१५. युद्ध पर्यटन, सांस्कृतिक पर्यटन र प्राकृतिक पर्यटन

१६. भूमे हेरिटेज, हरियाली भूमे, सांस्कृतिक हेरिटेज

१७. युवा विकास केन्द्रको माध्यमबाट सबै युवाको परिचालन

१८. योजना बनाउँदा सहजताको महसुस

१९. योजना बनाउँदा वर्गीकरणको सहजता

२०. बेरोजगार युवाले रोजगार पाउने

२१. समुदाय अर्ग्यानिक खेतीतर्फ उत्साहित हुने

२२. समान अधिकार

२३. गाउँपालिकाको अधिकार कानून बनाउने

२४. गाउँपालिकाले योजना बनााउने अधिकार

www.bhumemun.gov.np

२५. आफूसँग रहेका सीप र कला, अवसर

२६. बेरोजगार जनशक्ति

२७. अर्ग्यानिक क्षेत्र

२८. पर्याप्त प्राकृतिक स्रोत

२९. दुई राष्ट्रिय सडक संजाल

३०. द्वन्द्वको अध्ययन स्थल, मौलिक भाषा संस्कृति

३१. पर्याप्त जलस्रोत

३२. खानीको स्रोत

३३. स्थानीय तहलाई नीति निर्माणको अधिकार

३४. रुकुम पूर्वका प्रतिनिधिसभा सदस्य र केन्द्रीय नेतृत्व गुरुयोजनामा प्रत्यक्ष संलग्न हुनु

**यसैगरी चुनौती र चुनौती न्यूनीकरण गर्ने उपायबारे गाउँपालिकाले तलको रणनीति उल्लेख गरेको छ ।**

| क्र. सं | चुनौतिहरु | चुनौति न्यूनीकरण गर्ने उपायहरु |
|---|---|---|
| १. | योजनाको भावलाई नयाँ नेतृत्वबाट पूर्वाग्रही हुने खतरा | नेतृत्व हस्तान्तरणको बेला नयाँ नेतृत्वसँग छलफल गर्नुपर्ने |
| २. | आर्थिक अभाव हुन सक्ने | उत्पादन बढाउनुपर्ने र करका दायरा फराकिला बनाउनुपर्ने |
| ३. | विषयगत विशेषज्ञ अभाव हुन सक्ने | क्षमतावान व्यक्तिहरुलाई दक्षता हासिल गर्न गराउन सहयोग गर्ने |
| ४. | स्थायी सडक नहुनु र शहर टाढा हुनु | सडक निर्माण प्रक्रियालाई जोड दिई पुलपुलेसा तुरुन्तै निर्माण गर्ने |
| ५. | न्यून पारिश्रमिकमा गाउँमा वस्न नसक्ने | समृद्ध भूमे निर्माणको लागि सहभागी बनाउन प्रोत्साहन गर्ने |
| ६. | नीतिगत रुपमा कतिपय उत्पादित वस्तुहरु निकासीपैठारीको समस्या | प्रदेश र संघको नीति निर्माणसँग समन्वयकारी नीतिमा सहजता ल्याउने |

www.bhumemun.gov.np

| | | |
|---|---|---|
| ७. | प्रचारप्रसारको कमी | यी पर्यटकीय स्थानहरुको छुट्टै गुरुयोजना बनाई काम थालनी गर्नै |
| ८. | व्यवस्थापन र परिचालनको अभाव | |
| ९. | स्थानीय स्रोतको व्यापक परिचालनको कमी | स्थानीय स्रोत र साधनको व्यापक परिचालन गर्ने |
| १०. | आन्तरिक स्रोत परिचालनको कमी | आन्तरिक स्रोतको वृद्धि गरेर |
| ११. | दक्ष जनशक्तिको कमी | दक्ष जनशक्ति उत्पादन गरेर |
| १२. | आधुनिक प्रविधिको कमी | आधुनिक प्रविधिको उचित परिचाल गरेर |
| १३. | परम्परागत चिन्तन | परम्परागत मूल्य र मान्यतामा पुनःर्विचार गर्ने |
| १४. | न्यून उत्पादन हुने खेती प्रणाली | उत्पादन प्रणालीलाई बदलेर व्यवसायी भूमि बनाउने |
| १५. | कलकारखानाको कमी | व्यापक मात्रमा उद्योगहरुको स्थापना |
| १६. | यातायात संजालको अभाव | परिकल्पना गरिएका सडक संजाल पूरा गरेर |
| १७. | सूचना प्रविधिको कमी | पर्याप्त जलविद्युत उत्पादन गरेर |
| १८. | कर्तव्य बोधको कमी | कर्तव्यबोधबारे आम जनसमुदायसँग छलफल गरेर |
| १९. | युवा विकास केन्द्रको व्यापक परिचालन | आआफ्नो कर्तव्य र दायित्वबोध गरेर |
| २०. | स्थानीय समुदायको योजनामा विश्वास हुन नसक्ने । | योजनाप्रति विश्वास र एकरुपता हुनुपर्ने |
| २१. | योजना लागू गर्दा सहभागीमूलक तरिकाले लागू नगर्ने | योजनामा समान अधिकार हुनुपर्ने |
| २२. | नागरिकमा विश्वास पैदा नहुनु । | योजनामा नागरिकको सक्रियता हुनुपर्ने |

| | | |
|---|---|---|
| २३. | वडास्तरमा गुरुयोजनाबारे पर्याप्त छलफल हुन नसकेमा सीमित व्यक्तिको योजना बन्नु | योजनाको महतव सम्पूर्ण जनतामा महसुस हुनुपर्ने (वडाभेलाहरुमार्फत) |
| २४. | दक्ष जनशक्ति | तालिमहरु दिने |
| २५. | संरक्षण गर्ने र जनतालाई बुझाउने | अनुसन्धान गर्ने, सचेतना जगाउने |
| २६. | फाइदा लिन नसक्ने | प्राकृतिक लाभको अनुसन्धान गर्ने |
| २७. | शहरी विकास उत्पादित वस्तुको बजारीकरण | व्यवस्थित शहरी विकास र बजार व्यवस्थापन |
| २८. | तथ्यांक संकलन गरी संरक्षण र प्रवर्धन | उचित र प्रभावकारी तथ्यांक संकलन गरी संरक्षण गर्ने |
| २९. | अध्ययन गरी उपयोग गर्ने क्षेत्राधिकार बाहिर | अध्ययन गरी जलविद्युतहरु, सिंचाई योजना गरी उत्पादन बढाउने |
| ३०. | खानी क्षेत्राधिकार बाहिर | गाउँपालिकालाई अधिकार दिने (वकालत) |
| ३१. | नीति निर्माणको दक्ष जनशक्ति कम | नीति निर्माणको दक्ष जनशक्ति बढाई विज्ञहरुसँग सुझावहरु संकलन गर्ने । |

गुरुयोजना निर्माणको क्रममा ५ दिने औपचारिक गोष्ठी, क्षेत्रगत अवलोकन, व्यक्तिगत अन्तर्वार्ता, समूह छलफल र तल उल्लेखित सन्दर्भ सामग्रीहरुलाई छलफल र विश्लेषण गर्दै यो गुरुयोजना तयार भएको हो ।

www.bhumimun.gov.np

## गाउँपालिकाको भूउपयोगको विवरण :

| क्र. सं. | स्थान | खेत | | | जम्मा हेक्टर | पाखो | | | जम्मा हेक्टर | जम्मा खेतीयोग्य जमिन हे. | खोलानाला वनजंगल चरण तथा भीर पाखा (हे) | जम्मा हेक्टर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सिंचित हेक्टर | अर्ध सिंचित हे | असिंचित हेक्टर | | सिंचित हेक्टर | अर्ध सिंचित हे | असिंचित हेक्टर | | | | |
| १. | काँडा | | १४ | ३ | १७ | ९ | १७४ | ३६७ | ५५० | ५६७ | १८३८१ | १८९४८ |
| २. | मोरावांग | ९ | १ | | ९ | | २१३ | २९५ | ५०८ | ५१७ | १५६० | २०७८ |
| ३. | चुनवांग | | १२ | १ | १३ | १ | ५२८ | १८६ | ७१५ | ७२८ | ३०७९ | ३८०७ |
| ४. | काँक्री | | | | ० | | ५४३ | ४४० | ९८४ | ९८४ | ५७४५ | ६७२८ |
| ५. | महत | | २ | | २ | ३४ | ८६४ | २१६ | १११४ | १११६ | ३३४७ | ४४६३ |
| ६. | अन्य स्थान | | | | | | | | | | | |
| **जम्मा क्षेत्रफल हेक्टरमा** | | | | | | | | | | | | |

*श्रोत : नापी कार्यालय रुकुम ।*

## *गाउँपालिकाको* प्राकृतिक प्रकोप र भूक्षय संभावित क्षेत्रहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

| क्र. सं. | प्रकोपको प्रकार | प्रकोपको स्तर र क्षेत्र | | | कैफियत |
|---|---|---|---|---|---|
| | | उच्च | मध्यम | न्यून | |
| १. | पहिरो | काँक्री | मोरावांग, चुन्वांग, महत | काँडा | |
| २. | बाढी | | काँक्री, मोरावांग, काँडा | म्हत | |
| ३. | आगलागी | | | महत, काँक्री, मोरावांग, काँडा, चुन्वांग | |
| ४. | हुरिवतास | | | मोरावांग, काँडा, महत, | |
| ५. | चट्याङ | चुनवांग | काँडा | मोरावांग, महत, | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | महामारी | महत, काँक्री, मोरावांग, काँडा | चुन्वांग | | |
| ७. | खडेरी | चुन्वांग | | काँडा | |
| ८. | भुकम्प | | , | चुन्वांग | |

स्रोत : वार्षिक कृषि विकास कार्यक्रम तथा तथ्यांक एक झलक - जिल्ला कृषि विकास कार्यालय रुकुम ।

**गाउँपालिकाको जलभण्डारको विवरण :**

| क्र. सं. | नदी, खोला, ताल पोखरी, झरना | स्थान | हालको अवस्थिति | कैफियत |
|---|---|---|---|---|
| १. | लुकुम गाड | भुमे गा. पा. | | |
| २. | कोर्जाखोला | भुमे गा. पा. | | |
| ३. | चुन्वांगखोला | भुमे | | |
| ४. | घुम्चे झरना | मोराबाङ | | |

**गाउँपालिकाको जनसंख्या सम्बन्धि विस्तृत विवरण निम्नानुसार टेवलमा देखाउन सकिन्छ :**

| क्र. सं. | स्थान | घरधुरी संख्या | जनसंख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा | |
| १. | काँडा | ५४३ | ११६० | १४०१ | २५६१ | |
| २. | मोरावांग | ५१२ | १११७ | १३२५ | २४४२ | |
| ३. | चुनवांग | ६०९ | १३६९ | १७४५ | ३११४ | |
| ४. | काँक्री | १००८ | २१५४ | २५३९ | ४६९३ | |
| ५. | महत | ९३७ | २१०० | २५२१ | ४६२१ | |
| ६. | अन्य स्थान | | | | | |
| जम्मा | | | | | | |

*श्रोत : जनगणना २०११*

www.bhumemun.gov.np

www.bhumemun.gov.np

## जातिगत समूहको विवरण

| क्र. सं. | स्थान | जातिगत समूह | प्रतिशत | धर्म प्रतिशत | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | हिन्दू | बौद्ध | अन्य | |
| १. | चुनवांग | जनजाति | ५०.९४ | ९९.३८ | | ०.६२ | |
| | | दलित | १७.४७ | | | | |
| | | अन्य | २९.५९ | | | | |
| २. | काँडा | जनजाति | ६९.४५ | ५८.८ | | | |
| | | दलित | ३२.५८ | | | | |
| | | अन्य | ५ | | | | |
| ३. | काँक्री | जनजाति | ९० | ९० | | १० प्रतिशत ईसाई | |
| | | दलित | १० | | | | |
| | | अन्य | | | | | |
| ४. | महत | जनजाति | ३७.१४ | ९६.४० | | ३.६० | |
| | | दलित | ४९.४७ | | | | |
| | | अन्य | १३.३९ | | | | |
| ५. | मोरावांग | जनजाति | ५५.२२ | ८५.६० | | १४.६० | |
| | | दलित | ३५.२५ | | | | |
| | | अन्य | १५.८ | | | | |
| ६. | अन्य स्थान | | | | | | |

*स्रोत : सूचना सामाजिक विकास तथा मानव संशाधन शाखा, जिल्ला विकास समितिको कार्यालय रुकुम, २०७०*

## *गाउँपालिकाको पेशाको आधारमा जनसंख्या विवरण :*

| क्र. सं. | स्थान | पेशा | प्रतिशत |
|---|---|---|---|
| १. | काँडा | कृषि | ५० |
| | | जागिर | ५ |
| | | व्यापार/उद्योग | ५ |
| | | ज्यालादारी/मजदूरी | २० |
| | | अन्य | २० |
| २. | मोरावांग | कृषि | ७० |
| | | जागिर | ५ |
| | | व्यापार/उद्योग | ५ |

www.bhumemun.gov.np

| | | | |
|---|---|---|---|
| | | ज्यालादारी/मजदूरी | १० |
| | | अन्य | १० |
| ३. | चुनवांग | कृषि | ५१.८ |
| | | जागिर | ५ |
| | | व्यापार/उद्योग | ७ |
| | | ज्यालादारी/मजदूरी | १० |
| | | अन्य | २६.१ |
| ४. | काँक्री | कृषि | ६० |
| | | जागिर | १० |
| | | व्यापार/उद्योग | १० |
| | | ज्यालादारी/मजदूरी | १५ |
| | | अन्य | ५ |
| ५. | महत | कृषि | ७९.९५ |
| | | जागिर | ४.३० |
| | | व्यापार/उद्योग | १ |
| | | ज्यालादारी/मजदूरी | ११.६ |
| | | अन्य | ० |
| ६. | अन्य स्थान | | |

*स्रोत : सूचना सामाजिक विकास तथा मानव संशाधन शाखा, जिल्ला विकास समितिको कार्यालय रुकुम, २०७०*

## *गाउँपालिकाको विपन्नता स्तरीकरण*

| क्र. सं. | स्थान | विपन्नता स्तरीकरण | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | अति गरीब | गरीब | मध्यम | सम्पन्न | जम्मा | |
| १. | काँडा | १४० | २०६ | १४१ | ० | ५३० | |
| २. | मोरावांग | २०६ | २११ | ८१ | ० | ५१० | |
| ३. | चुनवांग | १७५ | २१५ | २१० | ० | ६०० | |
| ४. | काँक्री | २१९ | ४६५ | १६० | १२ | ८४४ | |
| ५. | महत | १९५ | २७१ | ३७९ | ० | ८४५ | |



www.bhumemun.gov.np

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६. | अन्य स्थान | | | | | | |

*स्रोत : सूचना सामाजिक विकास तथा मानव संशाधन शाखा, जिल्ला विकास समितिको कार्यालय रुकुम, २०७०*

## घरधुरीहरुको खाद्यान्नमा पहुँच विवरण :

| क. सं. | स्थान | खाद्यान्न उपलब्धता | | | | जम्मा घरधुरी संख्या |
|---|---|---|---|---|---|---|
| | | ६ महिनाभन्दा कम | ६ देखि ९ महिना सम्म | ९ देखि १२ महिना सम्म | बेखविखन गर्ने परिवार संख्या | |
| १. | चुनवांग | १०४ | १७१ | २८० | ५५ | ६०९ |
| २. | काँडा | ११९ | १८५ | २०६ | ३३ | ५४३ |
| ३. | काँक्री | १८१ | ३४३ | ४१३ | ७१ | १००८ |
| ४. | महत | १५९ | ३१९ | ३९४ | ६६ | ९३७ |
| ५. | मोरावांग | ८७ | १८४ | २०५ | ३६ | ५१२ |
| ६. | अन्य स्थान | | | | | |
| जम्मा | | | | | | |

*स्रोत : स्थानीय जानिफकारहरुको छलफल, उत्पादन तथा उत्पादकत्वको विवरण र सेवाकेन्द्रहरुको रिपोर्ट ।*

## गाउँपालिकाको पकेट क्षेत्रहरुको विवरण :

| क. सं. | पकेटको नाम | पकेट क्षेत्र अन्तर्गत पर्ने स्थान | हालको अवस्था | विस्तार हुनसक्ने क्षेत्रफल | पकेट क्षेत्रभित्र विकास गर्न सकिने अन्य वालीहरु |
|---|---|---|---|---|---|
| १. | मकै वाली विउ उत्पादन पकेट क्षेत्र | काक्री, …… | | | खाद्यान्न वाली, ताजा तरकारी, सुन्तला जातका फलफूल, हिउँदे फलफूल, तरकारी विउ |
| २. | आलु वाली विकास पकेट क्षेत्र (मुख्य थलो : जांग) | मोरावांग | | | |
| ३. | स्थानीय वाली प्रवर्धहिन पकेट क्षेत्र (मुख्य थलो : तकसेरा) | चुनवांग, महत, काँडा | | | मकै वाली, ताजा तरकारी र हिउँदे फलफूल । |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | मौरी पालन पकेट क्षेत्र ( मुख्य थलो : पोखरा) | | | | खाद्यान्न वाली, हिउँदे फलफूल, सुन्तला जात फलफूल र तेलहन र दलहन वाली । |
| ५. | भेडा पालन पकेट क्षेत्र | | | | |

*स्रोत : वार्षिक कृषि विकास कार्यक्रम तथा तथ्यांक एक झलक : जिल्ला कृषि विकास कार्यालय रुकुम । र, अन्य जिल्लाका प्रतिवेदनहरु*

## सडक यातायात योजनाहरुको समग्र विवरण :

| क्र. सं. | सडकको नाम | प्रकार | दूरी | हालको अवस्था | सडकमा पर्ने गाउँ | घरधुरी | उत्पादन | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | चुन्वांग-रुकुमकोट-सिस्ने-डोल्पा सडक | संभावित प्रादेशिक सडक | १५० कि. मि. | २ कि. मि. ट्र्याक खोलिएको, ठेक्का लागेको, १० कि. मि. डिपीआर भएको, ३० कि. मी बाँकी | चुन्वांग, रुकुमकोट, प्वांग, सिस्ने, शहरतारा ( डोल्पा) | | अन्नवाली, कागतीपकेट, सुन्तला, जडिबुटी, सूर्ती, तेलहन, दलहन | | |
| २. | चुन्वांग-रुकुमकोट-सिस्ने-डोल्पा सडक | संभावित प्रादेशिक सडक | | | | | | | |
| ३. | त्रिवेणी-ओख्मा-गर-काजरजंग-पेल्मा-घुस्तुंग-कापेखोला सडक | | | | | | | | |
| ४. | चुन्वांग-थवांग सडक | | | | | | | | |
| ५. | सितलपाटी-चुन्वांग सडक | | | | | | | | |
| ६. | गर्पा-चुन्वांग सडक | | | | | | | | |
| ७. | चुन्वांग-महत सडक | | | | | | | | |
| ८. | धर्मशाला-लावांग-कोर्जा-कुचिवांग-रुकुमकोट सडक | | | | | | | | |

www.bhumemun.gov.np

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९. | डालिवांग-काँडा-मोरावांग-क्यांग्सी-काक्री सडक | | | | | | | | |
| १०. | थवांग-गुनाम-लुकुम-रिका सडक | | | | | | | | |
| ११. | लुकुम-पाथीहाल्ना-देउराली-ढोरपाटन सडक | | | | | | | | |
| १२. | काँडा-मोरावांगबाट रांग्सी-कोल जोड्ने सडक | | | | | | | | |

१. क्यानोनिङ, सिमछैरी, धुन्टे छहरा, काक्री १, र मान्द्रे भीरको छहरा प्वांग २
२. गुफाहरु : बाघ बस्ने गुफा, काँडा । कल्लाकम्द गुफा, चुनवांग ।
३. कोइचा धार्मिक स्थल : महत
४. लुकुम, काँडा, महत गाउँहरुमा सघन रुपमा बसोवास गर्ने मगर जातिहको भाषा, संस्कृति, भेषभुषा, रीतिरिवाज, एवं वस्तीको विस्तृत अध्ययन गतिविधिहरु संचालन गर्नुपर्ने ।
५. भूमेनाच, झाक्री नाच, पैसेरु नाच, नचारु नाच, झोरेल्नी नाच, सिंगारु नाच, मयूर नाच, टप्पा नाच, सोरठी नाच जस्ता सांस्कृतिक नाचहरुको अध्ययनअनुसन्धान, प्रचारप्रसार, लिफलेट निर्माण, सीडी निर्माण गर्नुपर्ने ।
६. स्थानीय चाडपर्वहरु एवं मेलाको पहिचान, संरक्षण, सम्बर्धन र विकास
७. गाउँहरुमा ग्रामीण नमूना वस्ती विकास

## गाउँपालिकामा रहेका केही उद्योगहरु

| क्र. सं. | दर्ता मिति | उद्योगको नाम र ठेगाना | उद्यमीको नाम र ठेगाना | किसिम | | उद्योगको वर्गीकरण | कामदार संख्या | उद्यमी | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | घरेलु | साना | | | महिला | पुरुष |
| १. | २०६४।१२।३ | श्री सन्तोष निर्माण सेवा मोरावांग | हर्कबहादुर रोका, महत | - | √ | सेवामूलक | १५ | - | १ |
| २. | २०६५।९।२८ | श्री साकार निर्माण सेवा, महत | सन्तोष वि. एम., महत | - | √ | सेवामूलक | १३ | - | १ |



www.bhumemun.gov.np

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३. | २०६५।९।२८ | श्री पम्फा निर्माण सेवा, महत | पुन बहादुर बुढा, महत | - | √ | सेवामूलक | १७ | - | १ |
| ४. | २०६५।११।२० | श्री स जि स निर्माण सेवा, महत | मन प्रकाश बुढा, महत | - | √ | सेवामूलक | ११ | - | १ |
| ५. | २०६५।११।२८ | श्री जय विकास निर्माण सेवा, महत | जय बहादुर विश्वकर्मा, महत | - | √ | सेवामूलक | १५ | - | १ |
| ६. | २०५३।१।३० | श्री प्रगति सिलाई कटाई उद्योग, चुनवांग | विश्वरत्ना, चुनवांग | √ | ❖ | सेवामूलक | १ | १ | |
| ७. | २०५३।६।१६ | श्री सुनु सिलाई कटाई उद्योग, महत | सुनु दमाई, महत | √ | ❖ | सेवामूलक | १ | १ | |
| ८. | २०५५।२।१२ | श्री कृष्ण टेक्सटायल उद्योग, काँढा | कृष्ण नेपाली, रुकुमकोट | √ | ❖ | उत्पादनमूलक | २ | १ | - |
| ९. | २०५९।३।१७ | श्री सिद्धभुमे पुन कपडा उद्योग, काँक्री | सार्की पुन, काँक्री | √ | ❖ | उत्पादनमूलक | २ | - | २ |
| १०. | २०५३।९।२४ | श्री विशाल होजियारी उद्योग, महत | दील कुमारी बुढा, महत | √ | ❖ | उत्पादनमूलक | २ | १ | - |
| ११. | २०५६।३।१५ | श्री लालीगुँरास अल्लो प्रशोधन, काँक्री | रण घर्ती काँक्री | - | साना | कृषि तथा वनजन्य | ४ | - | १ |
| १२. | २०६६।११।१८ | श्री लालिगुँरास भीमल अल्लो तथा जटिबुटी उद्योग, काँक्री | रण घर्ती, काँक्री | √ | - | कृषि तथा वनजन्य | ४ | - | १ |
| १३. | २०६९।१२।९ | श्री डि. जी. कम्प्यूटर इन्स्टिच्यूट, महत | श्री धन बहादुर ओली, डोल्पा | - | √ | सेवामूलक | २ | - | १ |

www.bhumemun.gov.np

## समग्र उद्योग विवरण

| क. सं. | उद्योग व्यवसाय | भुमे गा.पा. | कैफियत |
|---|---|---|---|
| १. | सेवामुलक उद्योग | २४ | |
| २. | उत्पादनमुलक उद्योग | ४ | |
| ३. | कृषि तथा वनजन्य उद्योग | ५ | |
| ४. | पर्यटनमुलक/होटल | ० | |

*(स्रोत : जिल्ला समन्वय समिति, पूर्वी रुकुमको प्रतिवेदन)*

## गाउँपालिकामा रहेका क्याम्पस, उमावि, विद्यालय तथा वाल विकास केन्द्रहरुको संख्या विवरण :

| क. सं. | स्थान | विद्यालय संख्या | | | | | क्याम्पस | वाल विकास केन्द्र |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रा. वि. | नि.मा. वि | मा. वि. | उ. मा. वि | जम्मा | | |
| १. | काँडा | ३ | ० | १ | ० | ४ | | ४ |
| २. | मोरावांग | ३ | १ | ० | १ | ५ | | ५ |
| ३. | चुनवांग | ६ | ० | ० | १ | ७ | | ६ |
| ४. | काँक्री | ६ | १ | ० | १ | ८ | | ६ |
| ५. | महत | ६ | १ | ० | १ | ८ | | ६ |
| ६. | अन्य स्थान | | | | | | | |

*स्रोत : जिल्ला शिक्षा कार्यालय रुकुम, २०७०*

## गाउँपालिकामा रहेका स्वास्थ्य केन्द्रहरुको संख्यात्मक विवरण

| क्र. सं. | स्थान | स्वास्थ्य चौकीको संख्या | कैफियत |
|---|---|---|---|
| १. | काँडा | १ | |
| २. | मोरावांग | १ | |
| ३. | चुनवांग | १ | |
| ४. | काँक्री | १ | |
| ५. | महत | १ | |
| ६. | अन्य स्थान | | |

*स्रोत : सूचना सामाजिक विकास तथा मानव संशाधन शाखा, जिल्ला विकास समितिको कार्यालय रुकुम, २०७०*

## गाउँपालिकाको सूचना तथा संचारको विवरण

| क्र. सं. | स्थान | संचार | कैफियत |
|---|---|---|---|
| १. | काँडा | २ v-sat | |
| २. | मोरावांग | २ v-sat | |
| ३. | चुनवांग | | |
| ४. | काँक्री | २ v-sat | |
| ५. | महत | २ v-sat | |
| ६. | अन्य स्थान | | |

*स्रोत : सूचना सामाजिक विकास तथा मानव संशाधन शाखा, जिल्ला विकास समितिको कार्यालय रुकुम, २०७०*

www.bhumemun.gov.np

**गाउँपालिकाको सिंचाई अवस्था :**

| क्र. सं. | स्थान | सिंचाई अवस्था (हे.) | कैफियत |
|---|---|---|---|
| १. | काँडा | ७.५४ | |
| २. | मोरावांग | ८.७० | |
| ३. | चुनवांग | ०.९९ | |
| ४. | काँक्री | ० | |
| ५. | म्हत | ४१.७० | |
| ६. | अन्य स्थान | | |

*स्रोत : सूचना सामाजिक विकास तथा मानव संशाधन शाखा, जिल्ला विकास समितिको कार्यालय रुकुम, २०७०*

**गाउँपालिकामा रहेका सहकारी संस्थाहरुको विवरण :**

| क्र. सं. | सहकारी संस्थाको नाम | ठेगाना | उद्देश्य | कैफियत |
|---|---|---|---|---|
| १. | सिस्ने कमलदह जनकृषि सहकारी संस्था लि. | महत | कृषि | |
| २. | रुकुमगाड ग्रामीण जनविद्युत सहकारी संस्था लि. | महत | विद्युत | |
| ३. | तीन बहिनी ग्रामीण विद्यूत सहकारी संस्था लि. | चुन्वांग | विद्युत | |
| ४. | जनसेवक उपभोक्ता सहकारी संस्था लि. | चुनवांग, गैरीगाउँ | उपभोक्ता | |
| ५. | नवज्योति महिला कृषि सहकारी संस्था लि. | काँडा | कृषि | |
| ६. | चाल्नेटी महिला कृषि सहकारी संस्था लि. | मोरावांग | कृषि | |

*स्रोत : वार्षिक कृषि विकास कार्यक्रम तथा तथ्यांक एक झलक : जिल्ला कृषि विकास कार्यालय रुकुम*

**गाउँपालिकामा रहेका सुपथ मूल्य सहकारी पसल विवरण**

| क्र. सं. | सहकारी संस्थाको नाम | ठेगाना | पशल संचालन गर्ने स्थान | प्रगति स्थिति |
|---|---|---|---|---|
| १. | त्रिवेणी उपभोक्ता सहकारी संस्था लि. | काक्री | काक्री | सन्तोषजनक |
| २. | सिस्ने कमलदह जनकृषि सहकारी संस्था लि. | महत | रुकुमकोट | प्राप्त नभएको |



www.bhumemun.gov.np

| | | | | |
|---|---|---|---|---|
| ३. | जनसेवक उपभोक्ता सहकारी संस्था लि. | चुनवांग | चुनवांग | सन्तोषजनक |
| ४. | सिस्ने कमलदह जनकृषि सहकारी संस्था लि. | महत | महत | प्राप्त नभएको |
| ५. | नवज्योति महिला कृषि सहकारी संस्था लि. | महत | महत | मध्यम |

*स्रोत : वार्षिक कृषि विकास कार्यक्रम तथा तथ्यांक एक झलक : जिल्ला कृषि विकास कार्यालय रुकुम*

www.bhumemun.gov.np